सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१२ चैत २०८२, बिहीबार (26 March 2026, Thursday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक ३३६ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

ओली, लेखक र खापुङलाई ज्यानमुद्दामा कारबाही गर्न जाँचबुझ आयोगको सिफारिस

कसुर ठहर भए १० वर्षसम्म जेल



केपी ओली



रमेश लेखक



चन्द्रकुवेर खापुङ

गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगको प्रतिवेदनमा तत्कालीन प्रधानमन्त्री केपी ओली, तत्कालीन गृहमन्त्री रमेश लेखक र नेपाल प्रहरीका तत्कालीन आइजिपी चन्द्रकुवेर खापुङलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १८१ (१) र १८२ अनुसार तहकिकात र अभियोजन गर्न भनिएको छ। मुलुकी अपराध संहिता, २०७४ को दफा १८१ मा 'कसैले पनि लापरबाहीपूर्ण काम गरी कसैको ज्यान मार्न नहुने' व्यवस्था छ। कसुर गर्नेलाई तीन वर्षदेखि १० वर्ष कैद सजाय र ३० हजारदेखि एक लाख रुपैयाँसम्म जरिवाना हुने व्यवस्था छ। आन्दोलनका क्रममा ओली, लेखक र खापुङले घण्टौंसम्म गोली चल्दा पनि रोक्ने प्रयास नगरी मौन बसेकोसमेत आयोगको निष्कर्ष छ।

■ ओलीसहितका नेतृत्वलाई आयोगले दोषी ठहऱ्याएका मुख्य आधार

- **घण्टौंसम्म लाइभ फाइरिङ हुँदा पनि रोक्ने प्रयास नगरी मौन बसेको**
- **अन्तिममा आवश्यकताभन्दा बढी बल प्रयोग भएको**
- **१७ जना संसद्परिसरबाहिर मारिएको घटना थाहा भएन भनेर दायित्वबाट पन्छिन नमिल्ने**

टेकराज थामी/नयाँ पत्रिका

जेन-जी आन्दोलनका घटना छानबिन गर्न गठित गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगले तत्कालीन प्रधानमन्त्री केपी ओली, गृहमन्त्री रमेश लेखक र नेपाल प्रहरीका आइजिपी चन्द्रकुवेर खापुङलाई मुलुकी अपराध संहिताअनुसार फौजदारी कसुर (ज्यानमुद्दा)मा कारबाही गर्न सरकारसमक्ष सिफारिस गरेको छ। ९०७ पृष्ठको प्रतिवेदनमा ओली, लेखक र खापुङलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १८१ (१) र १८२ अनुसार तहकिकात र अभियोजन गर्न भनिएको छ।

सैनिक अधिकारीलाई पनि कारबाही सिफारिस

'तत्कालीन प्रधानमन्त्री केपी ओली, तत्कालीन गृहमन्त्री रमेश लेखक र तत्कालीन

» पृष्ठ २ मा क्रमशः

■ दुवाडी, अर्याल, थापा र रिजालविरुद्ध पनि फौजदारी अभियोगमै कारबाही सिफारिस



गोकर्णमणि दुवाडी



राजु अर्याल



हुतराज थापा



छविराज रिजाल

आयोगले तत्कालीन गृहसचिव गोकर्णमणि दुवाडी, सशस्त्र प्रहरीका आइजिपी राजु अर्याल, राष्ट्रिय अनुसन्धान विभागका प्रमुख हुतराज थापा र काठमाडौंका सिडिओ छविलाल रिजालले आन्दोलनका क्रममा उचित सतर्कता नअपनाएको निष्कर्षसहित उनीहरूविरुद्ध मुलुकी फौजदारी संहिताको दफा १८२ अनुसार कारबाही गर्न सिफारिस गरेको छ। उक्त दफामा 'कसैले हेलचेक्याइँपूर्ण काम गरी कसैको ज्यान मार्न नहुने' भनिएको छ। कसुर गरे 'कसुर गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद र ३० हजार रुपैयाँसम्म जरिवाना' हुने भनिएको छ।



बालेन आज दलको नेता, भोलि प्रधानमन्त्री

नयाँ सरकार गठनको अन्तिम तयारीमा जुटेको रास्वपा आज बालेनलाई दलको नेता चयन गर्दै शुक्रबार प्रधानमन्त्रीमा नियुक्त गराउने गृहकार्यमा, मन्त्रालय संख्या अधिकतम १५ बनाएर विज्ञता र कार्यक्षमताका आधारमा मन्त्री चयनको तयारी

कमलराज भट्ट/नयाँ पत्रिका

रास्वपाले वरिष्ठ नेता बालेन शाहलाई बिहीबार संसदीय दलको नेता चयन गर्ने र शुक्रबार प्रधानमन्त्रीको शपथ लिई कार्यभार सम्हाल्ने गरी नयाँ सरकार गठनको अन्तिम तयारी थालेको छ। प्रतिनिधिसभामा १८२ सिटसहित झन्डै दुईतिहाइ प्राप्त रास्वपाको संसदीय दल बैठकले नेता चयन गरेर राष्ट्रपति कार्यालयलाई जानकारी गराएपछि राष्ट्रपतिले प्रधानमन्त्रीमा नियुक्त गर्नेछन्। रास्वपाले शुक्रबार नै अन्य मन्त्रीहरूको पनि शपथ गराउने गरी गृहकार्य गरेको छ।

अन्य सदस्यले जस्तै बालेनले बिहीबार दिउँसो २ बजे सिंहदरबारस्थित निर्माणाधीन संसद् भवनको बहुउद्देश्यीय हलमा संसद्को शपथ लिँदै छन्। त्यसपछि अपराह्न ४ बजे केन्द्रीय समिति बैठकमार्फत रास्वपाले संसदीय दलको नेता चयनका लागि आवश्यक प्रक्रियागत अवरोध हटाउनेछ। विधानमा दल नेता चयनसम्बन्धी केही संशोधन गर्नुपर्नेछ। रास्वपा बालेनलाई भावी प्रधानमन्त्रीका रूपमा अगाडि सारेर निर्वाचन लडेको थियो।

केन्द्रीय समितिबाट विधान संशोधनको काम सकिएपछि संसदीय दलको बैठकबाट प्रधानमन्त्रीका दाबेदार वरिष्ठ नेता बालेनलाई संसदीय दलको नेता चयन गर्ने कार्यतालिका रास्वपाले बनाएको छ। त्यसपछि दलको नेता चयन भएको जानकारी राष्ट्रपति कार्यालय पठाउने तयारी छ। त्यसअनुसार राष्ट्रपतिले संविधानको धारा ७६ (१) अनुसार बहुमत प्राप्त दलका नेतालाई शुक्रबार बिहानसम्म प्रधानमन्त्रीमा

» पृष्ठ २ मा क्रमशः



प्रधानमन्त्रीको शपथ १२:३४ बजे, २:१५ मा सिंहदरबारमा पद बहाली

नयाँ सरकारका प्रधानमन्त्रीको शपथ शुक्रबार १२ बजेर ३४ मिनेटमा हुने भएको छ। रास्वपा महामन्त्री कवीन्द्र बुर्लाकोटीका अनुसार १३ चैत दिउँसो १२:३४ बजे राष्ट्रपति रामचन्द्र पौडेलले रास्वपा वरिष्ठ नेता बालेन्द्र शाहलाई शपथग्रहण गराउनेछन्। शपथग्रहण समारोहमा सातवटा शंखबाट शंखनाद गरिनेछ। १०८ जना बटुकबाट स्वस्तिशान्ति वाचन गरिनेछ। १६ जना बौद्ध भिक्षुबाट अष्टमंगल पाठ गरिने महामन्त्री बुर्लाकोटीले बताए। उनका अनुसार प्रधानमन्त्रीसँगै शीतलनिवासमा मन्त्रीहरूले पनि शपथ लिनेछन्। पहिलोपटकमै मन्त्रिमण्डललाई पूर्णता दिने तयारी छ। मन्त्रालय संख्या अधिकतम १५ बनाउने गृहकार्य छ। शपथपछि बालेनले २ बजेर १५ मिनेटमा सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा पद बहाली गर्ने कार्यतालिका छ।

■ यस्तो छ सांसदहरूको शपथ तयारी

२१ फागुनको निर्वाचनबाट प्रतिनिधिसभामा निर्वाचित सांसदले आज पद तथा गोपनीयताको शपथग्रहण गर्दै छन्। सिंहदरबारस्थित निर्माणाधीन संसद् भवनको बहुउद्देश्यीय हलमा दिउँसो २ बजे शपथ गराइने कार्यसूची छ। बुधबार राष्ट्रपति रामचन्द्र पौडेलबाट शपथ लिएका ज्येष्ठ सदस्य अर्जुननरसिंह केसीले अन्य २७४ सदस्यलाई शपथ गराउनेछन्। ४७ सांसदले आफ्नो मातृभाषामा शपथ लिँदै छन्।

संसद् सचिवालयका अनुसार हलमा २९५ सिटको व्यवस्था गरिएको छ भने दर्शकका लागि बाहिर प्रोजेक्टरमार्फत प्रत्यक्ष प्रसारणको प्रबन्ध मिलाइएको छ। संसद् सचिवालयका प्रवक्ता एकराम गिरीले शपथका लागि सम्पूर्ण प्रबन्ध गरिएको बताए। संसद् भवनमा ठाउँ नभएकाले सांसदहरूलाई साथमा एकजना मात्र ल्याउन अनुरोध गरिएको छ। सोहीअनुसार पास वितरण गरिएको छ।

■ ज्येष्ठ सदस्य केसीले सम्हाले कार्यभार

प्रतिनिधिसभाका ज्येष्ठ सदस्य अर्जुननरसिंह केसीले सभाध्यक्षको हैसियतमा कार्यभार सम्हालेका छन्। कार्यभार सम्हाल्नुअघि केसीले राष्ट्रपति रामचन्द्र पौडेलबाट शपथ लिएका थिए। सभामुख निर्वाचित नभएसम्म नवनिर्वाचित सांसदहरूलाई शपथदेखि बैठक सञ्चालनसम्म ज्येष्ठ सदस्यले गर्ने संवैधानिक व्यवस्था छ।

केसीले सभामुख निर्वाचित नभएसम्म प्रतिनिधिसभा बैठक चलाउनेछन्। संसद् अधिवेशन आह्वान भएको १५ दिनभित्र सभामुखको निर्वाचन गर्नुपर्ने संवैधानिक व्यवस्था छ। सरकारले १६ चैतमा अधिवेशन बोलाउने तयारी गरेको छ। यसो हुँदा केसीले चैत मसान्तसम्म ज्येष्ठ सदस्यको नाताले प्रतिनिधिसभाको अध्यक्षको रूपमा काम गर्नेछन्।

पद बहालीपछि केसीले निष्पक्षता, पारदर्शिता र जिम्मेवारीपूर्ण कार्यसम्पादनमा आफू प्रतिबद्ध रहेको बताए। उनले संविधान, संसद्को नियमावली र स्थापित संसदीय अभ्यासका आधारमा निर्णय लिने प्रतिबद्धता व्यक्त गर्दै प्रत्येक सांसदको विशेषाधिकारको रक्षा गर्ने बताए।

१० दिनमै पेट्रोलियममा दोस्रो मूल्यवृद्धि

१ चैतमा पेट्रोलमा १५ रुपैयाँ र डिजेल तथा मट्टीतेलमा १०-१० रुपैयाँ वृद्धि गरेको निगमले बुधबार रातिबाट लागू हुने गरी पेट्रोल, डिजेल र मट्टीतेलमा प्रतिलिटर १५-१५ रुपैयाँ बढाएको छ

अजित अधिकारी/नयाँ पत्रिका

नेपाल आयल निगम लिमिटेडले १० दिनभित्रै पेट्रोलियम पदार्थमा दोस्रोपटक मूल्यवृद्धि गरेको छ। भारतबाट नयाँ खरिददर प्राप्त नभएकै अवस्थामा पनि निगमले पेट्रोल, डिजेल र मट्टीतेलको मूल्य प्रतिलिटर १५-१५ रुपैयाँले बढाएको हो।

बुधबार रातिदेखि लागू हुने गरी गरिएको मूल्य समायोजनपछि काठमाडौं उपत्यकामा पेट्रोल प्रतिलिटर १८७ रुपैयाँ पुगेको छ भने डिजेल र मट्टीतेलको मूल्य समान १६७ रुपैयाँ कायम भएको छ। यसअघि १ चैतमा पनि निगमले पेट्रोलमा १५ तथा डिजेल र मट्टीतेलमा १०-१० रुपैयाँ वृद्धि गरेको थियो।

अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य बढ्दै गएको कारण देखाउँदै निगमले

» पृष्ठ २ मा क्रमशः

NIMB
नेपाल उन्मोष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

Admission Open

CHELSEA WORLD SCHOOL
(Pre-School to Grade XII)

NURSERY TO CLASS 8



- Quality Education
- Smart Classrooms
- Swimming Pool
- Specialised Labs and Library
- Specialised Sporting Activities
- Healthy Food and Boarding Facility
- Personal Care & Home like Environment

APPLY ONLINE

ENTRANCE: 14 CHAITRA, 2082

Gokarneshwor-8, Attarkhel, Jorpati | 01 4918034/ 4917769 9808111111

■ बलात्कारपछि इनिसाको मृत्यु

अनुसन्धान प्रतिवेदन सरकारी वकिलको कार्यालयमा

■ मुख्य अभियुक्तविरुद्ध जबर्जस्ती करणी र कर्तव्य ज्यानसम्बन्धी मुद्दामा जन्मकैद मागदाबीको राय, अन्य तीनविरुद्ध कर्तव्य ज्यानसम्बन्धी मुद्दा चलाउन सिफारिस



नयाँ पत्रिका

सुर्खेतको वीरेन्द्रनगरमा १६ वर्षीया किशोरी इनिसा विकको बलात्कार र हत्या घटनामा प्रहरीले अनुसन्धान प्रतिवेदन सरकारी वकिलको कार्यालयमा बुझाएको छ।

१८ दिन अनुसन्धान गरेर चारजना आरोपीविरुद्ध मुद्दा चलाउन रायसहितको प्रतिवेदन बुधबार सरकारी वकिलको कार्यालय सुर्खेतमा बुझाइएको सुर्खेत प्रहरी प्रमुख एसपी सुधीरराज शाहीले बताए। 'पक्राउ परेका चारैजनाविरुद्ध मुद्दा चलाउन राय दिएका छौं। तीमध्ये घटनास्थलबाटै पक्राउ परेका एकजना मुख्य प्रतिवादी हुन्। अन्य तीनजना भने अपराधमा सहयोगी देखिएका छन्,' शाहीले भने, 'कुन कसुरमा के-के मागदाबीसहित मुद्दा चलाउने भनेर सरकारी वकिलको कार्यालयले निर्णय गर्छ।'

प्रहरी स्रोतका अनुसार मुख्य अभियुक्त १६ वर्षीय किशोरले बलात्कार गरेको र कर्तव्यमा अन्य तीनजनाको पनि भूमिका देखिएको छ। यसअघि पोस्टमार्टम रिपोर्टले पनि बलात्कारपछि अत्यधिक रक्तस्रावका कारण इनिसाको मृत्यु हुन पुगेको देखाएको थियो।

किशोरी इनिसाका विद्यालय सहपाठीसमेत रहेका १६ वर्षीय किशोरलाई मुख्य अभियुक्त करार गर्दै जबर्जस्ती करणी र कर्तव्य ज्यान

» पृष्ठ २ मा क्रमशः



सिंहदरबारभित्र निर्माणाधीन संसद् भवनको बहुउद्देश्यीय हलमा सांसदहरूको शपथका लागि तयारी गरिँदै । तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

बालेन...

पृष्ठ १ बाट क्रमशः

नेतालाई शुक्रबार बिहानसम्म प्रधानमन्त्रीमा नियुक्त गर्नेछन् ।

महामन्त्री कवीन्द्र बुर्लाकोटीले आजै दलको नेता र मन्त्रीहरूको टुंगो लाग्ने बताए । मन्त्री चयन भने विज्ञता र कार्यक्षमताका आधारमा गरिने रास्वपाले जनाएको छ । 'केन्द्रीय समिति बसेर संसदीय दलको नेता चयनका लागि बाधा अड्काउ फुकाउँदै अख्तियारी प्रदान गर्छ । लगत्तै, संसदीय दलको बैठक बसेर दलको नेता चयन गर्छ । साथसाथै, मन्त्रीहरू पनि टुंगिन्छन्,' उनले भने । वरिष्ठ नेता शाहनिकट सांसद सस्मित पोखरेलले पनि केन्द्रीय समिति बैठकबाटै सरकारको सम्पूर्ण टिम अन्तिम हुने बताए । उनका अनुसार मन्त्रालयहरूको पुनर्संरचना, मर्जर र संख्या घटाउने विषयमा छलफल जारी छ । 'कुन मन्त्रालय आवश्यक छ, कसरी प्रभावकारी बनाउने र कुन व्यक्ति कहाँ उपयुक्त हुन्छ भन्ने आधारमा निर्णय गरिनेछ,' उनले भने, 'सभापति र वरिष्ठ नेताबिच निरन्तर छलफल भइरहेकै छ । अहिलेसम्म कसैको पनि टुंगो लागेको छैन । केन्द्रीय समिति बैठकले टुंग्याउँछ ।'

अनुसन्धान प्रतिवेदन...

पृष्ठ १ बाट क्रमशः

कसुरमा मुद्दा चलाउन राय दिइएको छ । उनीमाथि जन्मकैदको मागदाबीको राय सरकारी वकिलको कार्यालयलाई दिएको छ । 'बलात्कारमा अन्य तीनजनाको संलग्नता देखिएन । त्यही भएर सामूहिक बलात्कार होइन भन्ने निष्कर्ष छ,' प्रहरी स्रोतले भन्यो, 'अन्य तीनजना कर्तव्यमा भने संलग्न देखिएका छन् ।' अन्य तीन किशोर घटनास्थलमा उपस्थित भएर पनि पीडितलाई बचाउने प्रयास नगरेको आरोपमा कर्तव्य ज्यानसम्बन्धी मुद्दा चलाउन राय दिइएको प्रहरी स्रोत बताउँछ ।

ट्युसन पढ्न भनेर निस्किएकी इनिसा २३ फागुनमा वीरेन्द्रनगर नगरपालिका-१ स्थित जनजागरण सामुदायिक वनको पार्कमा मृत फेला परेकी थिइन् । प्रहरीले अनुसन्धान प्रतिवेदन सरकारी वकिलको कार्यालयमा बुझाए पनि इनिसाको डिएनए रिपोर्ट, मोबाइल ट्यापसम्बन्धी फरेन्सिक रिपोर्ट प्राप्त भएको छैन । केही अनुसन्धान नेपालमा गर्न सम्भव नभएकाले नमुना विदेशमा पठाइएको र रिपोर्ट आउन बाँकी रहेको शाहीले बताए ।

सरकारी वकिलको कार्यालय सुर्खेतका जिल्ला न्यायाधिवक्ता कर्णबहादुर महतले प्रहरीको अनुसन्धान प्रतिवेदन बुधबार दर्ता भएको र विश्लेषण गरेर अभियोजन प्रक्रिया अगाडि बढ्ने बताए । 'प्रहरी अनुसन्धान प्रतिवेदन प्राप्त भएको छ, हामी अध्ययन गर्छौं । त्यसपछि कुनकुन कसुर र मागदाबी लिएर अभियोजन गर्ने भनेर निर्णय हुन्छ,' उनले भने । बिहीबार कर्णालीमा प्रादेशिक बिदा छ भने शुक्रबार राष्ट्रिय बिदा छ । 'अब आइतबार मात्र प्रतिवेदन विश्लेषण हुन्छ, त्यसपछि जिल्ला अदालतमा अभियोजन दर्ता गर्छौं,' महतले बताए । प्रहरीले अनुसन्धान प्रतिवेदन सरकारी वकिलको कार्यालयमा बुझाए पनि इनिसाको शव अझै प्रादेशिक अस्पताल सुर्खेतको शवगृहमा छ । घटनामा संलग्नमाथि कारबाहीको माग गर्दै परिवारले शव बुझ्न मानेका छैनन् । गुर्भाकोट नगरपालिका-६, बडाखोली स्थायी घर भएकी इनिसा वीरेन्द्रनगर नगरपालिका-१ मा परिवारका साथ बस्दै आएकी थिइन् ।

बागमती प्रदेश सरकार

खानेपानी उर्जा तथा सिचाइ मन्त्रालय

खानेपानी तथा सरसफाई डिभिजन नं.३ सिन्धुपाल्चोक

विभिन्न खरीद कार्यको दरभाउपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०८२/१२/१२

यस कार्यालय अन्तर्गत सञ्चालित विभिन्न खानेपानी आयोजनाहरूमा चालु आ.व. ०८२/८३ को स्वीकृत कार्यक्रम अनुसार विभिन्न खरीद कार्य दरभाउपत्रको माध्यमबाट गर्नु पर्ने भएकोले इजाजत प्राप्त दरभाउपत्र दाताहरूबाट निम्न शर्तको अधिनमा रही प्रत्येक प्याकेजको लागि छुट्टा छुट्टै दरभाउपत्र आव्हान गरिएको छ ।

१. यो सूचना प्रकाशित मितिले दरभाउपत्रको हकमा १५ औं दिनसम्म कार्यालय समय भित्र चालु आ.व.को लागि नवीकरण भएको ईजाजत प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र संलग्न राखी दरभाउपत्र खरिदको निवेदन साथ तपसिलमा उल्लेखित राजस्व दस्तुर बुझाई (फिर्ता नहुने गरी) दरभाउपत्र सम्बन्धी कागजात कार्यालय समयभित्र यस कार्यालय, सिन्धुपाल्चोकबाट खरिद गर्न सकिनेछ ।
२. दरभाउपत्र सूचना प्रकाशित मितिले १६ औं दिन दिनको १२:०० बजेभित्र यस कार्यालयमा मात्र दर्ता गराउन सकिनेछ ।
३. दर्ता भएका दरभाउपत्र सूचना प्रथमपटक प्रकाशित मितिले १६ औं दिन दिनको १.०० बजे दरभाउपत्र दाता वा निजका प्रतिनिधिहरू र कार्यालयका प्रतिनिधिहरूको रोहवरमा यस कार्यालयमा खोलिने छ । दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
४. दरभाउपत्र खरिद गर्ने अन्तिम दिन एवं खोल्ने दिन सार्वजनिक विदा परेमा उक्तकार्यहरू विदाको लगतै पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।
५. दरभाउपत्र जमानत वापतको रकम तल उल्लेखित तालिकामा उल्लेख भए बमोजिम प्रदेश लेखा इकाई कार्यालयको एकल कोष धरौटी खाता नेपाल बैंक लिमिटेड, शाखा कार्यालय चौतारामा रहेको कार्यालयको कोड नं ३१३०२२७०१३ धरौटी खाता नं. ०५७०२०००००२००३०००००१ मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा मान्यता प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको दरभाउपत्र पेश गर्ने अन्तिम दिनले कम्तीमा ९० दिन म्यादभएको बैंक जमानत पेश गर्नुपर्नेछ ।
६. दरभाउपत्रमा दर रेट भर्दा मूल्य अभिवृद्धि कर वाहेकको दर अंक र अक्षर दुवैमा स्पष्टरुपमा उल्लेख गर्नुपर्नेछ । अक्षर र अङ्कबीच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।
७. म्याद नाघी आएको, रित नपुगेको र शर्त राखिएको दरभाउपत्र उपर कुनै कार्यवाही गरिने छैन । एच.डि.पि.पाईपको हकमा इजाजत प्राप्त निर्माता वा निर्माता कम्पनीबाट एकलौटी अधिकार प्राप्त फर्महरूबाट मात्र दरभाउपत्र खरिद गर्ने र दाखिला गर्न पाउने छ ।
८. एक फर्मको नाममा खरिद गरिएको दरभाउपत्र अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाईने छैन ।
९. दरभाउपत्र स्वीकृत गर्ने, रद्द गर्ने र आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।
१०. सूचनामा नपरेका कुराहरू सार्वजनिक खरिद ऐन, ०६३ (संशोधन सहित) र सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) बमोजिम हुनेछ । अन्य कुनै किसिमको जानकारी चाहिएमा कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क राख्न अनुरोध छ ।

तपसिल

ठेक्का नं.	कामको विवरण	लगतअनुमान रकम रु. (भ्याट बाहेक)	दरभाउपत्र दस्तुर रु.	दरभाउपत्र जमानत रकम रु.	कैफियत
१०/०८२/८३	काभ्रेपलाञ्चोक जिल्लाका विभिन्न खानेपानी आयोजनाको लागि जि.आई. पाईप सप्लाई सम्वन्धि कार्य ।	१७,४७,२००।००	१०००।-	५०,०००।-	दरभाउपत्र
११/०८२/८३	सिन्धुपाल्चोक जिल्लाका विभिन्न खानेपानी आयोजनाको लागि जि.आई. पाईप सप्लाई सम्वन्धि कार्य ।	१७,३०,२४५।००	१०००।-	५०,०००।-	दरभाउपत्र
१२/०८२/८३	सिन्धुपाल्चोक जिल्लाका विभिन्न खानेपानी आयोजनाको लागि एच.डि.पि.ई पाइप सप्लाई गर्ने कार्य	१७,५५,०००।००	१०००।-	५०,०००।-	दरभाउपत्र
१३/०८२/८३	सिन्धुपाल्चोक जिल्लाका विभिन्न खानेपानी आयोजनाको लागि एच.डि.पि.ई पाइप सप्लाई गर्ने कार्य	१७,३५,४००।००	१०००।-	५०,०००।-	दरभाउपत्र
१४/०८२/८३	काभ्रेपलाञ्चोक जिल्लाका विभिन्न खानेपानी आयोजनाको लागि एच.डि.पि.ई पाइप सप्लाई गर्ने कार्य	१७,२२,२५५।००	१०००।-	५०,०००।-	दरभाउपत्र
१५/०८२/८३	काभ्रेपलाञ्चोक जिल्लाका विभिन्न खानेपानी आयोजनाको लागि एच.डि.पि.ई पाइप सप्लाई गर्ने कार्य	१७,५०,५५०।००	१०००।-	५०,०००।-	दरभाउपत्र

डिभिजन प्रमुख

कसुर ठहर...

पृष्ठ १ बाट क्रमशः

प्रहरी महानिरीक्षक चन्द्रकुवेर खापुङलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १८१ को उपदफा (१) र दफा १८२ अनुसार कसुर हेरेर अनुसन्धान तहकिकात र अभियोजन गर्न-गराउन नेपाल सरकारलाई सिफारिस गरी पठाउने निर्णय गरियो,' प्रतिवेदनमा उल्लेख छ ।

मुलुकी अपराध संहिता, २०७४ को दफा १८१ मा 'कसैले पनि लापरबाहीपूर्ण काम गरी कसैको ज्यान मार्न नहुने' व्यवस्था छ । कसुर गर्नेलाई तीन वर्षदेखि १० वर्ष कैद सजाय र तीन हजारदेखि एक लाख रुपैयाँसम्म जरिवाना हुने व्यवस्था छ । उक्त दफामा भनिएको छ, 'कसुर गर्ने व्यक्तिलाई दफा १७७, १७८ र १७९ को अवस्थामा बाहेक तीनदेखि १० वर्षसम्म कैद र ३० हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिवाना हुनेछ ।'

सरकारले आयोगको प्रतिवेदन सार्वजनिक गरेको थिएन । बुधबार जनआस्था साप्ताहिकले सार्वजनिक गरेको थियो । त्यसपछि प्रधानमन्त्री सुशीला कार्कीले पनि प्रतिवेदन संसद् सचिवालयको पुस्तकालयमा अभिलेख राखी सार्वजनिक गर्ने निर्णय गरेको उनको सचिवालयले जनाएको छ ।

आन्दोलनका क्रममा ओली, लेखक र खापुडले घण्टौंसम्म गोली चल्दा पनि रोक्ने प्रयास नगरी मौन बसेको आयोगको निष्कर्ष छ । अन्तिम बल प्रयोग गर्नुपर्दा अनुपातिक र आवश्यकताको सिद्धान्तलाई राम्ररी पालना नगरेको पनि संकलित प्रमाणबाट देखिएको प्रतिवेदनमा उल्लेख छ । 'घण्टौंसम्म लाइभ फाइरिङ हुँदा रोक्ने प्रयास नगरी मौन बसेको हुँदा अन्तिम बल प्रयोग गर्नुपर्दा अनुपातिक र आवश्यकताको सिद्धान्तलाई राम्ररी पालना नगरेको आयोगबाट संकलित प्रमाणबाट देखिन्छ । १७ जना संसद्परिसरबाहिर मारिएकामा आफूलाई घटनाहरूका सम्बन्धमा थाहा नभएको भनी दायित्वबाट पन्छिन खोज्नु सिद्धान्ततः मिल्ने देखिएन । संविधानले ग्यारेन्टी गरेको सर्वसाधारण जनताको जिउज्यानको सुरक्षा, शान्तिपूर्ण निःशस्त्र भेला-प्रदर्शनहरू गर्न पाउने अधिकारको मर्यादा, मान्यता र राज्यबाट संरक्षण हुने विश्वासमा निस्किएका शान्तिपूर्ण जुलुसहरूमा समेत आवश्यकभन्दा बढी बलको प्रयोग भएको देखिन आएको छ,' प्रतिवेदनमा छ ।

त्यस्तै, आयोगले तत्कालीन गृहसचिव गोकर्णमणि दुवाडी, सशस्त्र प्रहरीका आइजिपी राजु अर्याल, राष्ट्रिय अनुसन्धान विभागका प्रमुख हुतराज थापा र काठमाडौंका सिडिओ छविलाल रिजाललेआन्दोलनका क्रममा उचित सतर्कता नअपनाएको निष्कर्षसहित उनीहरूविरुद्ध मुलुकी फौजदारी संहिताको दफा १८२ अनुसार कारबाही गर्न सिफारिस गरेको छ । उक्त दफामा 'कसैले हेलचेक्राइँपूर्ण काम गरी कसैको ज्यान मार्न नहुने' भनिएको छ । कसुर गरे 'कसुर गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद र ३० हजार रुपैयाँसम्म जरिवाना' हुने भनिएको छ ।

प्रतिवेदनमा उल्लेख छ, 'संसद्परिसर क्षेत्रमा घटेका घटना सम्बन्धमा राजनीतिक पदाधिकारीहरू, सुरक्षासँग सम्बन्धित प्रशासनिक पदाधिकारीहरू र नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र राष्ट्रिय अनुसन्धान विभागलगायतका प्रमुख, मातहतका अधिकृत र प्रहरी जवानहरूसमेतको सो घटनामा कामकारबाही र अपनाउनुपर्ने उचित सतर्कतालगायतका त्रुटि, बेवास्ता, कमी-कमजोरीहरू, व्यक्ति-व्यक्तिको क्रियाकलाप र भूमिकाको सम्बन्धमा माथि नै विवेचना गरिसकिएको छ ।'

नेपाल प्रहरीका बहालवाला आइजिपी दानबहादुर कार्कीलाई पनि आयोगले कारबाहीका लागि सिफारिस गरेको छ । तत्कालीन आइजिपी खापुङसँगै बसेर आदेश दिएका कारण उनलाई प्रहरी ऐन, २०१२ तथा प्रहरी नियमावली, २०७१ को नियम १०९ अनुसार कारबाही गर्न भनिएको छ । उक्त नियममा कसुरदारलाई नसिहत लिनेदेखि बढुवा रोक्कासम्म कारबाही हुने व्यवस्था छ ।

त्यस्तै, नेपाल प्रहरीका एआइजी सिद्धिविक्रम शाह तथा डिआइजीद्वय ओमबहादुर राना र विश्व अधिकारी, सशस्त्रका एआइजी नारायणदत्त पौडेल र डिआइजी सुरेशकुमार श्रेष्ठ, राष्ट्रिय अनुसन्धान विभागका सहनिर्देशक कृष्णप्रसाद खनाल, विभागका तत्कालीन काठमाडौं प्रमुख रिवेनकुमार गच्छदार, एसएसपी दीपशमशेर जबरा र एसपी ऋषिराम कँडेलविरुद्ध पनि कानुनअनुसार कारबाहीका लागि सिफारिस गरिएको छ । नेपाल प्रहरीको हकमा प्रहरी ऐन, २०१२ को दफा ९ को उपदफा (४) तथा प्रहरी नियमावली, २०७१ को नियम १०९ र सशस्त्रको हकमा सशस्त्र प्रहरी ऐन, २०५८ र सशस्त्र प्रहरी नियमावली, २०७२ को नियम ११२ अनुसार कारबाही गर्न भनिएको छ । त्यस्तै, राष्ट्रिय अनुसन्धान विभागका गुप्तचरका हकमा नेपाल विशेष सेवा ऐन, २०४२ र नेपाल विशेष सेवा नियमावली, २०४४ को नियम १०.२ अनुसार कारबाही गर्न भनिएको छ ।

२३ र २४ भदौमा विभिन्न आन्दोलनस्थलमा १,७४,४२० मोबाइल एक्टिभेट

आयोगको प्रतिवेदनअनुसार आन्दोलनका दिन मुलुकका विभिन्न आन्दोलनस्थलमा एक लाख ७४ हजार ४२० मोबाइल फोन एक्टिभेट भएको देखाएको छ । प्रतिवेदनअनुसार सबैभन्दा धेरै नयाँ बानेश्वरस्थित संसद् भवनआसपास २२ हजार ४९६ फोन एक्टिभेट भएका थिए । त्यस्तै, काठमाडौं जिल्ला अदालतआसपास एक हजार १०७, अख्तियार दुरुपयोग अनुसन्धान आयोगआसपास दुई हजार २७६, नेपाल प्रहरी प्रधान कार्यालयआसपास पाँच हजार २६९, सिंहदरबारआसपास दुई हजार ६९२ फोन एक्टिभेट भएका थिए ।

आयोगले अनुसन्धानका क्रममा मुलुकभरबाट एक हजार ३६९ सिसिटिभी फुटेज, एक हजार ७३६ सोसियल मिडिया फुटेज, तीन हजार ५३१ क्लिप्स र दुई हजार ८७५ स्क्रिनसट अनुसन्धान गरेको थियो ।

कहाँ कति फोन एक्टिभेट ?

स्थान	सक्रिय फोन
काठमाडौं जिल्ला अदालत	१,१०७
संसद् भवन	२२,४९६
अख्तियार टंगाल	२,२७६
नेप्रप्र कार्यालय	५,२६९
सिंहदरबार	२,६९२
सर्वोच्च अदालत	१,४१७
नक्खु कारागार	५,३६०
राष्ट्रपति कार्यालय	२,६४४
केपी ओली निवास	२,६७४
शेरबहादुर देउवा निवास	२,१८९
पुष्पकमल दाहाल निवास	७१२
गगन थापा निवास	३,०२३
कान्तिपुर पब्लिकेसन	२,१७९
हिल्टन होटेल	३,२३५
एनसेल लैनचौर	२,२०८
भाटभटेनी टंगाल	२,१९२
उपेन्द्र महतो निवास	१,५३०
शेखर गोल्छा निवास	१,०९४
विनोद चौधरी निवास	२,५९४
कास्की जिल्लाअन्तर्गत	२२,५०३
बाँके जिल्लाअन्तर्गत	१५,२१८
चितवन जिल्लाअन्तर्गत	१३,५९३
झापा जिल्लाअन्तर्गत	८,९०७
कैलाली जिल्लाअन्तर्गत	२,८६०
सुनसरी जिल्लाअन्तर्गत	४,८०३
रूपन्देही जिल्लाअन्तर्गत	११,६८४
कञ्चनपुर जिल्लाअन्तर्गत	४,६८६
मोरङ जिल्लाअन्तर्गत	१४,३००
पर्सा जिल्लाअन्तर्गत	३,४६४
मकवानपुर जिल्लाअन्तर्गत	४,७५२
सुर्खेत जिल्लाअन्तर्गत	७५९
जम्मा	१,७४,४२०

सैनिक अधिकारीलाई पनि कारबाही सिफारिस

आयोगले नेपाली सेनाका अधिकारीलाई पनि कारबाही सिफारिस गरेको छ । आन्दोलनका समयमा राष्ट्रपति भवन शीतलनिवासका सुरक्षा कमान्डर सहायकरथी मनोज बैदवार, प्रधानमन्त्रीनिवास बालुवाटारका सुरक्षा कमान्डर प्रमुख सेनानी दिवाकर खड्का, सिंहदरबार सचिवालयका सुरक्षा कमान्डर प्रमुख सेनानी गणेश खड्का र संसद् भवन, अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र भवनपरिसर बानेश्वरको कमान्डर सेनानी सन्तोष ढुंगेललाई कारबाहीका लागि सिफारिस गरेको हो । प्रतिवेदनअनुसार उनीहरूलाई सैनिक ऐन, २०६३ को दफा १०५ अनुसार कारबाही गर्न भनिएको छ ।

आन्दोलन हिंसात्मक बनाउन डिस्कर्ड प्रयोग

जेन-जी आन्दोलन हिंसात्मक बन्नुमा सामाजिक सञ्जाल डिस्कर्डले महत्त्वपूर्ण भूमिका खेलेको निष्कर्ष आयोगको छ । आन्दोलनका तयारीदेखि भिड भड्काउने, आगजनी गर्ने, पेट्रोल बम बनाउन सिकाउनेसम्मका गतिविधि डिस्कर्डमा भएको आयोगको प्रतिवेदनमा उल्लेख छ ।

डिस्कर्डमा पेट्रोल बम (मोलोटोभ ककटेल) प्रसंग ३५६ पटक उठाइएको छ । डिस्कर्डमा उक्त बम बनाउने तरिका २३ भदौको अपराह्नदेखि सिकाउन सुरु भएको प्रतिवेदनमा उल्लेख छ ।

'बोतलमा पेट्रोल र कपडा प्रयोग गरी बनाइने बम, जसको चर्चा डिस्कर्डमा ३५६ पटक भएको थियो । डिस्कर्ड संवादमा सोडियम मेटल र नेपाल्म बनाउने सूत्रहरू आदान-प्रदान भएको पाइएको छ । संसद् भवन र अन्य संरचनाहरूमा निकै छोटो समयमा आगो फैलिनुले सोडियम वा म्याग्नेसियमजस्ता प्रज्ज्वलनशील रसायनको प्रयोग भएको हुन सक्ने संकेत गर्दछ,' प्रतिवेदनमा भनिएको छ, 'त्यही दिन अपराह्नदेखि डिस्कर्डमा मोलोटोभ ककटेल (पेट्रोल बम) प्रयोग गर्ने योजनाहरू बन्न थाले ।'

डिस्कर्डमार्फत निशाना बनाउनुपर्ने ठाउँको बारेमा समेत बताइएको थियो । जसअनुसार उनीहरूले शीर्ष नेताहरूको घरमा आगजनी र तोडफोड गर्न भनेको उल्लेख छ । संसद् भवनदेखि सर्वोच्च अदालत, मन्त्रीक्वार्टर, प्रहरी कार्यालय, भाटभटेनी, हिल्टन होटेललगायतमा पनि डिस्कर्डमार्फत दिइएको निर्देशनपछि नै क्षति पुऱ्याइएको उल्लेख छ । त्रिवि अन्तर्राष्ट्रिय विमानस्थलमा जिलेटिनसहित आक्रमणको प्रयास भएकोमा सेनाले विफल पारेको प्रतिवेदनमा उल्लेख छ ।

आयोगको प्रतिवेदनअनुसार भिडलाई उत्तेजित बनाउन भ्रामक सूचनासमेत डिस्कर्डमा फैल्याइएका थिए । आन्दोलनका क्रममा होस्टेलमा बलात्कार भएको, मृतकको संख्या बढाइचढाइ गरिएकोजस्ता मिथ्या सूचना फैलाएर भिडलाई उत्तेजित पारिएको प्रतिवेदनमा उल्लेख छ ।

यस्तो थियो संवाद

रुकेश : मोलोटोभ आपूर्ति गर । जति सकिन्छ मोलोटोभ बनाऊ ।

सगत जी : म मोलोटोभ लिएर आउँदै छु ।

किजी गो : आफ्नोतर्फबाट मोलोटोभ फाल

कुशेल : संसद् भवनलाई मोलोटोभले निशाना बनाऊ ।

एनोनिमश : प्रहरीतर्फ आगो फाल... नेताहरूको घर घेर्नु (१५ पटकसम्म)

अबो : हामीलाई ग्रिनेड र मोलोटोभ चाहिन्छ ।

ग्रिनिश : भारत/केरलाबाट ग्रिनेड आयात गर्ने

टोनी : ग्लोबल कलेज जलाइयो

क्रिस : रासायनिक हतियार/सोडियमसम्बन्धी छलफल

टक्सिक : मोलोटोभ फाल्दै छु... सहयोग चाहियो (प्रचण्डको निवास जलेको छ)

रिचार्के : शेरको घर जलिरहेको छ

एप्पल : शेर... भत्कियो

१० दिनमै...

पृष्ठ १ बाट क्रमशः

समयअघि नै मूल्य समायोजन गरेको जनाएको छ । निगमका प्रवक्ता मनोज ठाकुरका अनुसार १ अप्रिल (१८ चैत)मा आउने नयाँ मूल्यसूचीमा उल्लेख्य वृद्धि हुने प्रक्षेपणका आधारमा अहिले नै भाउ बढाइएको हो । आगामी सूचीमा पुनः मूल्य बढ्ने अनुमान गरिएको छ । 'एक सातापछि आउने मूल्य ठुलो अन्तरले बढ्ने अनुमान छ,' उनले भने, 'त्यसैले अहिले नै मूल्य समायोजन गरिएको हो ।' निगमले एक सातापछि फेरि मूल्यवृद्धि हुन सक्ने संकेत पनि गरेको छ ।

१ चैतमा इन्डियन आयल कर्पोरेसन (आइओसी)बाट प्राप्त मूल्यसूचीअनुसार पेट्रोलमा प्रतिलिटर ३१ रुपैयाँ र डिजेलमा ५४ रुपैयाँ वृद्धि भएर आएको थियो । त्यसअनुसार निगमले नेपाली बजारमा आंशिक समायोजन गर्दै पेट्रोलमा १५ रुपैयाँ र डिजेल तथा मट्टीतेलमा १० रुपैयाँ मात्रै बढाएको थियो । उक्त समायोजनपछि पनि १५ दिनमा करिब तीन अर्ब ९३ करोड रुपैयाँ घाटा हुने प्रक्षेपण गरिएको थियो ।

आइओसीले हरेक अंग्रेजी महिनाको १ र १५ तारिखमा नयाँ मूल्यसूची पठाउने प्रावधान रहेको छ । सोहीअनुसार नेपालमा पनि मूल्य समायोजन हुँदै आएको छ । हालसम्म निगमले आइओसीलाई १ चैतमा तय गरिएको दरअनुसार नै भुक्तानी गरिरहेको छ । तर, अन्तर्राष्ट्रिय बजारमा मूल्य बढ्ने सम्भावना देखाउँदै निगमले पुरानै र सस्तो खरिददरमै दोस्रोपटक मूल्यवृद्धि गरेको हो ।

नयाँ समायोजनपछि निगमको घाटा केही घटेको छ । पेट्रोलमा ३१ रुपैयाँले बढेर आएको मूल्यको तुलनामा दुई चरणमा २५ रुपैयाँ मात्रै बढाइएकाले अब पेट्रोलमा करिब ६ रुपैयाँ घाटा रहेको निगमको भनाइ छ । त्यस्त, डिजेलमा ५४ रुपैयाँ वृद्धि भए पनि २५ रुपैयाँ मात्रै समायोजन गरिएकाले घाटा घटेर प्रतिलिटर २९ रुपैयाँमा सीमित भएको छ ।

आयल निगमका घाटा प्रक्षेपणमा तीन प्रश्न

१. अनुमानित मूल्यलाई आधार

आयल निगमले बुधबार साँझ विज्ञप्ति निकालेर मूल्य वृद्धि गर्नुको कारणबारे १ देखि २४ मार्च (१७ फागुनदेखि १० चैत)सम्म पेट्रोलमा ७६ र डिजेलमा १४३ रुपैयाँ वृद्धि भएको जनाएको छ । तर, निगमलाई आइओसीले १५ मार्च (१ चैत)यताको नयाँ सूची नै पठाएको छैन । निगम प्रवक्ता मनोज ठाकुरले पनि घाटाको अनुमानित विवरण मात्रै राखिएको बताए । पेट्रोलमा ७६ र डिजेलमा १४३ रुपैयाँ मूल्य बढेको अनुमानित तथ्यांक हो । अझ भनौं न, १ अप्रिलमा नयाँ मूल्य आउँदा कम्तीमा यतिको भार पर्छ भन्ने हो । तर, १ अप्रिल आउन अझै एक साता बाँकी छ र अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको भाउ ११६ डलर प्रतिब्यारेलबाट झरेर सय डलरआसपास आइरहेको छ । आइओसीले प्रत्येक १५ दिनको औसत मूल्यलाई गणना गरेर नेपालका लागि नयाँ सूची पठाउने हुँदा अन्तर्राष्ट्रिय बजारको औसत भाउ मात्रै नेपालमा आउने गर्छ ।



२. घाटा प्रक्षेपणमा असामान्य अन्तर

१ देखि १८ चैतसम्म पाँच अर्ब नोक्सान हुने प्रक्षेपणसमेत सार्वजनिक गरिएको छ । जबकि यसअघिको विज्ञप्तिमा तीन अर्ब ९३ करोड मात्रै घाटा हुने प्रक्षेपण थियो । निगमले जहिले पनि घाटाको प्रक्षेपण गर्दा उच्च दरमा हिसाब निकाल्ने हुँदा १० दिनभित्रै गरिएको हिसाबमा एक अर्बभन्दा बढीको अन्तर पनि अस्वाभाविक छ ।

३. आगामी १५ दिनमा १५ अर्ब घाटाको दाबी

तेस्रो र सबैभन्दा ठुलो गलत तथ्यांक आगामी १५ दिनमा १५ अर्ब घाटा हुने भनेर विज्ञप्तिमा उल्लेख छ । 'पछिल्लो समयको मूल्यवृद्धिको प्रक्षेपणलाई आधार मान्दा आगामी १५ दिनमा थप १५ अर्ब घाटा हुने देखिएको छ,' विज्ञप्तिमा भनिएको छ । अहिले नयाँ मूल्य नै आएको छैन, त्यसैले यो घाटा गणना नै गलत छ । सामान्यतया नयाँ मूल्य प्राप्त भएपछि र निगमले मूल्य समायोजन गरेपछि मात्रै घाटा वा नाफाको हिसाब गणना हुन्छ । निगम प्रवक्ता ठाकुरले १ अप्रिलदेखि लागू हुने गरीको हिसाबमा उक्त घाटा प्रक्षेपण गरिएको बताए ।

तर, विज्ञप्तिमा भने १ अप्रिलदेखिको हिसाबबारे केही उल्लेख छैन । अर्कोतिर, १ अप्रिलमा आउने मूल्यसूचीबारे निगमसमेत अनभिज्ञ रहेका कारण अहिले नै घाटा प्रक्षेपण युक्तिसंगत देखिँदैन । अर्कोतिर, १९ अर्बभन्दा बढी रकम जम्मा भएर बसेको मूल्य स्थिरीकरण कोष यस्तै वेला प्रयोग गर्ने उद्देश्य भएकाले घाटाको ठुलो आकार देखाएर उपभोक्ता तर्साउन खोज्नु गलत नियत हो ।

■ सुशासन मार्गचित्र, २०८२

वैदेशिक रोजगारीको श्रम स्वीकृति र अध्ययनको एनओसी खारेज गर्न सुझाव

ब्लु प्रिन्ट तयार गर्ने उच्चस्तरीय समितिका सदस्यसचिव **डा. भीष्मकुमार भुसाल** भन्छन्- श्रम स्वीकृति र एनओसीको औचित्य छैन। यी प्रणाली भनेको अनावश्यक तह थप्ने र राज्यलाई व्ययभार थप्ने कुरा हुन्। यी दुवै प्रणालीको प्रक्रिया र कार्यालयसमेत खारेज गर्दा हुन्छ।




सुवास भट्ट/नयाँ पत्रिका

वैदेशिक रोजगारी र अध्ययनमा जानेका लागि अनिवार्य गरिँदै आएको श्रम स्वीकृति र वैदेशिक अध्ययन अनुमतिपत्र (एनओसी) खारेज गर्नुपर्ने सुझाव सरकारद्वारा गठित उच्चस्तरीय समितिले दिएको छ। सरकारले गठन गरेको सुशासन मार्गचित्र 'गभर्नेन्स ब्लु प्रिन्ट' प्रतिवेदनले श्रम स्वीकृति र एनओसीको विद्यमान प्रावधान खारेज गर्नुपर्ने सुझाव सरकारलाई दिएको हो।

मार्गचित्रको सारांश प्रतिवेदनमा खारेज गर्नुपर्ने अनुमति प्रणालीमा यी दुई व्यवस्था पनि खारेज गर्न भनिएको छ। यी विषयसमेत समेटेर प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको शासकीय मामिला क्षेत्र हेर्ने सचिव गोविन्दबहादुर कार्कीको संयोजकत्वमा गठित १५ सदस्यीय उच्चस्तरीय समितिले तयार गरेको प्रतिवेदन मुख्यसचिव सुमनराज अर्याललाई बुझाइएको छ। प्रतिवेदन गठनको प्रक्रियामा रहेको निर्वाचित आगामी सरकारलाई हस्तान्तरण गरिँदै छ।

श्रम स्वीकृति र एनओसीले विदेश जाने श्रमिक तथा विद्यार्थीलाई सास्ती दिएको र औचित्यपूर्ण पनि नरहेको भन्दै खारेज गर्नुपर्ने आवाज लामो समयदेखि उठ्दै आएको छ। विगतमा गठित सरकारी समिति तथा प्रतिवेदनले पनि यी प्रणाली खारेज गर्नुपर्ने विषय उठाएका थिए।

ब्लु प्रिन्ट तयार गर्ने उच्चस्तरीय समितिका सदस्यसचिव डा. भीष्मकुमार भुसालले श्रम स्वीकृति र एनओसीको औचित्य नरहेको बताए। 'यी प्रणाली भनेको अनावश्यक तह थप्ने र राज्यलाई व्यायभार थप्ने कुरा हुन्,' उनले भने, 'यी दुवै प्रणालीको प्रक्रिया र कार्यालयसमेत खारेज गर्दा हुन्छ।' अहिलेको अवस्थामा एनओसी आवश्यक नै नभएको र श्रम स्वीकृतिका हकमा सामान्य संयन्त्र तयार गरेर व्यवस्थित गर्न सकिने उनको भनाइ छ। विगतमा वैदेशिक रोजगार विभागको महानिर्देशकसमेत रहेका उनले बिमा, कल्याणकारी कोषलाई अनिवार्य गर्ने र गुनासो सुन्ने तथा समन्वय गर्ने प्रबन्धलाई चुस्त बनाउँदा पुग्ने बताए। यसका लागि सीमित जिम्मेवारी र भूमिका किटान गरेर सामान्य संयन्त्र बनाउँदा हुने उनको भनाइ छ।



दैनिक एक हजार आठ श्रम स्वीकृति

वैदेशिक रोजगार विभागका अनुसार अहिले दैनिक औसत एक हजार आठ श्रम स्वीकृति जारी हुन्छ। विभागका निर्देशक खिलराज राईका अनुसार विभाग र विभागअन्तर्गतका ६ प्रादेशिक कार्यालयबाट श्रम स्वीकृति जारी हुन्छ। विभागले जारी गर्ने यस्तो स्वीकृति तीन किसिमका छन्। विदेशबाट नेपाल फर्किने, अन्य भिसामा विदेश गएकालाई श्रम भिसामा परिणत गर्दाको 'लिगलाइजेसन' र नयाँ जानेका हकमा श्रम स्वीकृति जारी हुन्छ। राईका अनुसार विदेश जानुअघि गर्नुपर्ने अभिमुखीकरण, निरोगिताको प्रमाणपत्र, बिमा र सामाजिक सुरक्षा कोषमा रकम जम्मा गरेपछि श्रम स्वीकृति जारी हुन्छ। यसको शुल्क नौदेखि १० हजार प्रतिव्यक्ति लाग्ने विभाग बताउँछ। वैदेशिक रोजगारी ऐन, २०६४ र नियमावली, २०६४ तथा यीअन्तर्गतका विभिन्न कार्यविधिले श्रम स्वीकृतिबारे व्यवस्था गरेका छन्। यसैगरी वैदेशिक अध्ययनका लागि दैनिक एक हजार पाँच सयसम्मले एनओसी लिने गरेका छन्। एनओसी लिन लामो लाइन र झन्झट हुने गरेको छ।

साढे पाँच सय सरकारी कार्यालय खारेजी वा गाभ्न सकिने

सुशासन मार्गचित्र प्रतिवेदनले करिब साढे पाँच सय सरकारी कार्यालय खारेजी वा गाभ्न सकिने निष्कर्ष निकालेको छ। यसअघि सरकारले बनाएका आयोग तथा समितिहरूले गरेसमेतका सुझाव र सिफारिससमेतका आधारमा मार्गचित्रले उक्त संख्यामा कार्यालय खारेजी वा गाभ्न सकिने भनेको हो। संघीयताले तल्ला तहमा गरेको अधिकार विन्यास र परिवर्तित सन्दर्भमा दोहोरा र समानान्तर प्रकृतिका कार्यालय खारेजी वा गाभ्नुपर्ने प्रतिवेदनमा उल्लेख छ।

प्रतिवेदनमा खारेज गर्न सकिने केही कार्यालयबारे पनि उल्लेख छ। खारेज गर्न उपयुक्त हुने सार्वजनिक निकायहरूमा बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समिति, न्यूनतम पारिश्रमिक निर्धारण समिति, नेपाल रेल्वे बोर्ड, सहरी क्षेत्र सार्वजनिक यातायात प्राधिकरण, जग्गा विकास चक्र कोष, नगर विकास समितिहरू, बर्दीबास मेडिकल कलेज पूर्वाधार निर्माण विकास आयोजना, बुटवल मेडिकल कलेज पूर्वाधार निर्माण विकास आयोजना, सुर्खेत मेडिकल कलेज पूर्वाधार निर्माण विकास आयोजना र राष्ट्रिय दुग्ध विकास बोर्ड, जिल्ला निर्वाचन कार्यालयहरू छन्।

त्यस्तै, गाभ्न उपयुक्त हुने सार्वजनिक निकायमा नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठान, मुद्रण विभाग, नेपाल इन्टरमोडल यातायात विकास समिति, न्याय सेवा तालिम केन्द्र, केन्द्रीय कानुन पुस्तकालय विकास समिति, समान प्रकृतिका क्रियाकलाप सञ्चालन गरिरहेका युवा तथा साना व्यवसायी स्वरोजगार कोष, महिला स्वावलम्बन कोष, स्टार्टअप उद्यम कर्जा कोषसहित तराई मधेश समृद्धि कार्यक्रम छन्।

यसैगरी, हस्तान्तरण गर्न उपयुक्त हुने सार्वजनिक निकायमा राष्ट्रिय चुरे संरक्षण समिति, वनस्पति अनुसन्धान केन्द्र, पशुपक्षी रोग अन्वेषण परियोजना, विभिन्न सिँचाइ आयोजना, जनताको तटबन्ध कार्यक्रम र विभिन्न पर्यटन संरक्षण/विकास समिति छन्। निश्चित उद्देश्य, लागत र अवधि तोकी गठन गरिएका समिति/आयोजना/परियोजना सो पूरा भएपछि खारेज गर्ने विषय पनि प्रतिवेदनमा छ। समितिका अनुसार ठुलो संख्याका कार्यालयहरू गाभ्दा खारेज हुने अवस्थाका छन्। तिनमा ७७ वटै जिल्लामा संरचना रहेका नापी कार्यालयहरू, जिल्ला समन्वय समितिहरू, निर्वाचन कार्यालयहरू, शिक्षा समन्वय कार्यालयहरू, जिल्ला तथ्यांक कार्यालयहरू, खेलकुद र युवा समितिहरूसहित प्रदेश र संघका समानान्तर कार्यालय डिभिजन कार्यालयहरू, कृषि तथा पशु कार्यालयहरू, परियोजना कार्यालयहरू छन्।

कांग्रेस १५औँ महाधिवेशन १६-१९ असोजमा तय

नयाँ पत्रिका

कांग्रेसले १५औँ केन्द्रीय महाधिवेशन आगामी १६-१९ असोजसम्म काठमाडौंमा आयोजना गर्ने निर्णय गरेको छ। कांग्रेस केन्द्रीय कार्यसमितिको मंगलबार र बुधबारको बैठकले २१ चैतदेखि क्रियाशील सदस्यता फाराम जिल्लाहरूमा पठाउनेदेखि वडा, क्षेत्र, जिल्ला, प्रदेश र केन्द्रको महाधिवेशन गर्ने निर्णय गरेको छ। सभापति गगन थापाले मंगलबार बैठकमा कांग्रेस महाधिवेशन २४-२६ भदौसम्म गर्ने प्रस्ताव गरेका थिए। थापाले असार मसान्तभित्र क्रियाशील सदस्यता टुंग्याउनेदेखि भदौमा महाविधेशन गर्ने प्रस्ताव गरेकोमा सबैको सुझावअनुसार पछि सार्ने निर्णय भएको केन्द्रीय सदस्य अजयबाबु शिवाकोटीले जानकारी दिए।

■ कांग्रेसका महाधिवेशनहरू

पहिलो : ००३ **माघ** १२-१३ **कलकत्ता**
दोस्रो : ००४ **माघ** २०-२१ **वाराणसी**
तेस्रो : ००५ **फागुन** १८-२० **दरभंगा**
चौथो : ००६ **चैत** २६-२७ **कोलकाता**
पाँचौं : ००९ **जेठ** १०-१३ **जनकपुर**
छैटौं : ०१२ **माघ** १०-१२ **वीरगन्ज**
सातौं : ०१७ **वैशाख** २५-३१ **काठमाडौं**
आठौं : ०४८ **फागुन** १-३ **झापा**
नवौं : ०५३ **वैशाख** २६-२८ **काठमाडौं**
१०औँ : ०५७ **माघ** ६-९ **पोखरा**
११औँ : ०६२ **भदौ** १४-१७ **ललितपुर**
१२औँ : ०६७ **असोज** १-५ **काठमाडौं**
१३औँ : ०७२ **फागुन** २०-२३ **काठमाडौं**
१४औँ : ०७८ **मंसिर** २४-२६ **काठमाडौं**



'सभापति थापाले प्रस्तुत गर्नुभएको महाधिवेशन कार्यतालिकामा विमति थिएन, तर बर्सात मौसमको समय अलिक व्यावहारिक नहोला भन्ने सबैजसो नेताहरूको सुझावका आधारमा असोज १६ देखि १९ सम्म केन्द्रीय महाधिवेशन गर्ने निर्णय भएको हो,' शिवाकोटीले भने। बुधबार निर्णय भएको कार्यतालिकाअनुसार विदेशस्थित पार्टी जनसम्पर्क समितिको अधिवेशन ०८३ साउन मसान्तभित्र सम्पन्न गर्ने, २ भदौमा वडा अधिवेशन, ७ भदौमा गाउँ/नगर अधिवेशन, १७ भदौमा प्रदेश क्षेत्रीय अधिवेशन, २४ भदौमा क्षेत्रीय अधिवेशन, २ र ३ असोजमा जिल्ला अधिवेशन सम्पन्न गर्ने उल्लेख छ। शिवाकोटीका अनुसार ७ र ८ असोजमा प्रदेश अधिवेशन सम्पन्न गर्ने र त्यसपछि १६ देखि १९ असोजसम्म केन्द्रीय महाधिवेशन सम्पन्न गर्ने कार्यतालिका पारित भएको छ।

कांग्रेसले संस्थागत रूपमा इतर समूहसँग छलफल नगर्ने पनि स्पष्ट पारेको छ। व्यक्तिगत रूपमा असन्तुष्ट नेताहरूसँग छलफल गर्न कांग्रेसले उपसभापति पुष्पा भुसाललाई जिम्मा दिएको केन्द्रीय सदस्य शिवाकोटीले बताए। 'यो कुनै संस्थागत वार्ता टोली होइन। असन्तुष्ट कोही हुनुहुन्छ र कुराकानी गर्न चाहनुहुन्छ भने उपसभापतिज्यूले कुराकानी गर्नुहुन्छ र सभापतिज्यूलाई जानकारी गराउनुहुन्छ,' उनले भने, 'विशेष महाधिवेशन कांग्रेसको संस्थागत निर्णय हो र यही नेतृत्वलाई सबैले स्वीकार गरेर निर्वाचनमा सहभागी भइसकेको पनि यथार्थ हो। पार्टी नेतृत्वले अब विधिवत् रूपमा पार्टीको नियमित महाधिवेशन गराउनेछ। यसमा सबैलाई समेटेर अघि बढ्ने पार्टी निर्णय छ।' चुनावपछि पहिलोपटक मंगलबार केन्द्रीय समिति बैठकलाई सम्बोधन गर्दै सभापति थापाले पार्टीभित्र अब व्यापक शुद्धीकरण र 'ग्रान्ड रिफर्म' (बृहत् सुधार) गर्ने उद्घोष गरेका थिए। 'सभापतिले भन्नुभएको बृहत् सुधार अब सुरु हुनेछ,' शिवाकोटीले भने। उनका अनुसार कांग्रेस केन्द्रीय कार्यसमितिले वरिष्ठ अधिवक्तासमेत रहेका केन्द्रीय सदस्य प्रेमबहादुर खड्काको संयोजकत्वमा निर्वाचन समिति गठन गरेको छ।

संक्षेप

श्रीमतीको हत्या गरेर नालामा फ्याँक्ने साह पक्राउ

विराटनगर/ श्रीमतीको हत्या गरेर नालामा फ्याँकेको आरोपमा मोरङको विराटनगर महानगरपालिका- १५, हडतालीका रोशन साह पक्राउ परेका छन्। परपुरुषसँग लागेका आशंकामा साहले ३२ वर्षीया श्रीमती कोमलकुमारी साहको ५ चैत राति सँगै सुतेका वेला घाँटी थिचेर हत्या गरेको प्रहरीसमक्ष बयान दिएका छन्। श्रीमतीको हत्या गरेपछि तन्नामा बेरेर नालामा फ्याँकेपछि साहले श्रीमती हराएकाले खोजी गरिपाऊँ भनेर प्रहरीमा निवेदन दिएका थिए। तर, प्रहरीले चार दिनपछि उनलाई नै पक्राउ गरेको थियो। उनले श्रीमतीको हत्या स्वीकार गरेका छन्। साहले शवको हातखुट्टा बाँधेर तन्नामा पोको पारेर सिसिटिभी जडान नभएको सडक प्रयोग गर्दै दाजु दीपेन्द्र साहको सिटी रिक्सामा हालेर ५ चैत राति चार किलोमिटर दक्षिण-पूर्व नेपाल-भारत सीमा क्षेत्रमा पर्ने छाला उद्योगको गनाउने जमेको फोहोर फाल्ने नालामा फ्याँकेका थिए। त्यसपछि श्रीमती ५ चैत साँझदेखि हराइरहेको भन्दै खोजी गरिदिन इलाका प्रहरी रानीमा निवेदन दिएका थिए। कसैले शंका नगरून् भनेर रोशनले माइती पक्षलाई पनि भोलिपल्टै श्रीमती हराएको भन्दै खोजी गर्न सहयोग गरिदिन आग्रह गर्दै सम्पर्क गरेका थिए। कोमलकुमारीको शव १० चैत साँझ विराटनगर- १७ स्थित छाला उद्योगनजिकैको कल्भर्टमुनिको फोहोर पानीमा फेला परेको थियो।

प्रधानमन्त्री कार्कीका पिएले सम्हाले एनटिएनसी अध्यक्षको पदभार

काठमाडौं/ प्रधानमन्त्री सुशीला कार्कीका प्रमुख स्वकीय सचिव (पिए) आदर्श श्रेष्ठले प्रकृति संरक्षण कोष (एनटिएनसी) को अध्यक्षको पदभार सम्हालेका छन्। श्रेष्ठले बुधबार खुमलटारस्थित कोषको कार्यालय पुगेर पदभार ग्रहण गरेका हुन्। श्रेष्ठलाई सदस्यसचिव डा. नरेश सुवेदीले स्वागत गरेका थिए। जननिर्वाचित सरकार गठनको तयारी भइरहँदा प्रधानमन्त्री कार्कीले गत १ चैतमा श्रेष्ठलाई पाँच वर्षका लागि कोषको अध्यक्ष बनाएकी थिइन्। प्रधानमन्त्री कोषको संरक्षक रहने व्यवस्था राष्ट्रिय प्रकृति संरक्षण कोष ऐन, २०३९ मा छ। त्यस्तै, सरकारका वनमन्त्री स्वतः कोषको अध्यक्ष रहने परम्परा छ। तर, नयाँ सरकार गठनसँगै नयाँ मन्त्री आउने पूर्वसन्ध्यामा आइतबार संरक्षक कार्कीले पिएलाई नै कोषको अध्यक्ष बनाएपछि चौतर्फी आलोचना भएको थियो। आलोचनाका बिच श्रेष्ठले पदभार ग्रहण गरेका हुन्। श्रेष्ठ ६ महिनाअघि मात्र सर्वोच्च अदालतमा करारबाट नायब सुब्बास्तरको कम्प्युटर अपरेटर थिए।

नियन्त्रणमा आएन बर्ड-फ्लु संक्रमण

विराटनगर/ कोशी प्रदेशका तराईका जिल्लामा बर्ड-फ्लु संक्रमण अझै नियन्त्रणमा आउन सकेको छैन। बर्ड-फ्लु संक्रमण पुष्टि भएका क्षेत्रमा नियन्त्रणका लागि जिल्ला प्राविधिक समितिको टोलीले बुधबार पनि फार्महरूबाट कुखुरा, अन्डा र स्टकमा रहेका दाना नष्ट गरेका छन्। ४१ दिनसम्म संक्रमित क्षेत्रबाट कुखुरा, मासु, अन्डा र दाना ओसारपसारमा जिल्ला प्रशासन र पालिकाहरूले पूर्ण प्रतिबन्ध लगाएका छन्। संक्रमण पुष्टि भएसँगै बर्ड-फ्लु नियन्त्रण नियमावली, २०७८ बमोजिम प्रभावित क्षेत्रको चारै दिशातर्फ २० मिटरसम्मको क्षेत्रलाई संकटग्रस्त क्षेत्र घोषणा गरी नियन्त्रणका कार्य अगाडि बढाइएको जिल्ला प्रशासन मोरङ, सुनसरी र झापाले जनाएका छन्। रोग मानिसमा समेत सर्न सक्ने जोखिमलाई मध्यनजर गर्दै प्रशासनले संक्रमण देखिएका पालिकाबाट अन्डा, दाना, फोहोर र कुखुराको सुलीको आयात, निर्यात तथा ओसारपसारमा अर्को सूचना जारी नभएसम्मका लागि पूर्ण रोक लगाएको प्रशासनको भनाइ छ। उद्योग, कृषि, सहकारी मन्त्रालय कोशीका पशुपक्षी महाशाखाका अनुसार मंगलबारसम्म झापाको एक, मोरङको पाँच र सुनसरीको ६ गरी १२ स्थानमा रहेका कुखुरा फर्ममा बर्ड-फ्लु संक्रमण भएको पुष्टि भइसकेको छ।

बेमौसमी वर्षाले भाँचियो नौ करोडको मोटरेबल पुल

निर्माणको अन्तिम चरणमा पुगेको संरचना ढल्यो, पुनर्निर्माण गर्नुपर्ने

ताप्लेजुङमा **केशवप्रसाद भट्टराई**

ताप्लेजुङको मैवाखोला गाउँपालिका वडा नम्बर ५ र ६ फाकुम्बा जोड्ने नेरुवा खोलामा निर्माणाधीन मोटरेबल पुल बेमौसमी वर्षापछि आएको बाढीले भत्काएको छ। मंगलबार साँझ परेको वर्षापछि खोलामा आएको बाढीले पुलको टेका (स्काफोल्डर) बगाएपछि करिब अन्तिम चरणमा पुगेको संरचना ढलेको हो।

पूर्वाधार विकास कार्यालय ताप्लेजुङमार्फत निर्माण भइरहेको पुल ३५ मिटर लम्बाइको प्रि-स्ट्रेस प्रविधिमा आधारित ढलाई गरिएको संरचना हो। निर्माणको अन्तिम चरणमा पुगेको पुल भत्किएपछि पुनर्निर्माण गर्नुपर्ने अवस्था सिर्जना भएको कार्यालयका प्रमुख सिनियर डिभिजन इन्जिनियर कुमारकुसलय कर्णले जानकारी दिए। करिब नौ करोड रुपैयाँ लागतको पुल सञ्जीव निर्माण सेवाले निर्माण गरिरहेको थियो। चालू आर्थिक वर्षभित्रै सम्पन्न गर्ने लक्ष्य राखिएको पुल अब पुनः निर्माण गर्नुपर्ने भएपछि निर्धारित समयसीमा प्रभावित हुने देखिएको छ।

पूर्वाधार विकास कार्यालयका अनुसार चैतमा यसरी वर्षा हुनु र त्यसले निर्माणाधीन पुल बगाउनु असामान्य घटना हो। मौसम परिवर्तनको प्रभावका कारण यस्ता बेमौसमी वर्षा बढ्दै गएको विज्ञहरूको भनाइ छ। पुल भत्किएसँगै दोभान-फुडलिङ जोड्ने तिरिरे-खार्ते-फाकुम्बा-साम्तोङ-सिन्धोलुङ झरना सडकखण्डमा वर्षायाममा हुने आवतजावत प्रभावित हुने भएको छ। मैवाखोला गाउँपालिका अध्यक्ष विजयप्रकाश वनेमका अनुसार पुल निर्माणपछि वर्षभरि यातायात सञ्चालन हुने अपेक्षा गरिएको थियो। तर, पुल भत्किँदा फाकुम्बा क्षेत्रका बासिन्दाले फेरि पनि वर्षायाममा यातायातबाट वञ्चित हुनुपर्ने अवस्था आएको छ। हिउँदमा खोलामा पानी घट्ने भएकाले अस्थायी रूपमा सवारी सञ्चालन सम्भव भए पनि बर्खामा नेरुवा खोलामा पानी बढ्ने हुँदा पुल अभावमा आवतजावत पूर्ण रूपमा ठप्प हुने गरेको छ।



कांग्रेस-एमाले संसदीय दलको नेता छान्ने तयारीमा

नेकपाबाट प्रचण्ड र श्रम संस्कृतिबाट साम्पाङ छानिँदै, राप्रपाबाट शाही चुनिए

नयाँ पत्रिका

निर्वाचित नयाँ सांसदहरूको बिहीबार शपथसँगै कांग्रेस, एमाले, नेकपासहितका दलहरू संसदीय दलका नेता छनोटको तयारीमा जुटेका छन्। शपथलगत्तै दलको नेता छनोटको गृहकार्य अगाडि बढाउने दलहरूको तयारी छ।

दोस्रो दल कांग्रेस र तेस्रो दल एमालेमा दलको नेतामा एकभन्दा बढी आकांक्षी छन्। कांग्रेसमा संस्थापन गगन थापा समूहबाट अजुर्ननरसिंह केसीले रुचि राखेका छन्। नयाँ संसद्मा ज्येष्ठ सदस्यसमेत रहेका केसीले सर्वसम्मत दलको नेता बन्ने रुचि राख्दा निवर्तमान सभापति शेरबहादुर देउवा समूहबाट भीष्मराज आङ्देम्बेले दलको नेतामा उम्मेदवारी दिने तयारी गरेका छन्। प्रत्यक्ष १८ सिट र समानुपातिक २० सहित ३८ सिट जितेको कांग्रेस संसदीय दलमा देउवा समूह हाबी छ। वरिष्ठ नेता शेखर कोइराला पनि देउवाकै समूहमा रहेका कारण उनीहरूको समूहमा २३ जना सांसद छन् भने थापा समूहमा १३। सांसदहरू अलग-अलग समूहबाट निर्वाचित भए पनि नेता मीन विश्वकर्माले भने सहमतिमै दलको नेता चयन हुने धेरै सम्भावना रहेको बताए।

केसीले सर्वसम्मत बन्न सभापति थापासहित देउवा समूहका कार्यवाहक सभापति पूर्णबहादुर खड्का र नेता कोइरालासँग पनि अलग-अलग कुरा गरेका छन्। तर, आङ्देम्बेले अडान नछाडे केसी अप्ठेरोमा पर्नेछन्।

एमालेले पनि एक-दुई दिनमै दलको नेता चयन गर्ने तयारी गरेको छ। अध्यक्ष केपी ओली पिताको किरियाकर्मबाट बाहिर आएलगत्तै दलको नेता चयनबारे छलफल हुने सचिव पद्मा अर्यालले जानकारी दिइन्। अधिल्लो संसद्मा ७९ सिटसहित उपस्थित एमाले प्रत्यक्षतर्फ नौ र समानुपातिकमा १६ सिट मात्र जितेर नयाँ संसद्मा २५ सांसदसहित तेस्रो दलका रूपमा प्रतिपक्षी भूमिका खेल्ने गरी सहभागी हुँदै छ। 'केही दिनभित्र अध्यक्षसहितको उपस्थितिमा संसदीय दलको बैठक बस्छ। उहाँले दललाई मार्गनिर्देशनसहित सुझाव दिएपछि छलफलबाट दलको नेता छनोट हुन्छ,' उनले भनिन्।

त्यस्तै, नेकपाले अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डलाई नै दलको नेता बनाउने तयारी गरेको छ। श्रम संस्कृति पार्टीले अध्यक्ष हर्क साम्पाङ राईलाई नै बनाउँदै छ। राष्ट्रिय प्रजातन्त्र पार्टीले ज्ञानेन्द्र शाहीलाई दलको नेता चयन गरेको छ।

मुख्यमन्त्री र मेयरको टकरावले अस्पताल स्तरोन्नति अन्योलमा

धनगढीमा **तेजराज भट्ट**

● **कैलालीको लम्कीचुहा नगरपालिकाले सञ्चालन गरेको १५ शय्याको अस्पताललाई प्रदेशमातहत ल्याएर ५० शय्या बनाउने विषय विवादमा**



कमलबहादुर शाह, मुख्यमन्त्री



सुशीला शाही, मेयर

दुई तहका सरकारबिच देखिएको विवादले कैलालीको लम्कीचुहा नगर अस्पताल स्तरोन्नतिको विषय अन्योलमा परेको छ। पालिकाले सञ्चालन गरिरहेको १५ शय्याको यो अस्पताललाई प्रदेशमातहतमा ल्याएर ५० शय्यामा सञ्चालन गर्ने अन्तिम प्रक्रियामा विवाद सिर्जना भएको छ। अस्पताल स्तरोन्नतिको प्रक्रियामा प्रदेशले पालिकालाई बाइपास गरेको आरोप लम्कीचुहा नगरपालिकाले लगाएको छ। प्रदेश सरकारले भने नगरपालिकाले निर्णय गरेर पठाएका आधारमा प्रदेशले प्रादेशिक अस्पतालमा स्तरोन्नतिको सबै प्रक्रिया पूरा गरेको, तर हस्तान्तरण गर्ने वेला नगरपालिकाले अनावश्यक विवाद सिर्जना गरेको जनाएको छ।

दायित्व भुक्तानी, कार्यरत कर्मचारीको व्यवस्थापन, सम्पत्ति हस्तान्तरण, अस्पताल विकास समिति गठनलगायत विषयमा प्रदेशले कुनै छलफल नगरेको भन्दै नगरपालिकाले अस्पताल हस्तान्तरणसम्बन्धी सम्झौतामा हस्ताक्षर गर्न अस्वीकार गरेको छ। नगर प्रमुख सुशीला शाहीले अस्पताल स्तरोन्नतिको विषयमा आफूहरूलाई बाइपास गरेर प्रदेशले स्थानीय तहको अस्तित्वलाई बेवास्ता गरेको आरोप लगाएकी छिन्। उनले प्रादेशिक अस्पतालमा स्तरोन्नति गर्न नगरपालिकाले नै विगतमा प्रदेशलाई पत्र पठाए पनि त्यसपछि प्रदेशले पालिकासँग कुनै छलफल र समन्वय नगरेको बताइन्।

प्रादेशिक अस्पताल भएपछि अहिले कार्यरत ८१ जना कर्मचारीको व्यवस्थापन कसरी गर्ने, औषधि खरिदको दायित्व कसले लिनेजस्ता विषयमा प्रदेशले छलफल नगरी हस्तान्तरणको सम्झौता गर्न भनेकोप्रति आफ्नो आपत्ति रहेको उनको भनाइ छ। 'अस्पताल हस्तान्तरणको सम्झौता गर्न आउनू भनेर प्रशासकीय अधिकृतलाई ह्वाट्सएपमा पत्र पठाइएको छ। सम्झौताअघि दुई निकायबिच छलफल त हुनुपर्ला नि,' उनले भनिन्। प्रदेशले सुरुमा पालिकाकै सहमतिमा प्रादेशिक अस्पताल स्तरोन्नतिको प्रक्रिया अगाडि बढाएको हो। तर, सहमति दिएपछि प्रदेशले कुनै छलफल र समन्वय नगरेको नगरपालिकाले जनाएको छ। लम्कीचुहा नगरपालिकाले ०८१ कात्तिकमा नगर अस्पताललाई प्रादेशिक अस्पताल बनाउन प्रदेशलाई पत्र पठाएको थियो। नगरपालिकाबाट सहमति पाएपछि प्रदेशले निर्णय गरेर संघीय सरकारसँग प्रादेशिक अस्पताल सञ्चालनको अनुमति मागेको थियो।

संघीय मन्त्रिपरिषद्ले गत जेठमा स्वीकृति दिने निर्णयपछि प्रदेश सरकारले जनशक्ति व्यवस्थापनका लागि मंसिरमा संगठन तथा व्यवस्थापन सर्भेसमेत स्वीकृत गरिसकेको छ। प्रदेशको चालू वर्षको बजेटमै कैलालीको लम्कीचुहा र डडेल्धुराको जोगबुडा नगर अस्पताललाई प्रादेशिक अस्पतालमा स्तरोन्नति गर्ने योजना समावेश छ। प्रदेशको सामाजिक विकास मन्त्रालयका अनुसार सबै प्रक्रिया पूरा भएपछि गत २१ पुसमा दुवै नगरपालिकालाई अस्पतालको सम्पत्ति हस्तान्तरणसम्बन्धी सम्झौताका लागि पत्राचार गरिएको थियो।

'प्रादेशिक अस्पताल आवश्यक भएपै कार्यपालिकाबाट निर्णय गरेर प्रदेशलाई पठाएका हौं, तर त्यसपछिका कुनै पनि प्रक्रियाबारे जानकारी दिइएन र प्रदेशले छलफल पनि गरेन,' नगर प्रमुख शाहीले भनिन्, 'अहिले एकैपटक सम्झौता गर्न आउनु भनियो। हस्तान्तरणअघि दुई निकायबिच आर्थिक र प्रशासनिक विषयमा छलफल हुनुपर्छ।' प्रदेश सरकार छलफल गर्न आए अस्पताल हस्तान्तरण गर्न नगरपालिका तयार रहेको उनको भनाइ छ। हस्तान्तरण सम्झौता नहुँदै प्रदेशले गत साता लम्कीचुहा अस्पताल व्यवस्थापन समिति गठन गरेपछि विवाद झन् चर्किएको छ। सामाजिक विकास मन्त्रालयको मन्त्रीस्तरीय निर्णयबाट रामबहादुर विष्टलाई अध्यक्ष नियुक्त गरिएको छ। नगरपालिकाले भने समिति गठनप्रति विरोध जनाएको छ।

सतहमा कर्मचारी व्यवस्थापनलगायत विषयमा छलफल र समन्वयको नभएको भनेर विवाद देखिए पनि विवाद देखिनुको मूल कारण मुख्यमन्त्री कमलबहादुर शाह र नगर प्रमुख शाहीबिचको व्यक्तिगत टकराव रहेको स्थानीय बताउँछन्। यी दुवै नेता कांग्रेसबाट निर्वाचित हुन् भने मुख्यमन्त्री शाहको घर पनि लम्की हो। कांग्रेसका स्थानीय नेताहरूका अनुसार पार्टीको एउटै खेमामा रहेका यी दुई नेताबिच पहिले राम्रो सम्बन्ध भए पनि पछिल्लो समय तिक्तता छ। दुईजनाबिचको विवाद पछिल्लो समय सार्वजनिक रूपमै देखिन थालेको थियो। प्रदेशले मेयरलाई बाइपास गरेर पालिकाको कर्मचारी नेतृत्वबाट हस्तान्तरणको प्रक्रिया पूरा गर्न खोजेको भन्दै शाही रुष्ट बनेकी हुन्।

अस्पताल स्तरोन्नतिको विषयमा मुख्यमन्त्री र नगर प्रमुखले एक-अर्काको आरोपलाई सार्वजनिक रूपमै खण्डन गरेका छन्। मुख्यमन्त्री शाहले भने दुईपटक पत्र पठाउँदा पनि लम्कीचुहा नगरपालिका नआएपछि व्यवस्थापन समिति गठनलगायत प्रक्रिया अगाडि बढाइएको बताएका छन्। लम्कीमा पत्रकार सम्मेलन गरेर उनले सुरुमा सहमति दिइसकेकाले अन्तिममा भाँजो हाल्न नहुने बताए। 'पालिकाले अनुमति दिएपै स्तरोन्नतिको प्रक्रिया अगाडि बढाइएको हो। प्रादेशिक अस्पताल भइसकेको छ। अब रोकिँदैन, प्रक्रियागत रूपमै सबै कुरा टुंग्याएर प्रादेशिक अस्पताल सञ्चालन हुन्छ,' शाहले भने।

प्रदेशको सामाजिक विकास मन्त्रालयका सचिव डा. हेमराज रेग्मीले लम्कीचुहा अस्पताल प्रदेशमातहत आइसकेको र कर्मचारी व्यवस्थापन तथा सम्पत्ति दायित्व हस्तान्तरणमा सम्झौता गर्न मात्र बाँकी रहेको बताए। 'अहिले देखिएको विवादबारे पालिकासँग छलफल गरिरहेका छौं, केही न केही निकास निस्केला,' उनले भने, 'अब रोकिने ठाउँ छैन।' स्तरोन्नतिको प्रक्रियामा यसअघि पालिकासँग समन्वय गर्न खोजे पनि हुन नसकेको उनले बताए। मन्त्रालयका अनुसार लम्कीलाई प्रादेशिक अस्पतालका रूपमा सञ्चालन गर्न यस वर्ष प्रदेशले चार करोड रुपैयाँ बजेट विनियोजन गरेको छ।

रास्वपाको अबको चुनौती

मिडियामुखी राजनीति, व्यक्तिगत ब्रान्डको होड र कमजोर सामूहिक निर्णय प्रक्रियालाई समयमै सुधार्न सकिएन भने यो अवसर संकटमा बदलिन सक्छ



● प्रकाश भुसाल

अग्रलेख

हालै सम्पन्न निर्वाचन परिणामले फेरि एकपटक नेपालको राजनीतिक मानचित्रलाई गहिरो रूपमा हल्लाएको छ। यो परिणाम धेरैका लागि 'अप्रत्याशित'जस्तो देखिए पनि जमिनमा हिँड्ने, मतदातासँग प्रत्यक्ष संवाद गर्ने र जनभावनाको नाडी छाम्नेका लागि भने यो कुनै आकस्मिक विस्फोट होइन। यो लामो समयदेखि जम्दै आएको आशा, आक्रोश र विकल्प खोजीको स्वाभाविक निष्कर्ष हो। निर्वाचन परिणामले केवल सरकार परिवर्तन गरेको छैन, राजनीतिक संस्कार परिवर्तनको मागलाई पनि वैधानिकता दिएको छ। निर्वाचनको यो नतिजा तीन दशक लामो लोकतन्त्रको अभ्यास, त्यसभित्रका संस्थागत कमजोरी र क्रमशः गहिरिँदै गएको जनअविश्वासको स्वाभाविक निष्कर्ष हो। यसले एउटा स्पष्ट सन्देश दिएको छ, जनता अब विकल्प खोज्ने चरणबाट विकल्पलाई सत्तामा परीक्षण गर्ने चरणमा प्रवेश गरिसकेका छन्। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को दिग्विजयलाई यही ऐतिहासिक मनोविज्ञानबाट बुझ्नुपर्छ।

आशा र आक्रोशको संयुक्त जनादेश : रास्वपाको दिग्विजयलाई केवल चुनावी अंकगणितको सफलता भनेर बुझ्नु पर्याप्त हुँदैन। यो परिणाम बहुआयामिक छ। बाहिरबाट हेर्दा बालेन शाहको ब्रान्ड, 'घन्टी' को प्रतीकात्मक शक्ति र रवि लामिछानेप्रतिको सहानुभूति निर्णायक देखिए पनि भित्री तहमा यो विजय पुरानो राजनीतिक संरचनाप्रतिको गहिरो वितृष्णा, निराशा र प्रतिरोधको अभिव्यक्ति हो। मतदाताले केवल कसैलाई जिताएका छैनन्, उनीहरूले कसैलाई हराएका पनि छन्। त्यो हार केवल उम्मेदवारको होइन, एक पुरानो राजनीतिक शैलीको हो। निर्वाचन परिणाम सतही रूपमा हेर्दा 'लोकप्रियता'को जितजस्तो देखिन सक्छ, तर गहिरो विश्लेषणले देखाउँछ, यो परिणामको वास्तविक इन्धन 'नकारात्मक जनादेश' पनि हो। यो चुनावमा कतै आशा थियो, कतै आक्रोश। कतै नयाँप्रतिको विश्वास थियो, कतै पुरानाप्रतिको अस्वीकार। विशेषतः युवा पुस्ता, जसलाई 'जेन-जी' को रूपमा चिनिन्छ, यो परिणामको सबैभन्दा महत्त्वपूर्ण स्टेकहोल्डर बनेर उभियो ऊ। उनीहरूले पहिलोपटक संगठित रूपमा 'अब पुराना शैली स्वीकार्य छैन' भन्ने सन्देश दिए। यस अर्थमा रास्वपाको विजय केवल पार्टीको होइन, एउटा पुस्तागत मनोविज्ञानको राजनीतिक अनुमोदन हो। राजनीतिक सिद्धान्तमा यसलाई 'प्रोटेस्ट भोट' भनिन्छ, जहाँ मतदाताले कुनै एक शक्तिलाई समर्थन गर्नभन्दा बढी अर्को शक्तिलाई अस्वीकार गर्न मतदान गर्छ। नेपालको पछिल्लो चुनाव यही 'आशा + आक्रोश' को संयोजन हो।

यस विजयका कारण बहुआयामिक छन्। पहिलो, बालेन शाहको व्यक्तित्वले निर्माण गरेको 'ब्रान्ड पावर' हो। उनी केवल एउटा मेयर होइनन्, उनी एउटा 'प्रतीक' बने अस्वीकारको, साहसको र वैकल्पिक सम्भावनाको। दोस्रो, रवि लामिछानेप्रतिको सहानुभूति, राज्य संयन्त्रबाट भएको व्यवहारलाई धेरै मतदाताले 'प्रतिशोध'का रूपमा लिए। तेस्रो, अघिल्लो संसद्मा रास्वपाले देखाएको तुलनात्मक रूपमा सशक्त उपस्थिति, जसले 'बोल्ने र प्रश्न गर्ने' संस्कृति स्थापना गऱ्यो। र, चौथो, पुराना दलप्रतिको गहिरो आक्रोश, ओली, देउवा र प्रचण्डको लामो राजनीतिक वर्चस्वले सिर्जना गरेको थकान। अझ गहिरो तहमा हेर्ने हो भने यो परिणाम जेन-जी चेतनाको संस्थागत रूपान्तरण हो। यस पुस्ताले राजनीतिलाई 'नैतिक आलोचना'को विषयबाट 'व्यावहारिक परिणाम'को मागमा रूपान्तरण गरिदिएको छ। यस अर्थमा यो परिणाम एउटा 'म्यान्डेट' हो, परिवर्तनको, परिणामको र नयाँ राजनीतिक संस्कारको।

यद्यपि, यहीँबाट सबैभन्दा गम्भीर प्रश्न सुरु हुन्छ, के रास्वपा यो म्यान्डेट बोक्न सक्षम छ ? वास्तविकता के हो भने रास्वपा अझै परिपक्व राजनीतिक संगठन बनिसकेको छैन। चुनाव जित्नु र संगठन निर्माण गर्नु दुई फरक पाटा हुन्। चुनावी लहरमा धेरै मानिस जोडिन सक्छन्, तर संस्थागत संरचना बनाउन अनुशासन, दृष्टि र दीर्घकालीन प्रतिबद्धता आवश्यक पर्छ। अहिले रास्वपाभित्र देखिएको सबैभन्दा ठुलो चुनौती यही हो, संख्यामा विस्तार भए पनि गुणस्तरमा स्थिरता नआउनु।

लोकप्रियता 'भर्सेस' संस्थागत क्षमता : राजनीतिशास्त्रमा एउटा महत्त्वपूर्ण बहस छ, लोकप्रियता र संस्थागतताबिचको सम्बन्ध। लोकप्रियता तीव्र गतिमा उक्लिने ऊर्जा हो भने संस्था स्थायित्व दिने संरचना। लोकप्रियता सत्ता दिलाउन पर्याप्त हुन्छ, तर शासन टिकाउन संस्था अपरिहार्य हुन्छ। नेपालको वर्तमान सन्दर्भमा यही प्रश्न निर्णायक बनेको छ, के रास्वपा लोकप्रियतालाई संस्थागत क्षमतामा रूपान्तरण गर्न सक्षम छ ?

यही सन्दर्भमा बालेन शाहको उदय र उनको भूमिकाको चर्चा अपरिहार्य हुन्छ। बालेन्द्रको उदय परम्परागत राजनीतिभन्दा बिल्कुल फरक शैलीको थियो। स्वतन्त्र उम्मेदवारका रूपमा काठमाडौं महानगरको मेयर जित्नु केवल व्यक्तिगत सफलता थिएन, त्यो एउटा राजनीतिक सन्देश थियो। काठमाडौं महानगरमा उनका काम क्रान्तिकारी नभए पनि मानक स्थापित गर्ने खालका रहे, जसले स्थानीय सरकारको अधिकार र राज्य संरचनाबारे राष्ट्रिय बहस सुरु गऱ्यो। उनले औसत काम गरेका भए पनि मेयर पदको गरिमा, स्थानीय सरकारको शक्ति र केन्द्रीय सरकारसँगको सम्बन्धलाई राष्ट्रिय बहसको विषय बनाउने काम गरे। पुराना दलप्रति वाक्कदिक्क भएका स्थानीय तहमा भ्रष्टाचार र राजनीतिक दल भित्रका 'टोले झुन्ड' संस्कृतिबाट हैरान भएका जनताले बालेनमा एउटा साहसी विकल्प देखे। उनले कम बोल्ने, कामले उत्तर दिने, औपचारिकताभन्दा व्यावहारिकता अपनाउने शैलीमार्फत नयाँ राजनीतिक संस्कारको सुरुवात गरे। यसले जनतामा आशा जगायो। तर, लोकप्रियता जति छिटो उक्लिन्छ, त्यति नै छिटो झर्न पनि सक्छ। अहिले पनि उनलाई नजिकबाट चिन्ने-जान्ने नगण्य छन्, त्यसैले मानिसका लागि उनी कहिलेकाहीँ अपरिपक्व, घमण्डी वा टाढा बसेका नेताजस्ता देखिन्छन्। यसले कहिलेकाहीँ उनलाई रहस्यमयी पात्र बनाउँछ र यो नै उनको शक्ति र कमजोरी दुवै हो। यस्तो छवि चिर्न उनको एक मात्र उपाय निरन्तर परिणाम नै हो। कामले उत्तर दिने। अझ महत्त्वपूर्ण कुरा, बालेन अब एक्लो 'व्यक्ति' होइनन्, उनी एउटा 'संस्थागत सम्भावना' हुन्। त्यसैले, उनको सफलताका लागि परिपक्व, अनुभवी र जवाफदेही टिम निर्माण अनिवार्य छ। सानो घेराभित्रको टिमबाट बाहिर निस्केर व्यापक र सन्तुलित संरचना बनाउन नसके उनको राजनीतिक उचाइ दीर्घकालीन नहुन सक्छ।



अर्कातर्फ रवि लामिछानेको भूमिकालाई अलग ढंगले बुझ्नुपर्छ। राजनीतिमा आउनुअघि उनका व्यक्तिगत कमजोरी हुन सक्छन्, तर राजनीतिमा आएपछि उनको नियत स्पष्ट देखिन्छ, केही गर्ने। उनले देखाएको उदारता, नयाँ व्यक्तिलाई अवसर दिने शैली र दबाबबिच पनि टिक्ने क्षमता नेपाली राजनीतिमा दुर्लभ छ। उनले भोगेको प्रतिशोधपूर्ण राजनीतिक प्रहार र कानुनी चुनौतीको स्तर हेर्ने हो भने त्यो कुनै परम्परागत आन्दोलनकारी तथा त्यागी नेताले भोगेभन्दा कम छैन। यही कारणले जनताले उनलाई साथ दिएका हुन्। अहिले उनले बालेनलाई प्रधानमन्त्रीका रूपमा अगाडि सारेर देखाएको नेतृत्व क्षमताले नयाँ आशा पनि जगाएको छ, साथै उनले निर्वाचित संसद्लाई दिएको प्रशिक्षणात्मक मन्तव्य मात्र कार्यान्वन गर्ने हो भने उनको उचाइले व्यक्तिगत, दलगत र राष्ट्रका लागि मानक स्थापित हुनेमा शंका छैन। तर, चुनौती यहीँ छ- यो सम्बन्धलाई टिकाउने। वरिपरिका स्वार्थ समूह, नजिकका मानिसको प्रभाव र शक्ति सन्तुलनको खेलले यो सम्बन्ध बिगार्न सक्छ। यदि यो साख जोगाउन सकिएन भने त्यसको असर सीधै सरकार र पार्टीमा पर्नेछ। अर्को निर्वाचनमा जनतामा जाने त परको कुरा, मुख देखाउनै नसक्ने स्थितिमा पुग्नेछन्।

> बाहिरबाट हेर्दा बालेन्द्र शाहको ब्रान्ड, 'घन्टी' को प्रतीकात्मक शक्ति र रवि लामिछानेप्रतिको सहानुभूति निर्णायक देखिए पनि भित्री तहमा यो विजय पुरानो राजनीतिक संरचनाप्रतिको गहिरो वितृष्णा, निराशा र प्रतिरोधको अभिव्यक्ति हो

रास्वपाको अर्को गम्भीर चुनौती भनेको 'व्यवस्थापन' हो। विभिन्न क्षेत्रबाट आएका मानिसको स्वार्थ, अपेक्षा र व्यवहारलाई समेट्नु सजिलो छैन। राजनीति सबै क्षेत्रको 'अभिभावक' हो, जहाँ सहनशीलता, धैर्य र समन्वय अनिवार्य हुन्छ। अहिले पार्टीभित्र निर्वाचन जित्ने केही सांसद सक्षम र योग्य पनि होलान्, तर उल्लेखनीय संख्यामा कमजोर र अपरिपक्व नै छन्। उनीहरू केवल रवि-बालेन र घन्टीप्रतिको आशा र पुरानो दलप्रतिको आक्रोशको मतबाट जितेका प्रतिनिधि हुन्। केहीमा 'हिरोगिरी' गर्ने, सामाजिक सञ्जालमा लोकप्रिय हुने तर जिम्मेवारी नलिने प्रवृत्ति पनि देखिन्छ। यिनलाई समयमै नियन्त्रण गरिएन भने पार्टीभित्रै अराजकता पैदा हुन सक्छ। यसका साथै बाह्य चुनौती पनि कम छैनन्। अन्तर्राष्ट्रिय रूपमा मध्यपूर्वको द्वन्द्वले आर्थिक प्रभाव पार्न सक्छ। भित्र पुराना दलले अवसर खोजिरहेका छन्, कुनै पनि सानो कमजोरीलाई ठुलो मुद्दा बनाउन बहाना खोजेर बसेका छन्। अझ गम्भीर कुरा, काम गर्न सकिएन भने जनताले केवल आलोचना गर्नेछैनन्, उनीहरू नेताहरूलाई आफ्नो निर्वाचन क्षेत्रमै छिर्न नदिने स्तरसम्म पुग्न सक्छन्।

रास्वपाको संरचनागत द्विविधा : रास्वपा आज एउटा विरोधाभासभित्र छ। एकातिर यसले नयाँ पुस्ताको आकांक्षा, आक्रोश र आशालाई समेटेको छ भने अर्कातिर यसको आन्तरिक संरचना अझै तरल, असंगठित र प्रयोगधर्मी अवस्थामै छ। पार्टीभित्र प्रवेश गरेका धेरै व्यक्ति आआफ्नो क्षेत्रमा स्थापित भए पनि, राजनीतिक संगठन सञ्चालनको अनुभव र अनुशासनमा समान स्तरमा छैनन्। यसले 'पपुलर स्ट्रेन्थ'लाई 'फ्रग्मेन्टेड एनर्जी'मा बदल्ने जोखिम हुन्छ।

अहिले देखिएको एउटा प्रमुख प्रवृत्ति, 'कस्मेटिक राजनीति' विशेष ध्यान दिनुपर्ने विषय हो। सामाजिक सञ्जालमा सक्रियता, न्युज र भ्युजका साथै तात्कालिक लोकप्रियता भएका व्यक्ति पार्टीमा आकर्षित हुनु स्वाभाविक हो। तर, यिनलाई संस्थागत अनुशासन, विचारधारा र दीर्घकालीन दृष्टिकोणमा बाँध्न सकिएन भने यही समूह भविष्यमा अस्थिरताको स्रोत बन्न सक्छ। राजनीति केवल 'भिजिबिलिटी' होइन, यो 'रेस्पोन्सिबिलिटी' हो।

र अन्त्यमा, बालेन्द्र शाहको उदयलाई केवल चुनावी जितका रूपमा बुझ्नु अपूरो हुन्छ, उनी परम्परागत राजनीतिक संस्कारको विकल्पका रूपमा उभिएको एउटा नयाँ शैलीका प्रतिनिधि हुन्, कम बोल्ने, काममार्फत सन्देश दिने र औपचारिकताभन्दा व्यावहारिकतालाई प्राथमिकता दिने। तर, अहिले उनी निर्णायक मोडमा छन्, लोकप्रिय व्यक्तिमा सीमित रहने कि संस्थागत नेतृत्वमा रूपान्तरण हुने ? इतिहासले देखाएको छ, व्यक्ति असाधारण हुन सक्छ, तर दीर्घकालीन रूपमा संस्था नै टिकाउ हुन्छ। यहीँबाट उनको वास्तविक परीक्षा सुरु हुन्छ, वाचापत्र कार्यान्वयन र सक्षम टिम निर्माणमार्फत आफूलाई प्रमाणित गर्ने। अर्कातर्फ, रवि लामिछानेले विभिन्न पृष्ठभूमिका व्यक्तिलाई जोड्ने सेतुका रूपमा आफ्नो क्षमता देखाइसकेका छन्। उनले भोगेको राजनीतिक दबाब र सार्वजनिक परीक्षणले उनलाई खारिएको नेता बनाएको छ, तर अब उनको मुख्य जिम्मेवारी आन्दोलनको ऊर्जा व्यवस्थापन गर्दै संस्थागत दल निर्माण गर्नु हो। रास्वपाको सबैभन्दा ठुलो चुनौती बाह्य होइन, आन्तरिक हो, विभिन्न स्वार्थ, अपेक्षा र अपरिपक्व प्रवृत्तिलाई समेट्दै अनुशासित संरचना बनाउने। मिडियामुखी राजनीति, व्यक्तिगत ब्रान्डको होड र कमजोर सामूहिक निर्णय प्रक्रियालाई समयमै सुधार्न सकिएन भने यो अवसर संकटमा बदलिन सक्छ। तर, यति हुँदाहुँदै पनि अवसर अभूतपूर्व छ, जनताले पहिलोपटक विकल्पलाई परिवर्तनको स्पष्ट म्यान्डेट दिएका छन्। अब प्रश्न एउटै हो, यो यात्रा इतिहास निर्माणतर्फ जान्छ कि विगतको पुनरावृत्तितर्फ ? अन्ततः अपेक्षा यही हो, बालेन सफल प्रधानमन्त्रीका रूपमा उभिऊन्, रविले सफल सभापतिका रूपमा रास्वपालाई व्यक्तिकेन्द्रित होइन, विधि र संस्थामा आधारित लोकतान्त्रिक दलमा रूपान्तरण गरून् र जनताले दिएको विश्वासको वास्तविक कदर होस्। तर, यिनका वाचा असफल भए भने यो केवल एउटा सरकारको असफलता हुनेछैन, यो एउटा पुस्ताको भरोसामाथि गरिएको ऐतिहासिक क्षति हुनेछ। अन्ततः प्रश्न सरल छ, यो जित सत्ता प्राप्तिको हो कि इतिहास निर्माणको ?

---

३ प्रश्न

नेपाल स्वास्थ्य अनुसन्धान परिषद् (एनएचआरसी) का सदस्यसचिव तथा कार्यकारी प्रमुख **डा. प्रमोद जोशी**लाई



नेपालबाट स्वास्थ्य क्षेत्रमा केकस्ता अनुसन्धान भइरहेका छन् र त्यसको कार्यान्वयन पाटो कस्तो छ ?

परिषद्को नियमित काम स्वास्थ्यसम्बन्धी अनुसन्धान नै हो। हामीले आवश्यक परेका स्वास्थ्य क्षेत्रका अनुसन्धान गरिरहेका छौँ। हामीले नियमित रूपमा योजनाअनुसारका अनुसन्धान गर्दै आएका छौँ। कतिपय 'रिसर्च' साझेदारी तथा समन्वयका आधारमा पनि गरिरहेका छौँ। अर्कातर्फ हामीले हालसम्म गरेका सबैजसो रिसर्चमा छलफल चलाउँछौँ र स्वास्थ्य मन्त्रालयलाई सुझावसहित हस्तान्तरण पनि गर्छौं। त्यसको कार्यान्वयन गर्ने दायित्व मन्त्रालय तथा सरोकारवालाको हो।

यस्ता अनुसन्धानका लागि वार्षिक कति बजेट चाहिएला, अहिले कति बजेट खर्च भइरहेको छ ?

हामीसँग वार्षिक आठ करोड आकारको बजेट हुन्छ। तर, त्यसमध्ये आधाजति त कर्मचारी र कार्यालय व्यवस्थापनमा खर्च हुन्छ। रिसर्चमा पुग्दो बजेट छैन। बजेट अभावकै कारण कतिपय अनुसन्धानको दायरा खुम्च्याउनुपर्ने अवस्था छ। अन्य देशको तुलनामा हामीकहाँ स्वास्थ्य क्षेत्रको रिसर्चको बजेट निकै कम भए पनि निरन्तर अनुसन्धान गर्दै आइरहेका छौँ। धेरै नमुना संकलन गरी फराकिलो क्षेत्र तथा आकारमा रिसर्च गर्दा बजेट बढी खर्च हुन्छ। त्यसैले, बजेटकै कमीले कतिपय रिसर्चमा कम्प्रमाइज गर्नुपर्ने अवस्था छ। हामीलाई विश्व स्वास्थ्य संगठन तथा अन्य साझेदार निकायबाट आउने सहयोग पनि कटौती भएको छ। लगानी कम भएपछि पाँच-दश हजारमा पुगेर गर्नुपर्ने रिसर्च पाँच सयमा गर्नुपर्ने हुन्छ। बजेट अभावकै कारण भौगोलिक रूपमा छरिएर गर्नुपर्ने रिसर्चमा पनि चाहेजस्तो गर्न सकिरहेका छैनौँ।

रिसर्च रिपोर्टको प्रभावकारी कार्यान्वयन किन हुन नसकेको होला ?

हामीले स्वास्थ्य क्षेत्रका सवालमा रिसर्च गरेर रिपोर्ट सरोकारवालालाई बुझाउँछौँ। तर, रिसर्चले देखाएको नतिजामा काम गर्न सरोकारवालाबिच समन्वय हुन सकेको देखिन्न। एउटाले अर्को निकायसँग समन्वय नगर्दा हामीले गरेका कतिपय गम्भीर प्रकारका रिसर्च कार्यान्वयनमा आउन नसकेका हुन् भन्ने लाग्छ।

प्रेरक प्रसंग

क्रोधको ताप

धेरै अघि आदि शंकराचार्य र मण्डन मिश्रबिच लगातार १६ दिनसम्म शास्त्रार्थ चल्यो। शास्त्रार्थमा निर्णायकको भूमिकामा थिइन्, मण्डन मिश्रकी विदुषी धर्मपत्नी देवी भारती। शास्त्रार्थ चलिरहेको थियो। हारजितको फैसला हुन बाँकी नै थियो। यसैबिच कुनै विशेष अत्यावश्यक कामका कारण केही समयका लागि देवी भारतीलाई बाहिर कतै जानुपर्ने भयो। त्यसैले बाहिर जानुअघि दुवै विद्वान्को गलामा फूलको माला लगाइदिँदै उनले भनिन्- हे विद्वान् महाशय, म अत्यावश्यक कामका लागि केही समयका लागि बाहिर जाँदै छु। त्यसैले, मेरो अनुपस्थितिमा तपाईंहरूको हारजितको फैसला यही मालाले गर्नेछ। तपाईंहरू आ-आफ्नो शास्त्रार्थ जारी राख्न सक्नुहुन्छ।

यति भनेर निर्णायक देवी भारती शास्त्रार्थ स्थलबाट बाहिरिइन्। दुवै विद्वान्बिचको शास्त्रार्थ चलिरह्यो। केही समयपछि आफ्नो काम पूरा गरेर भारती फर्किइन्। उनले पालैपालो आदि शंकराचार्य र मण्डन मिश्रलाई हेरिन् र निर्णय सुनाइन्। उनले भनिन्- शास्त्रार्थ सभामा उपस्थित विद्वत्जन, यहाँ चलिरहेको यस शास्त्रार्थमा आदि शंकराचार्य विजयी हुनुभएको छ र मण्डन मिश्र पराजित हुनुभएको छ। निर्णायक देवी भारतीको अचानकको घोषणाले सबै दर्शक आश्चर्यमा परे- कुनै आधारविनै यी विदुषीले आफ्नै पतिलाई पराजित गर्ने गरी कसरी निर्णय सुनाइदिइन् ? यसैबिच एक विद्वान्ले निर्णायक देवी भारतीसित विनम्रतापूर्वक सोधे- हे देवी ! तपाईं त यो शास्त्रार्थको बिचमै बाहिर जानुभएको थियो। अहिले फर्किनासाथ तपाईंले केका आधारमा कसरी निर्णय सुनाउनुभयो ?

देवी भारतीले मुसुक्क मुस्कुराउँदै जवाफ दिइन्- जब कुनै पनि विद्वान् शास्त्रार्थमा पराजित हुन लाग्छ, जब उसलाई आफ्नो हार निश्चित लाग्न थाल्छ, त्यतिखेर ऊ निकै क्रुद्ध हुन पुग्छ। उसको शरीर क्रोधको तापले भित्रभित्रै जल्न थाल्छ। यहाँ पनि मेरा पतिको माला उहाँको क्रोधको तापबाट सुकिसकेको थियो। जब कि शंकराचार्यजीको माला भने जस्ताको तस्तै थियो। यसैका आधारमा मैले यो निर्णय सुनाएकी हुँ। सबैले ताली बजाएर उनको निर्णयको समर्थन गरे।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

एसईईलाई मर्यादित बनाऊ

आगामी १९ चैतदेखि देशभर माध्यमिक शिक्षा परीक्षा (एसइई) सुरु हुँदै छ। हरेक वर्ष यस परीक्षालाई सबैले विशेष चासोसाथ हेर्ने गरेको पाइन्छ। तर, परीक्षालाई मर्यादित बनाउने विषयमा भने कसैको पनि ध्यान गएको देखिन्न। कतिपय केन्द्रमा अत्यन्त लापरबाहीपूर्वक परीक्षा सञ्चालन हुने गरेका छन्। परीक्षाफल प्रकाशनपछि फ्लेक्स बोर्डमा ४ जिपिए देखाउन पाइयोस् भनेर धेरैले परीक्षाकेन्द्रमै चलखेल गर्ने गरेका हुन्छन् भन्ने पनि सुनिन्छ। त्यसैले, त्यस्ता अनियमितता हुन्छन् भने त्यसबारे गम्भीरतापूर्वक अनुगमन गरी गलत गर्नेलाई कारबाही गर्न कुनै कसर बाँकी नराखियोस्। अन्यथा, यस्ता परीक्षा आउँछन्, जान्छन्, तिनको मूल्य भने कत्ति पनि बाँकी रहनेछैन।

● **सुधा बलामी**, माछापोखरी, काठमाडौं

एन्फामा राजनीति नगर

राष्ट्रिय खेलकुद परिषद् (राखेप) र अखिल नेपाल फुटबल संघ (एन्फा) बिचको जुँगाको लडाइँले अब नेपाली फुटबलको अलिअलि बाँकी धुकधुकी पनि समाप्त हुने भयो। अब राखेप र एन्फाको विवादले गर्दा नेपाली फुटबल अन्तर्राष्ट्रिय निकाय एएफसी र फिफाद्वारा प्रतिबन्धित हुन पनि बेर छैन। लामो इतिहास बोकेको भए पनि नेपाली फुटबलले अझै बामे सर्न पनि सिकिसकेको छैन। यस्तो अवस्थामा एन्फाको राजनीतिले नेपाली फुटबल थला पर्ने निश्चित छ।

● **शोभिता पुन**, पुतलीसडक, काठमाडौं

बहुभाषिकताको सम्मान

१२ चैतमा हुने सांसदको शपथ ग्रहण समारोहमा ४७ सांसदले मातृभाषामा शपथ लिने र कसैले चाहिँ संस्कृत भाषामा समेत शपथ लिने तयारी गरिरहेको सुन्दा खुसी लाग्यो। बहुजातीय, बहुसांस्कृतिक र बहुभाषिक मुलुकको असली पहिचान झल्किने गरी यसरी सांसदले आआफ्नो मातृभाषा र संस्कृतलगायत भाषामा शपथ लिने तयारी गर्नुले हाम्रो देशको बहुभाषिकताको सम्मान गरेको छ। यस कार्यका लागि हाम्रा सांसद बधाईका हकदार छन्। उनीहरूको यस कार्यको सबैले स्वागत गरौँ।

● **कमला घर्ती मगर**, सानोठिमी, भक्तपुर

सक्ला त कांग्रेसले महाधिवेशन गर्न ?

नेपाली कांग्रेसको केन्द्रीय समिति बैठकद्वारा आगामी २४-२६ भदौमा पार्टीको १५औँ महाधिवेशन गर्ने मिति प्रस्ताव गरेको छ। साथै, उसले आफ्नो वडादेखि प्रदेश अधिवेशनसम्मका मिति पनि प्रस्ताव गरेको छ। सबै तहका अधिवेशनका लागि मितिसमेत तय भएकाले कांग्रेसको आगामी महाधिवेशन घोषित मितिमै हुने अपेक्षा गर्न सकिन्छ।


तर, यो अपेक्षा मात्र हो, ढुक्क हुन सक्ने अवस्था भने पक्कै होइन। किनकि, कांग्रेसले १५औँ महाधिवेशनका लागि मात्र यसअघि पनि पटकपटक मिति तोकेकै हो। तर, ऊ कांग्रेस न पऱ्यो। कुनै पनि मितिमा तालिकाअनुसार काम सम्पन्न भएन। के यसपटकचाहिँ काम घोषित तालिकाअनुसार नै भएर समयमै महाधिवेशन सम्पन्न होला त ? कांग्रेस एउटा सामान्य दल मात्र होइन, यो एउटा जीवित इतिहास पनि हो। तर, यसका केही राज्यसत्ता र पार्टीसत्तामा हालीमुहाली गरेर खेल्न पल्केका नेताका कारण यो भविष्यमा फेरि उठ्नै सक्दैन कि झैँ गरी पछारिएको छ। तैपनि, सोही समूह यतिखेर वैधानिक रूपमा सम्पन्न विशेष महाधिवेशनलाई अस्वीकार गरेर अघि बढ्न खोजिरहेको छ। तिनले आफू जीवित छउन्जेल कांग्रेसलाई अघि बढ्न नदिने प्रस्ट छ।

● **गौरिका केसी**, गल्कोपाखा, काठमाडौं

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

सुखद छैन जलवायुसम्बन्धी विश्वव्यापी प्रतिवेदन

जलवायुसम्बन्धी प्रतिवेदनले हामीले हाम्रो जलवायु कति छिटो परिवर्तन गर्दै छौँ भन्ने तथ्य देखाएको छ



देश/विदेश

● एन्ड्र्यु किङ

हाम्रो ग्रहको तापक्रम निरन्तर बढ्दै छ। हामीले हालै रेकर्ड गरिएका ११ सबैभन्दा ताता वर्षहरूको अनुभव गरेका छौँ। सन् २०२५ विश्व इतिहासकै दोस्रो वा तेस्रो सबैभन्दा तातो वर्ष हो। विश्व मौसम विज्ञान संगठनद्वारा सोमबार प्रकाशित वार्षिक जलवायु अवस्था प्रतिवेदनले हामी अझै पनि जीवाश्म इन्धनमा धेरै निर्भर रहेको संकेत दिन्छ। र, यसले हामीलाई 'डिकार्बोनाइज'को लक्ष्यबाट टाढा पुऱ्याइरहेको छ। चार जलवायु परिवर्तन सूचकको लेन्समार्फत २०२५ लाई फर्केर हेरौँ।

कार्बनडाइअक्साइड : हामीसँग अहिले वायुमण्डलमा कार्बन डाइअक्साइडको मात्रा कीर्तिमानी स्तरमा छ, जुन पूर्वऔद्योगिकस्तरभन्दा लगभग ५० प्रतिशत बढी छ। हामी अझै पनि जीवाश्म इन्धनको प्रयोगमार्फत ठुलो मात्रामा कार्बनडाइअक्साइड उत्सर्जन गरिरहेका छौँ। २०२५ मा विश्वव्यापी उत्सर्जन रेकर्ड उच्चस्तरमा पुग्यो। हामीले उत्सर्जन गर्ने कार्बन डाइअक्साइड लामो समयसम्म वायुमण्डलमा रहन सक्छ।

बढ्दो तापक्रम : २०२५ मा विश्वले रेकर्डमा दोस्रो वा तेस्रो सबैभन्दा तातो वर्ष अनुभव गऱ्यो। औसत तापक्रम पूर्वऔद्योगिक औसतभन्दा लगभग १.४३ डिग्री सेल्सियस माथि थियो। हामीले प्रशान्त क्षेत्रमा हल्का 'ला निना' गतिविधि अवलोकन गरेकाले यो विशेषगरी असामान्य छ। ला निना एक प्रकारको जलवायु ढाँचा हो, जुन प्रशान्त महासागरमा तापक्रम परिवर्तनले उत्पन्न हुन्छ। यसले सामान्यतया अस्ट्रेलियामा हल्का, ओसिलो अवस्था सिर्जना गर्छ र विश्वव्यापी औसत तापक्रममा शीतल प्रभाव पार्छ।

समुद्र र बरफ : २०२५ मा विश्वका महासागरभित्र रहेको तापक्रम कीर्तिमानी तहमा पुग्यो। हाम्रा महासागर तात्दै जाँदा समुद्रको सतह पनि बढ्नेछ। तातो महासागरले अम्लीयकरणलाई पनि गति दिन्छ, जहाँ कार्बन डाइअक्साइडको बढ्दो मात्रा अवशोषित हुन्छ। जसले गर्दा केही समुद्री जनावरका लागि सम्भावित विनाशकारी परिणाम हुन्छन्। आर्कटिक र अन्टार्कटिक बरफको मात्रा पनि औसतभन्दा धेरै कम छ। त्यस्तै, हिमनदीमा बरफको मात्रा पनि उल्लेखनीय रूपमा घटेको छ।

चरम मौसम : अनुसन्धानले देखाउँछ कि २०२५ का धेरै विनाशकारी चरम मौसमी घटना मानव-सञ्चालित जलवायु परिवर्तनले बढाएको थियो। मध्यएसियामा गर्मीको लहर, पूर्वीएसियामा डढेलो र क्यारिबियनमा मेलिसा आँधी तीन उदाहरण मात्र हुन्। 'एट्रिब्युसन' विश्लेषणले हाम्रो हरितगृह ग्यास उत्सर्जनले गम्भीर मौसमी घटनालाई कसरी सामान्य र तीव्र बनाइरहेको छ भनेर प्रकाश पार्छ।

अस्ट्रेलिया कसरी अघि बढ्दै छ : अन्य देशको तुलनामा अस्ट्रेलियाले विश्वव्यापी जलवायुमा असमान प्रभाव पार्छ। यो मुख्यतया हाम्रो प्रतिव्यक्ति कार्बन डाइअक्साइड उत्सर्जन विश्वव्यापी औसतको लगभग तीन गुणा बढी भएकाले भएको हो। औसतमा हामी प्रत्येकले सबै युरोपेली देश र अमेरिकीले भन्दा बढी कार्बन डाइअक्साइड उत्सर्जन गर्छौं। उत्सर्जनले हरितगृह प्रभावलाई बढावा दिन्छ। उत्सर्जन त्यो प्रक्रिया हो, जसद्वारा कार्बनडाइअक्साइड र मिथेनजस्ता हरितगृह ग्यासले पृथ्वीको सतहनजिकै तापलाई फसाउँछन्। त्यसैले, बढी हरितगृह ग्यास उत्सर्जन गरेर हामी विश्वव्यापी तापक्रम वृद्धिमा योगदान पुऱ्याउँदै छौँ। अनुसन्धानले पृथ्वी अघिल्ला दशकको तुलनामा दोब्बर छिटो न्यानो भइरहेको सुझाएको छ।

२०२५ मा हामीले रेकर्डमा चौथो सबैभन्दा तातो वर्ष बितायौँ। अस्ट्रेलियावरपरका समुद्रको वार्षिक सतहको तापक्रम ऐतिहासिक रूपमा उच्चतमस्तरमा पुग्यो, जसले २०२४ मा स्थापित रेकर्ड तापक्रमलाई पनि उछिन्यो। र, गत मार्च हामीले महादेशभरि देखेको सबैभन्दा तातो महिना थियो। यहाँ अस्ट्रेलियामा हामी लामो र तातो गर्मीको लहर र डढेलोसँग पनि लडिरहेका छौँ।

हामीले गर्नुपर्ने काम : २०२५ को जलवायु अवस्था प्रतिवेदनले हामीले हाम्रो जलवायु कति छिटो परिवर्तन गर्दै छौँ भनेर देखाउँछ। र, यो चिन्ताजनक रूपमा अघिल्ला प्रतिवेदनसँग मिल्दोजुल्दो छ, जसले तत्काल कदम चाल्नुपर्ने आवश्यकतालाई प्रकाश पार्छ। प्राथमिकता हाम्रो उत्सर्जन घटाउनु हुनुपर्छ। यसले विश्वव्यापी तापक्रम घटाउनेछ, जुन हामीले यथास्थिति कायम राख्यौँ भने मात्र जारी रहनेछ। केही देशले पहिल्यै द्रुत गतिमा कार्बन उत्सर्जन घटाइरहेका छन्। आंशिक रूपमा नवीकरणीय बिजुली आपूर्तिमा संक्रमणमार्फत यस्तो उत्सर्जन घटाइरहेका छन्। अस्ट्रेलियासहित अन्यले उत्सर्जन घटाउन धेरै छिटो कदम चाल्नु आवश्यक छ।

हामीले हाम्रो 'नेट जिरो' लक्ष्य पनि पूरा गर्नुपर्छ। अन्य धेरै देशमा जस्तै अस्ट्रेलियामा पनि हामीले २०५० सम्ममा नेट जिरोमा पुग्ने लक्ष्य राखेका छौँ। हामी जति चाँडो नेट जिरोमा पुग्छौँ, भविष्यमा हानिकारक जलवायु परिवर्तनको प्रभावबाट बच्ने सम्भावना त्यति नै बढी हुन्छ। नेट जिरो प्राप्त गर्न वायुमण्डलबाट कार्बन हटाउने मात्रा बढाउनुका साथै हाम्रो उत्सर्जनलाई उल्लेखनीय रूपमा घटाउनु आवश्यक छ। जीवाश्म इन्धनबाट टाढा रहेर र अहिले हरितगृह ग्यास उत्सर्जन घटाएर हामी भावी पुस्तालाई यसको सबैभन्दा खराब प्रभावबाट बचाउन सक्छौँ।

(किङ जलवायु विज्ञानका सहप्राध्यापक हुन्)
द कन्भर्सेसनबाट

राजनीतिक रणनीतिअन्तर्गत राहुलमाथि भाजपाको निरन्तर हमला

सबैलाई रहस्यमयी कथा मन पर्छ। केही दिनअघि भारतका सेवानिवृत्त सशस्त्र बलका ८४ जना अधिकारी, चार वरिष्ठ वकिल र केही सेवानिवृत्त कर्मचारी तथा कूटनीतिज्ञले कंग्रेस नेता राहुल गान्धीविरुद्ध एउटा याचिकामा हस्ताक्षर गरेका थिए। याचिकाअनुसार राहुलले 'आफ्ना हर्कतमार्फत सार्वजनिक वहस र शिष्टाचारको स्तर घटाएरहेका छन्।' यसबाहेक उनको व्यवहारमा अहंकार र अधिकारको मनोवृत्ति देखिन्छ रे। कुरा गम्भीर हो। अहंकारी राहुलले कसरी वहसको स्तर घटाए ?

खैर, निवेदनमा भनिएको छ कि 'राहुल गान्धीले अन्य केही संसद्सँगसँगै देशको व्यवस्थापिका भवनको सिँढीमा चिया र बिस्कुट खाइरहेका देखिए, जुन देशको सर्वोच्च व्यवस्थापिका सदस्यका लागि पूर्णतया अनुचित हो।' दुःखको कुरा निवेदनमा उचित तरिकाले चिया र बिस्कुट खानु भनेको के हो भनेर खुलाइएको छैन।



● वीर संघवी

(संघवी भारतीय छापा तथा टेलिभिजन पत्रकार हुन्।)

याचिकामा राहुलले शिष्टाचार अनुचित गरेका अन्य उल्लेख गरिएका छैन। निवेदकको आक्रोश बिस्कुटबाट उत्पन्न हुन्छ, र त्यसमै सकिन्छ। सिँढीमा बसेर बिस्कुट खाँदैमा यति धेरै आक्रोश उत्पन्न हुनु औचित्यपूर्ण हो कि होइन भन्नेबारे आफ्नै तर्क गर्न सकिन्छ। तर, खासमा रहस्यको प्राथमिक अंश त्यो होइन। केही समयअगाडि एक भाजपा सांसदले राहुलको लोकसभा सदस्यता रद्द गर्न र उनलाई चुनाव लड्न आजीवन प्रतिबन्ध लगाउन माग गर्दै प्रस्ताव पेस गरेका थिए। यो कदम असंवैधानिक हुन सक्छ, तर प्रस्तावलाई धेरै भाजपा सांसदको समर्थन देखियो।

राहुल सधैँ निसानामा

भाजपाले लामो समयदेखि राहुललाई एक 'जोकर' र प्रभावहीन व्यक्तिका रूपमा प्रस्तुत गर्दै आएको छ। केही भाजपा समर्थकले अझ अगाडि बढेर राहुल जति लामो समय विपक्षी नेता रहन्छन्, भाजपाका लागि त्यति नै फाइदा हुने बताउँछन्। उनीहरूको विचारमा राहुल यति खराब नेता हुन् कि उनको नेतृत्वमा कंग्रेस निरन्तर सड्दै गएको छ र यसले भाजपालाई फाइदा गरेको छ।



यदि राहुल यति बेकार छन्, भाजपा सरकारका लागि फाईदाजनक र विपक्षका लागि बोझ हुन् भने पुरा भाजपा उनैकै पछि किन लाग्छ ? बिस्कुट खाएको विषयमासम्बन्धी याचिका यति हतास छ कि धेरैलाई यसले हाँसो मात्र उठाउँन सक्छ। जब सदनमा उनको उपस्थितिले (बिस्कुटसहित वा बिना) भाजपा सरकारलाई फाइदामा गर्छ र उनको पार्टीलाई हानी गर्छ भने उनलाई संसद् बाट निकाल्ने प्रयास किन ? मैले यी प्रश्नको एउटै पनि भरपर्दो उत्तर पाउन सकेको छैन। यसबाहेक, मैलेजस्तै तपाईंले पहिले यस्तो केही प्रयास गरिसक्नुभएको छ र त्यो नराम्रोसँग असफल भएको छ यसको कारण बुझ्नका तपाईं सर्लक होम्स हुनु आवश्यक छैन।

> राहुल गान्धी जति लामो समय विपक्षी नेता रहन्छन्, भाजपाका लागि त्यति नै फाइदा हुने भाजपा समर्थक बताउँछन्। तर, सदनमा उनको उपस्थितिले भाजपा सरकारलाई फाइदा गर्छ र उनको पार्टीलाई हानि गर्छ भने पटक-पटक उनलाई संसद्बाट निकाल्ने प्रयास किन ?

सन् २०२३ मा सुरतको एक अदालतका न्यायाधीशले राहुल गान्धीलाई मानहानिको दोषी ठहर गर्दै दुई वर्षको जेल सजाय सुनाए। लगतै उनको संसद पद गयो। तर यस फैसलाले पनि राहुललाई निरुत्साहित गरेजस्तो देखिएन। उनले देशभर भाजपाको विरोध गरिरहे। त्यसको केही महिनापछि सर्वोच्च अदालतले फेरि राहुलको पुरानो सजाय उल्टाउदै उनको पक्षमा फैसला सुनायो र उनी संसद्मा पुनर्स्थापित भए।

त्यसो भए यति उल्लेखनीय असफलतापछि फेरि किन उही पुरानै काम गर्ने ? राहुलका बारेमा किन यति धेरै आक्रोशित हुने ? सार्वजनिक बहस र संसदीय मर्यादाका लागि खतराको रूपमा उनलाई चित्रण गर्न किन यति धेरै प्रयास गर्ने ? किन उनलाई बेवास्ता नगर्ने ?

कंग्रेसको आफ्नै व्याख्या छ। कंग्रेसको दाबी छ कि भाजपा राहुलको बढ्दो लोकप्रियताबाट यति अत्तालिएको छ कि उनको बाटोमा बाधा पुऱ्याउन खोजिरहेको छ। प्राय यथार्थवादी कंग्रेसीजनले मन पराएको दोस्रो व्याख्या भने सरकार गान्धी परिवार र विशेषगरी राहुलप्रतिको घृणाले यति अन्धो भएको छ कि उसले विवेकहीन ढंगले काम गर्न थालेको छ।

म दुवै व्याख्या स्वीकार गर्दिनँ। भारतीय राजनीतिमा केही चलाख रणनीतिकारद्वारा भाजपा सञ्चालित छ, जो विरलै यसरी सोचविचार नगरी काम गर्ने गर्छ। त्यसैले, स्पष्ट रूपमा यसका पछाडि केही रणनीति छ। तर, यसबारे कसैलाई थाहा छैन।

राहुलविरुद्ध कथा बुन्दै भाजपा

मलाई शंका छ कि भाजपाको गुरुयोजनामा राहुललाई राजनीतिबाट बाहिर निकाल्ने कुरा समावेश छ। तिनीहरू सफल भए पनि तिनीहरूले प्राप्त गर्ने भनेको प्रियंकालाई कंग्रेसको नेतृत्वका लागि धकेल्नु मात्र हो। अर्को चुनावमा युद्धले थाकेका राहुलभन्दा नयाँ अनुहारले बढी चुनौती दिन सक्छ। यसबाहेक, राहुलमा यति धेरै ध्यान केन्द्रित गरेर भाजपाले उनलाई विपक्षको सबैभन्दा महत्त्वपूर्ण नेताजस्तो देखाउने जोखिम उठाएको छ, जुन कुरा विपक्षीलाई कत्ति मन परेको छैन।

यसको एउटा मात्र व्याख्या छ, जुन केही अर्थपूर्ण छ। भाजपालाई थाहा छ कि अर्को चरणको विधानसभा चुनाव सकिएपछि प्रमुख निर्वाचन आयुक्तकेन्द्रित आलोचना हुनेछ (मानौं कि उनले विपक्षीले अपेक्षा गरेजस्तै व्यवहार गर्छन्)। राष्ट्रपतिको अपमान भएको भनिएको आरोपमा हालै भएको हंगामालाई विचार गर्नुहोस्। यो मुद्दा कहिल्यै अगाडि बढेन। तर, प्रधानमन्त्री र उनको सम्पूर्ण मन्त्रिपरिषद्ले राष्ट्रपतिको कार्यालयजस्ता संस्थाप्रति सम्मानको कमीका बारेमा पोस्ट गरे। अब, राहुल र उनको बिस्कुटमाथि संसद्प्रति सम्मानको कमीको आरोप लगाइएको छ।

के यो भाजपाको विषय बन्नेछ ? के यसले निरन्तर भनिरहनेछ कि विपक्षीलाई भारतका संस्थाहरू, चाहे त्यो राष्ट्रपतिको कार्यालय होस् वा संसद्प्रति कुनै सम्मान छैन ? यसरी, जब विपक्षीले मुख्य निर्वाचन आयुक्तका बारेमा गुनासो गर्छ, भाजपाले भन्न सक्छ कि यो भारतीय लोकतन्त्रका संस्थामाथिको ठुलो आक्रमणको अंश हो। यसले औँल्याउनेछ कि यो भाजपाको मात्र दृष्टिकोण होइन। राष्ट्रपति आफैँले गुनासो गरेका छन्। नागरिक समाजका प्रतिष्ठित सदस्यहरू (बिस्कुट डेकोरमका मानिसहरू) ले पनि संस्थाहरूप्रति सम्मानको कमीमा दुःख व्यक्त गरेका छन्।

मलाई लाग्दैन कि यो कथाको रूपमा काम गर्नेछ। हामी सबैले उनीप्रति गरेको सम्मानका बाबजुद राष्ट्रपतिको बैठकस्थल वा बाथरुममा पानीको अभावबारे भएका गुनासाबारे कसैले पनि धेरै वास्ता गरेन। बिस्कुटको याचिकालाई मजाकको रूपमा खारेज गरिएको छ। तर, कथा यसरी नै निर्माण हुन्छ। तपाईं बारम्बार एउटै कुरा भनिरहनुहुन्छ, जबसम्म तपाईंले वास्तवमै बचाउन चाहनुभएको व्यक्तिको बचाउ गर्ने समय आउँदैन।

के राहुलमाथिको आक्रमणको रहस्यको समाधान यही हो ? यस चरणमा भन्न गाह्रो छ। तर, हेरौँ विधानसभा चुनाव कसरी जान्छ र निर्वाचन आयोगले विपक्षीले भनेजस्तै व्यवहार गर्छ कि गर्दैन। यदि त्यसो भयो भने संस्थाहरूप्रति सम्मानको कमीको कथा अन्ततः अर्थपूर्ण हुनेछ। र, राहुलमाथिको आक्रमण ठुलो ढाँचामा फिट हुनेछ।

(द प्रिन्टबाट)

इतिहासमा आज मार्च २६



● **सन् १९७१** : शेख मुजिबुर रहमानले पूर्वपाकिस्तान सार्वभौम बंगलादेश बनेको घोषणा गरे। अघिल्लो वर्षको आमनिर्वाचनमा मुजिबुर नेतृत्वको अबामी लिगले पाकिस्तानभर बहुमत प्राप्त गर्दा पनि सरकार बनाउन रोकिएपछि सुरु भएको संकटका कारण अन्ततः पाकिस्तान टुक्रिन पुग्यो।

● **सन् १७९०** : अमेरिकी कंग्रेसले देशका नागरिकलाई परिभाषित गर्ने पहिलो अमेरिकी विधेयक 'नेचुरलाइजेसन एक्ट' पारित गऱ्यो। यसले दुई वर्षदेखि अमेरिकी भूमिमा बसोवास गरेका 'असल चरित्र भएका' गोरा व्यक्ति मात्र अमेरिकी नागरिक हुने व्यवस्था गरेको थियो।

● **सन् १८०४** : अमेरिकी कंग्रेसले एक वर्षअघि फ्रान्सबाट खरिद गरिएको विशाल भूमि लुजियानाको दक्षिणी भागलाई अलग गरेर 'ओलियन्स टेरिटोरी' निर्माण गऱ्यो।

● **सन् १९४५** : दोस्रो विश्वयुद्धका भीषणमध्ये एक 'आइओ जिमा टापुको' युद्धमा ३६ दिने लडाइँपछि अमेरिका सो रणनीतिक टापु जापानबाट खोस्न सफल भयो।

● **सन् १९५३** : अमेरिकी वैज्ञानिक डा. जोनास सल्कले पोलियोविरुद्धको नयाँ खोप विकास गरेको घोषणा गरे।

● **सन् १९७९** : इजरायल र इजिप्टबिचको द्वन्द्व अन्त्य गराउन अमेरिकाको प्रयासमा 'क्याम्प डेभिड सम्झौता' भएको केहीपछि दुई देशबिच यसै दिन शान्ति सम्झौतामा हस्ताक्षर भयो। सम्झौतामा इजरायलका प्रधानमन्त्री मेनाचेम बेगिन र इजिप्टका राष्ट्रपति अनवर सद्दातले हस्ताक्षर गरेका थिए।

● **सन् १९८९** : सोभियत संघको इतिहासमा विधायिक निर्वाचनमा पहिलोपटक गैरकम्युनिस्ट दल र स्वतन्त्र उम्मेदवारलाई पनि प्रतिस्पर्धा गर्न दिइयो।

● **सन् १९९५** : युरोपका नौ देशले एक-अर्काको नागरिकलाई आफ्नो सीमाभित्र स्वतन्त्र आवागमनको अधिकार दिने गरी गरेको 'सेन्जेन सम्झौता' कार्यान्वयनमा आयो।

इरानले प्राप्त गऱ्यो अमेरिकाको युद्ध अन्त्यसम्बन्धी प्रस्ताव

तेहरान/ इरानले अमेरिकाले युद्ध अन्त्य गर्ने सम्बन्धमा पठाएको प्रस्ताव प्राप्त गरेको पुष्टि गरेको छ। रोयटर्स, एसोसिएटेड प्रेस र एएफपीलगायत धेरै समाचार एजेन्सीले पाकिस्तानी अधिकारीले अमेरिकी प्रस्ताव इरानलाई बुझाएको र प्रतिक्रियाको पर्खाइमा रहेको लेखेका छन्।

पन्ध्रबुँदे प्रस्तावलाई इरानले 'अनुचित माग'का रूपमा वर्णन गरेको छ। इरानी स्रोतले प्रस्तावमा उल्लिखित बुँदा मिडियामा आएकोभन्दा भिन्न रहेको बताएको अलजजिराले लेखेको छ।

इरानले आफू प्रतिद्वन्द्वी पक्षजस्तो माग नबदल्ने बताउँदै युद्ध अन्त्य गर्नेसम्बन्धी अडानमा स्पष्ट रहेको बताएको छ। इरानी स्रोतलाई उद्धृत गर्दै अलजजिराले लेखेको समाचारमा फेब्रुअरी २८ मा अमेरिकाले आक्रमण गरेदेखि इरान र अमेरिकाबिच अप्रत्यक्ष वार्ता पनि नभएको तथापि मध्यस्थकर्तामार्फत सन्देश आदानप्रदान भइरहेको लेखेको छ।

तेहरानले युद्ध अन्त्य गर्ने सम्बन्धमा आएको अमेरिकी प्रस्तावलाई 'नकारात्मक' प्रतिक्रिया जनाए पनि यसलाई पूर्ण रूपमा अस्वीकार गरे-नगरेको सम्बन्धमा विरोधाभाषी कथन बाहिर आइरहेको छ।

रोयटर्स समाचार एजेन्सीले एक वरिष्ठ इरानी अधिकारीलाई उद्धृत गर्दै लेखेको समाचारमा 'प्रस्तावप्रति तेहरानको प्रारम्भिक प्रतिक्रिया सकारात्मक नरहेको, तथापि प्रस्तावमाथि अझै समीक्षा भइरहेको' उल्लेख छ। तथापि, रोयटर्सको समाचार इरानी सरकारी प्रसारण संस्था 'प्रेस टिभी'सँग बाझिएको छ, जसले एक वरिष्ठ राजनीतिक सुरक्षा अधिकारीलाई उद्धृत गर्दै तेहरानले युद्ध अन्त्य गर्न आफ्नै सर्त अघि सार्दै अमेरिकी प्रस्ताव अस्वीकार गरेको समाचार प्रसारण गऱ्यो।

यसबिच, इरानको अर्ध-आधिकारिक समाचार एजेन्सी 'फार्स'ले 'ज्ञात स्रोत'लाई उद्धृत गर्दै तेहरानले युद्धविराम स्वीकार नगर्ने र वार्तामा प्रवेश गर्नु 'तार्किक' नहुने विश्वास गरेको समाचार छापेको छ।

कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित र संचालित

स्नो रिभर्स लिमिटेड
Snow Rivers Limited

रजिष्टर्ड कार्यालय : का.म.न.पा.-३०, ज्ञानेश्वर, काठमाण्डौ, नेपाल, फोन नं. ०१-४५४२७८२
इमेल: info@snowrivers.com.np वेवसाइट: www.snowrivers.com.np

वैदेशिक रोजगारीमा रहेका नेपालीहरुको निमित्त साधारण शेयर निष्काशन तथा बिक्री बन्द गरिएको बारे सूचना

स्नो रिभर्स लिमिटेडको रु. १००/- अंकित दरको ९३,७५० कित्ता साधारण शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपाली नागरिकहरुको लागि मिति २०८२ चैत्र ९ गते सोमबारदेखि निष्काशन तथा बिक्री खुल्ला गरिएकोमा आवेदकहरुबाट माग गरे भन्दा बढि शेयर खरिदका लागि आवेदन प्राप्त हुन आएकोले **आज मिति २०८२ चैत्र १२ गते बिहीबार बैंकिङ्ग समय पश्चात्** सो शेयरका लागि आवेदन लिने कार्य बन्द गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि सूचित गर्दछौं।

यस निष्काशन कार्यमा संलग्न सम्पूर्ण सि-आस्वा C-ASBA सदस्य बैंक तथा वित्तीय संस्थाहरुले यसै सूचनालाई आधिकारीक मानी साधारण शेयरका लागि दरखास्त बुझिलिने कार्य **आज मिति २०८२ चैत्र १२ गते बिहीबार बैंकिङ्ग समय पश्चात्** बन्द गर्नुहुन अनुरोध गर्दछौं।

दरखास्त दिनु पर्ने न्यूनतम शेयर संख्या : १० कित्ता | **दरखास्त दिन पाउने अधिकतम शेयर संख्या : १,००० कित्ता**

दरखास्तसाथ प्रति शेयर रु.१००/- का दरले शत्प्रतिशत भुक्तानी गर्नुपर्ने

सक्षिप्त वित्तीय विवरण

विवरण	वास्तविक			*२०८२/२०८३ पौष मसान्त	प्रक्षेपित		
	आ.व. ०७९/८०	आ.व. ०८०/८१	आ.व. ०८१/८२		आ.व. ०८२/८३	आ.व. ०८३/८४	आ.व. ०८४/८५
प्रति शेयर नेटवर्थ (रु.)	१००.५९	१००.८७	१०५.०६	१०७.४६	१०७.१४	११६.६०	१२८.२६
प्रति शेयर आम्दानी (रु.)	०.४२	०.७५	४.९८	४.९८	७.००	९.४६	११.६५
संचित नाफा (नोक्सान) रु. हजारमा	२,२१९	५,६२४	३७,९२२	५५,९७८	६६,९८२	१,५५,६५९	२,६४,८९५

*नोट : * गत आ.व.को अपरिष्कृत वित्तीय विवरण कम्पनीको लेखापरीक्षक तथा व्यवस्थापनबाट प्रमाणित भएको हो।*

प्रति मेगावाट लागत सम्बन्धी विवरण:

स्नो रिभर्स लिमिटेडद्वारा प्रवर्द्धित "सुपर काबेली खोला ए जलविद्युत आयोजना (१३.५ मे.वा.)" को निर्माण अवधिको ब्याज (IDC) सहित प्रति मेगावाट लागत रु.२०,१४,१४,०००/- (अक्षरेपि बीस करोड चौध लाख चौध हजार मात्र) तथा कुल लागत रु.२,७१,९०,८५,०००/- (अक्षरेपि दुई अर्ब एकहत्तर करोड नब्बे लाख पचासी हजार मात्र) रहेको छ।

विद्युत उत्पादन अनुमतिको बाँकी अवधि तथा हस्तान्तरण सम्बन्धी विवरण:

यस आयोजनाको विद्युत उत्पादन अनुमतिपत्र वहाल रहने अवधि मिति २०७८/०७/१२ गते देखि मिति २११३/०७/११ गते सम्म रहेकोले हाल ३१ वर्ष २ महिना बाँकी रहेको छ। साथै, विद्यमान व्यवस्था बमोजिम मिति २११३/०७/१२ गते पश्चात् यस आयोजना नेपाल सरकारलाई हस्तान्तरण गरिनेछ।

परियोजनाको लगानी फिर्ता हुने अवधि (Pay Back Period) सम्बन्धी विवरण:

आयोजनाको साधारण लगानी फिर्ता हुने अवधि (Normal Pay Back Period) ८.१७ वर्ष र डिस्काउन्टमा लगानी फिर्ता हुने अवधि (Discounted Pay Back Period) १५.७७ वर्ष रहेको छ।

क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था

स्वीकृत विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्यूअर रेटिङ्ग गराउनु पर्ने भएकोले "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था इक्रा नेपाल लिमिटेड, डिल्लीबजार, काठमाण्डौबाट क्रेडिट रेटिङ्ग गराई "[ICRANP-IR] BB+ [Pronounced as ICRA NP Issuer Rating Double B Plus]" प्रमाणपत्र प्राप्त गरेको छ। "[ICRANP-IR] BB+" ले Moderate risk of default regarding timely servicing of financial obligations बुझाउँछ। यो मिति २०८२/०६/३१ गते सोहि रेटिङ्ग एजेन्सीबाट अद्यावधिक (Upgraded) भएको हो। ईक्रा नेपाल लिमिटेडले [ICRANP-IR] AAA देखि [ICRANP-IR] D सम्मको रेटिङ्ग प्रदान गर्दछ। जसमा [ICRANP-IR] AAA ले बलियो आधार जनाउँछ भने [ICRANP-IR] D ले कमजोर आधार जनाउँछ। रेटिङ्ग संकेत पछाडि रहने + (जोड) वा – (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितिलाई जनाउँदछ। सो सम्बन्धी विवरण स्वीकृत विवरणपत्रको दफा ग.२२ (ट) पृष्ठ नं. ४१ मा उल्लेख गरिएको छ।

रेटिङ्ग प्रदान गरेको मिति : अक्टोबर १७, २०२५ (मिति २०८२/०६/३१) | **बहाल रहने अवधि : अक्टोबर १६, २०२६ (मिति २०८३/०६/३०)**

लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनु हुन अनुरोध गर्दछौं।

निष्काशन तथा बिक्री प्रबन्धक :

SanimaCapital
(A wholly owned subsidiary of Sanima Bank Ltd.)
रजिष्टर्ड कार्यालय: सममार्ग, नक्साल-१, काठमाण्डौ, फोन नं. ०१-४५४०५०८/०१-४५३६३७५/०१-४५३५९३६
Email: sanimacapital@sanimacapital.com, Website: www.sanima.capital

NMB MUTUAL FUND
एनएमबि म्युचुअल फण्ड
NMB Sulav Investment Fund II

एनएमबि म्युचुअल फण्ड
अन्तर्गत संचालित एनएमबि सुलभ इन्भेष्टमेन्ट फण्ड-२

धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम नेपाल धितोपत्र बोर्डबाट २०७९/०४/०५ मा योजना संचालन अनुमति प्राप्त योजनाको निर्धारित समयावधि समाप्ती मिति २०८९/०५/१४

२०८२ फाल्गुण मसान्तको खुद सम्पत्ति मूल्य सम्बन्धी विवरण

	खुद सम्पत्ति मूल्य सम्बन्धि विवरण	फाल्गुण मसान्त २०८२ (रु)	माघ मसान्त २०८२ (रु)
क. धितोपत्र तथा अन्य लगानी			
१	सूचीकृत शेयर	१,२८०,६९७,२४२.३०	१,२०४,५३३,७९६.२०
२	ऋणपत्र/बोण्ड	७९,०९६,९२३.००	७८,१११,२९५.४०
३	सार्वजनिक निष्काशन/हकप्रद शेयर/बोनस शेयर	६१,४३३,१२६.६२	७१,०२९,६४२.७८
४	ट्रेजरी बिल	३०,५४९,८४१.०६	२९,०१३,०३३.४८
	जम्मा	**१,४५१,७७७,१३२.९८**	**१,३८२,६८७,७६७.८६**
ख. चालु सम्पत्ति			
१	बैंक मौज्दात	३८,३५६,९३७.११	३८,८२३,४७६.१९
२	अन्य सम्पत्ति	४,५५८,०६७.९१	४२९,०४०.६३
	जम्मा	**४२,९१५,००५.०२**	**३९,२५२,५१६.८२**
ग. चालु दायित्व			
१	अन्य दायित्व	३३४,९५२.००	४५३,५३३.६८
	जम्मा	**३३४,९५२.००**	**४५३,५३३.६८**
कूल सम्पत्ति घ=(क+ख-ग)		**१,४९४,३५७,१८६.००**	**१,४२१,४८६,७५१.००**
भुक्तानी हुन बाँकी सेवा शुल्क (ङ)			
योजना व्यवस्थापक तथा डिपोजिटरी शुल्क		३,९६१,१२९.९७	१,९४४,१९९.४७
कोष सुपरीवेक्षक शुल्क		२३३,००७.६५	११४,३६४.६८
खुद सम्पत्ति (घ-ङ)		**१,४९०,१६३,०४८.३८**	**१,४१९,४२८,१८६.८५**
जम्मा इकाई		**१२२,१००,०००.००**	**१२२,१००,०००.००**
प्रति इकाई खुद सम्पत्ति मूल्य		**१२.२०**	**११.६३**

आय व्यय विवरण

क्र.स.	विवरण	फाल्गुण मसान्त २०८२ (रु)	माघ मसान्त २०८२ (रु)
१	प्राप्त भइ सकेको ब्याज, लाभांश तथा अन्य आम्दानी	२४,३८४,२९१.०७	२४,०७८,५४६.८४
२	प्राप्त भइ नसकेको ब्याज तथा लाभांश आम्दानी	२०५,६८९.३९	४२८,६७०.६३
३	प्राप्त भइ नसकेको पूँजीगत आम्दानी/(नोक्सानी)	(३३,८७६,१२०.४२)	(१०४,४१७,६१४.६७)
४	पूँजीगत आम्दानी/(नोक्सानी)	६७,९०२,६२३.४२	६५,६३७,४१२.६६
	जम्मा आम्दानी	**५८,६१६,४८३.४६**	**(१४,२७२,९८४.५४)**
१	स्टक एक्सचेञ्ज सूचीकरण शुल्क	५०,०००.००	५०,०००.००
२	योजना लेखापरीक्षण शुल्क	१६९,५००.००	१६९,५००.००
३	योजना व्यवस्थापक तथा डिपोजीटरी शुल्क	१६,२०६,७७३.२४	१४,१८९,८४२.७४
४	कोष सुपरीवेक्षण शुल्क	९५३,३३९.६३	८३४,६९६.६६
५	वार्षिक सिडिएस तथा सफ्टवेयर जडान/मर्मत शुल्क	१७०,०००.००	१७०,०००.००
६	अन्य खर्च	१९३,२४०.०५	१७४,२०७.०५
	जम्मा खर्च	**१७,७४२,८५२.९२**	**१५,५८८,२४६.४५**
	कूल आय/(व्यय)	**४०,८७३,६३०.५४**	**(२९,८६१,२३०.९९)**

क्र.सं.	धितोपत्र	संख्या	सम्पत्तिको मूल्य (रु)
	वाणिज्य बैंक समूह		
१	ग्लोवल आइएमई बैंक लिमिटेड	१६२,००१	३९,५७६,८४४.३०
२	माछापुच्छे बैंक लिमिटेड	१७७,९९५	४४,५८७,७४७.५०
३	एनआईसी एशिया बैंक लिमिटेड	१७१,०४९	५९,८१५,८३५.३०
४	सानिमा बैंक लिमिटेड	११६,२१२	४०,८४८,५१८.००
५	सिद्धार्थ बैंक लिमिटेड	१३८,७३४	५५,२१६,१३२.००
			२४०,०४५,०७७.१०
	विकास बैंक		
६	गरिमा विकास बैंक लिमिटेड	११०,११०	४६,३०१,२५५.००
७	मुक्तिनाथ विकास बैंक लिमिटेड	१८५,०५४	७२,११५,५४३.८०
८	सालपा विकास बैंक लिमिटेड	७७४	७३४,२१६.४०
९	सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेड	१५९,०७४	७०,१५१,६३४.००
			१८९,३०२,६४९.२०
	जीवन बीमा समूह		
१०	हिमालयन लाईफ इन्स्योरेन्स लिमिटेड	४७,२३९	१८,२५७,८७३.५०
११	नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड	१३८,०४२	८४,४८१,७०४.००
१२	नेपाल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड	१०८,५०८	८८,१०८,४९६.००
१३	सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	५९,३२६	२४,२०५,००८.००
			२१५,०५३,०८१.५०
	निर्जीवन बीमा समूह		
१४	नेको इन्स्योरेन्स लिमिटेड	१९,८९९	१३,११३,४४१.००
१५	सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लिमिटेड	१०३,२११	६३,४२३,१५९.५०
१६	सिद्धार्थ प्रिमियर इन्स्योरेन्स लिमिटेड	११४,५८९	८३,७६४,५५९.००
			१६०,३०१,१५९.५०
	उत्पादन र प्रशोधन उद्योग समूह		
१७	रिलायन्स स्पिनिङ्ग मिल्स लिमिटेड	६१७	५५१,१६६.१०
१८	शिवम् सिमेन्ट लिमिटेड	५९,१७५	३८,९९६,३२५.००
१९	श्रीनगर एग्रीटेक इन्डष्ट्रिज लिमिटेड	१,६८४	२,२१०,२४०.००
२०	एसवाई प्यानल नेपाल लिमिटेड	२,३१४	४,२८०,९००.००
२१	युनिलिभर नेपाल लिमिटेड	८०३	३७,१७८,९००.००
			८३,२१७,५३१.१०
	हाइड्रो पावर समूह		
२२	बुङ्गल हाईड्रो लिमिटेड	१,१२९	७५०,७८५.००
२३	दरमखोला हाईड्रो इनर्जी लिमिटेड	६१२	४९५,७२०.००
२४	माउन्टेन इनर्जी नेपाल लिमिटेड	५६,३९३	३५,२२८,७०७.१०
२५	रु रु जलविद्यूत परियोजना लिमिटेड	१०२,५७१	७१,६९७,१२९.००
२६	सोलु हाइड्रोपावर लिमिटेड	४,४९०	६०८,१७०.५०
			१०८,७८०,५११.६०
	लघुवित्त वित्तीय संस्था		
२७	आशा लघुवित्त वित्तीय संस्था लिमिटेड	२२,७५७	२६,४४३,६३४.००
२८	छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड	६७,५००	६३,९९०,०००.००
२९	नेशनल लघुवित्त वित्तीय संस्था लिमिटेड	६९,०२९	८१,६६१,३०७.००
३०	नेष्डो समृद्ध लघुवित्त वित्तीय संस्था लिमिटेड	२२,४२०	३५,८०४,७४०.००
३१	साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड	४७,०५४	३७,५४९,०९२.००
			२४५,४४८,७७३.००
	अन्य		
३२	झापा इनर्जी लिमिटेड	३१०	४५३,८४०.००
			४५३,८४०.००
	होटल्स् तथा पर्यटन समूह		
३३	बन्दीपुर केबलकार एंड टुरिजम लिमिटेड	२,८८१	२,७८०,१६५.००
३४	होटल फरेष्ट इन लिमिटेड	१,७९२	२००,३४५.६०
			२,९८०,५१०.६०
	म्युचुअल फण्ड समूह		
३५	ग्लोबल आइएमई समुन्नत योजना २	१५०,०००	१,४०४,०००.००
३६	एचएलआई लार्ज क्याप फण्ड	५००,०००	४,७७०,०००.००
३७	कुमारी सबल योजना	४७५,०००	४,५५०,५००.००
३८	एमबीएल इक्विटी फण्ड	२३५,२३०	२,५१४,६०८.७०
३९	मुक्तिनाथ म्युचुअल फण्ड १	२००,०००	२,०००,०००.००
४०	एनआईबिएल ग्रोथ फण्ड	५००,०००	४,७७५,०००.००
४१	एन आई सि एशिया ग्रोथ फण्ड २	५००,०००	४,७२०,०००.००
४२	एनआईबिएल स्टेबल फण्ड	४५०,०००	४,३२०,०००.००
४३	आरबिबि फोकस ४०	२००,०००	१,९०४,०००.००
४४	रिलायबल समृद्धि योजना	४००,०००	४,०७६,०००.००
			३५,०३४,१०८.७०
	कूल	**५,८८५,५७८**	**१,२८०,६९७,२४२.३०**
	म्युचुअल फण्ड समूह (खुलामुखी योजना)		
१	सिटिजन्स सदाबहार योजना	१५०,०००	१,६१२,५००.००
२	प्रभु सिस्टमेटिक इन्भेष्टमेन्ट स्किम	१५०,०००	१,५९३,०००.००
	कूल		**३,२०५,५००.००**
	डिबेन्चर समूह		
१	बि.ओ.के. डिबेन्चर २०८६ "क"	३२,९१८	३९,६३३,२७२.००
२	ग्लोबल आइएमई बैंक लिमिटेड डिबेन्चर २०८६/८७	२,५००	२,७००,०००.००
३	ग्लोबल आइएमई बैंक लिमिटेड डिबेन्चर २०८४/८५	८,६२९	१०,१०४,५५९.००
४	८.५% माछापुच्छ्रे बैंक डिबेन्चर २०८७	३००	३३१,८००.००
५	१०.५% नेपाल इन्भेष्टमेन्ट डिबेन्चर २०८२	१,५००	१,५३०,०००.००
६	१०.% नेपाल इन्भेष्टमेन्ट डिबेन्चर २०९०	९,२६४	११,०९८,२७२.००
७	९% नेपाल एसबिआई बैंक डिबेन्चर २०८९	१,०००	१,१८६,०००.००
८	१०% एनआईसि एशिया डिबेन्चर २०८५/८६	९००	१,०४२,०२०.००
९	१०.३०% स्टयाण्डर्ड चार्टर्ड बैंक लिमिटेड	१०,०००	११,४७१,०००.००
	कूल	**६७,०११**	**७९,०९६,९२३.००**

थप प्रकटीकरणहरु :

१ सूचिकृत तथा सूचिकृत नभएको शेयर तथा डिबेन्चर गरी २०८२ फाल्गुण मसान्तसम्मको लागत मूल्यमा कूल लगानी (धितोपत्र दलाल कमिशन, सेबोन शूल्क, डि.पि शूल्क समेत) रु १,२२८,२७७,७६३।२३ (अक्षरेपि एक अर्ब बाइस करोड बयासी लाख सतहत्तर हजार सात सय त्रिसट्ठी रुपैयाँ तेइस पैसा मात्र) रहेको छ।

२ योजनाको श्रावण २०८२ देखि फाल्गुण २०८२ सम्म धितोपत्र कारोबार गर्दाको लागत (धितोपत्र दलाल कमिशन, सेबोन शूल्क,डि.पि शूल्क) रु १,३८२,५७२।६४ (अक्षरेपी तेह्र लाख बयासी हजार पाँच सय बहत्तर रुपैयाँ चौसट्ठी पैसा मात्र) रहेको छ।

३ हकप्रद शेयर र बोनस शेयरको हकमा शेयर दाखिल खारेज बन्द मितिको दिन गणना गरी प्राप्त हुने हकप्रद/बोनस शेयरलाई खुद सम्पत्तिमा समावेश गरिएको छ। सो हकप्रद/बोनस शेयरको मूल्याङ्कन प्रत्येक मसान्तमा कायम भएको अन्तिम मूल्यको आधारमा गरिएको छ।

४ सामूहिक लगानी कोष नियमावली, २०६७ तथा सामूहिक लगानी कोष निर्देशिका, २०६९ को दफा २२ को अधिनमा रही योजनाको लगानी मूल्याङ्कन गरिएको छ। म्युचुअल फण्डको मूल्याङ्कन नीति सम्बन्धी विस्तृत विवरण योजना व्यवस्थापकको वेबसाइट "https://nmbcl.com.np/download" मा गई हेर्न सकिनेछ।

५ २०८२ फाल्गुण मसान्तमा योजनाको सूचीकृत इक्विटी पोर्टफोलियोको (म्यूचूअल फण्डमा गरिएको लगानी समावेश नगरिएको) मुल्य/आम्दानी अनुपात (PE Ratio) २९।०२ रहेको छ। जीवन बीमा कम्पनीहरुको हकमा पछिल्लो परिष्कृत वित्तीय विवरणको आधारमा र अन्य कम्पनीहरुको हकमा पछिल्लो चार त्रैमासको मुनाफाको आधारमा मुल्य/आम्दानी अनुपात गणना गरिएको छ।

६ ऋणात्मक आम्दानी भएका कम्पनीहरु समावेश नगरिएको सूचीकृत इक्विटी पोर्टफोलियोको (म्यूचूअल फण्डमा गरिएको लगानी समावेश नगरिएको) मुल्य/आम्दानी अनुपात (PE Ratio) २८।८९ रहेको छ।

७ योजनाको साप्ताहिक खुद सम्पत्ति मुल्य सम्बन्धी विवरण र प्रकाशित मासिक खुद सम्पत्ति मुल्य सम्बन्धी विस्तृत विवरण योजना व्यवस्थापकको वेब साईटमा हेर्न सकिन्छ।

८ योजना सम्बन्धि कुनै जिज्ञाशा वा गुनासो रहेमा हामीलाई ईमेल ठेगाना **"mutualfunds@nmbcl.com.np"** मा सम्पर्क गर्नुहोला।

योजना व्यवस्थापक

NMB CAPITAL एनएमबि क्यापिटल
एनएमबि क्यापिटल लिमिटेड
बालुवाटार-४, काठमाडौं, नेपाल
फोन नं.: ०१-४५३७९६०
ईमेल: info@nmbcl.com.np
वेबसाइट: www.nmbcl.com.np

अर्थ पत्रिका

नयाँ पत्रिका
बिहीबार १२ चैत ०८२

आन्दोलनको क्षतिपछि सात अर्ब बिमा दाबी भुक्तानी, अझै १६ अर्ब भुक्तानी बाँकी

आन्दोलनका कारण बिमा कम्पनीमा २३ अर्ब ३८ करोड ८१ लाख रुपैयाँबराबरको तीन हजार ३५५ वटा दाबी

मिलन विश्वकर्मा/नयाँ पत्रिका

गत २३ र २४ भदौमा भएको जेन-जी आन्दोलनका कारण भएको क्षतिको बिमा दाबीमा कम्पनीहरूले सात अर्ब एक करोड ५५ लाख रुपैयाँ भुक्तानी दिएका छन्। नेपाल बिमा प्राधिकरणबाट प्राप्त फागुन मसान्तसम्मको तथ्यांकअनुसार आन्दोलनका कारण बिमा कम्पनीहरूमा २३ अर्ब ३८ करोड ८१ लाख रुपैयाँबराबरका तीन हजार तीन सय ५५ वटा दाबी परेका छन्। त्यसमा हालसम्म सोबराबरको भुक्तानी भएको हो।

नेपाल बिमक संघका निवर्तमान अध्यक्ष तथा सगरमाथा लुम्बिनी इन्स्योरेन्सका सिइओ चंकी क्षेत्रीले दाबी भुक्तानी नियमित रूपमा भइरहेको बताए। 'सर्भे गर्नुपर्ने र आवश्यक कागजात मिलाउनुपर्दा दाबी प्रक्रिया लामो हुन्छ। यद्यपि, यो परिस्थितिलाई दृष्टिगत गर्दै कम्पनीहरूले आंशिक रूपमा अग्रिम भुक्तानी पनि दिएका थिए। हालसम्म अधिकांश दाबीको सर्भे सकिएको छ। आवश्यक कागजात मिलाउने काम भइरहेको छ,' उनले भने, 'प्रक्रिया पूरा भएपछि पूर्ण दाबी भुक्तानी हुन्छ।'

सरकारले पनि प्रारम्भिक प्रतिवेदनका आधारमा ५० प्रतिशत अग्रिम भुक्तानी गर्न ५ असोजमै निर्देशन दिएको थियो। तर, त्योअनुसार अझै ५० प्रतिशत भुक्तानी भएको देखिन्न।

१६ अर्ब भुक्तानी हुन बाँकी

प्राधिकरणको तथ्यांकअनुसार अब कम्पनीहरूले १६ अर्ब ३६ करोड ५६ लाख रुपैयाँ भुक्तानी दिन बाँकी छ। आवश्यक पत्रिया पूरा भएपछि बाँकी दाबी पनि भुक्तानी हुने कम्पनीहरू बताउँछन्। यद्यपि, सर्भेयरको अन्तिम प्रतिवेदन तयार हुँदा यो रकम थपघट हुन सक्नेछ।

पुनर्बिमा दाबी भुक्तानीमा ढिलाइ

बिमा कम्पनीहरूले नियमित रूपमा दाबी भुक्तानी दिए पनि उनीहरूले पुनर्बिमा कम्पनीबाट पाउनुपर्ने भुक्तानीमा भने ढिलाइ भएको गुनासो गरेका छन्। यो हुलदंगा तथा आतंकवाद जोखिमअन्तर्गतको दाबी हो। नेपालमा यो जोखिमको पुनर्बिमा नेपाल रि इन्स्योरेन्स कम्पनीले गर्नुपर्ने व्यवस्था छ। सोहीअनुसार बिमा कम्पनीहरूले यसअघि नै नेपाल रिमा यसको पुनर्बिमा गरेका थिए। तर, कम्पनीहरूले नेपाल रिमा दाबी पेस गरे पनि भुक्तानी भने छिटो-छरितो पाउन नसकेको गुनासो गरेका छन्। कम्पनीहरूले नेपाल रिमा झन्डै १६ अर्बबराबरको पुनर्बिमा पेस गरेका छन्। त्यसमा करिब तीन अर्बबराबरको भुक्तानी नेपाल रिले गरेको छ, बाँकी प्रक्रियामा छ। एक बिमा कम्पनीका सिइओले पुनर्बिमाको भुक्तानी पाउन ढिलाइ भएको बताए। 'हामीले चुक्ता पुँजी र विभिन्न कोषको रकमबाट भुक्तानी दिइरहेका छौं। तर, पुनर्बिमाबापतको भुक्तानीमा भने ढिलाइ भएको छ,' सिइओले भने, 'पुनर्बिमाको दाबी भुक्तानी पनि छिटो-छरितो भइदिए सजिलो हुने थियो।'



कुन कम्पनीबाट कति भयो भुक्तानी ?

सिद्धार्थ प्रिमियर इन्स्योरेन्सले सबैभन्दा धेरै दुई अर्ब १४ करोड ७९ लाख रुपैयाँ भुक्तानी दिएको छ। धेरै दाबी भुक्तानी दिने दोस्रो नम्बरमा आइजिआई प्रुडेन्सियल इन्स्योरेन्स छ। उक्त कम्पनीले एक अर्ब १३ करोड ५० लाख रुपैयाँ दाबी भुक्तानी गरेको छ। तेस्रो स्थानमा रहेको शिखर इन्स्योरेन्सले ९३ करोड ९४ लाख रुपैयाँ भुक्तानी गरेको छ।



यस्तै, दी ओरियन्टलले ३१ करोड १९ लाख रुपैयाँ, सगरमाथा लुम्बिनीले ४५ करोड ७८ लाख रुपैयाँ, नेकोले ३४ करोड ७२ लाख रुपैयाँ, हिमालयन एभरेस्टले ४७ करोड ७३ लाख रुपैयाँ र सानिमा जिआइसीले २८ करोड ८६ लाख रुपैयाँ भुक्तानी दिएका छन्।

यस्तै, एनएलजीले २८ करोड ८६ लाख रुपैयाँ, युनाइटेड अजोडले १३ करोड ७४ लाख रुपैयाँ, राष्ट्रिय बिमा कम्पनीले एक करोड ५० लाख रुपैयाँ र नेपाल इन्स्योरेन्सले ३२ करोड २० लाख रुपैयाँ भुक्तानी दिएका छन्। यस्तै, प्रभुले दुई करोड ५७ लाख रुपैयाँ र नेसनलले ६४ लाख रुपैयाँ भुक्तानी दिएको तथ्यांकमा उल्लेख छ।

लघुबिमातर्फ प्रोटेक्टिभ माइक्रोले ७७ लाख ६३ हजार रुपैयाँ, स्टार माइक्रोले ५१ लाख १६ हजार रुपैयाँ, ट्रस्ट माइक्रोले ३६ लाख ९६ हजार रुपैयाँ र नेपाल माइक्रोले ३२ लाख ६८ हजार रुपैयाँ भुक्तानी गरेको प्राधिकरणको तथ्यांक छ।

अधिकांश दाबीको सर्भे सकिएको छ



● **चंकी क्षेत्री**, सिइओ सगरमाथा लुम्बिनी इन्स्योरेन्स

सर्भे गर्नुपर्ने र आवश्यक कागजात मिलाउनुपर्दा दाबी प्रक्रिया लामो हुन्छ। यद्यपि, यो परिस्थितिलाई दृष्टिगत गर्दै कम्पनीहरूले आंशिक रूपमा अग्रिम भुक्तानी पनि दिएका थिए। हालसम्म अधिकांश दाबीको सर्भे सकिएको छ। आवश्यक कागजात मिलाउने काम भइरहेको छ , प्रक्रिया पूरा भएपछि पूर्ण दाबी भुक्तानी हुन्छ।

कुन क्षेत्रमा कति भुक्तानी ?

तथ्यांकअनुसार सम्पत्ति बिमातर्फ १८ अर्ब ९९ करोड १४ बराबरका सात सय २० वटा दाबी परेका छन्, त्यसमा चार अर्ब ९१ करोड ६८ लाख रुपैयाँ भुक्तानी गरिएको छ।यस्तै, मोटर बिमामा तीन अर्ब ४१ करोड ५४ लाख रुपैयाँबराबरका दुई हजार तीन सय ३८ वटा दाबी परेका छन्। त्यसमा हालसम्म एक अर्ब ८६ करोड ८७ लाख भुक्तानी गरिएको प्राधिकरणको तथ्यांकमा उल्लेख छ।

यसैगरी, इन्जिनियरिङ तथा ठेक्का जोखिम बिमामा ५६ करोड १९ लाखबराबरका दुई सय २९ वटा दाबी परेका थिए, त्यसमा ५६ करोड १९ लाख भुक्तानी गरेको देखिन्छ।

परिवहन बिमातर्फ एक करोड ६१ लाखबराबरका १२ वटा दाबी परेका थिए, त्यसमा एक करोड ६४ लाख रुपैयाँ भुक्तानी गरिएको प्राधिकरणको तथ्यांकमा उल्लेख छ। अन्य बिमामा ३९ करोड ६१ लाखबराबरका ५६ वटा दाबी परेका थिए, त्यसमा हालसम्म आठ करोड ७८ लाख अग्रिम भुक्तानी गरिएको प्राधिकरणको तथ्यांकमा उल्लेख छ।

चार कम्पनीलाई कारबाही

यसैबिच प्राधिकरणले चार बिमा कम्पनीलाई नियमनसम्बन्धी कारबाही गरेको छ। जीवन बिमातर्फ एसियन लाइफ, हिमालयन लाइफ र नेपाल लाइफ इन्स्योरेन्सलाई कारबाही गरिएको छ। निर्जीवन बिमातर्फ नेको इन्स्योरेन्सलाई कारबाही गरिएको प्राधिकरणको भनाइ छ। ऐन तथा प्राधिकरणको विभिन्न निर्देशनविपरीत काम गरेपछि प्राधिकरणको बोर्ड बैठकले कारबाही गरेको हो।

प्राधिकरणले यससँगै हिल्टन होटेलको पुनर्बिमा दाबी विवादमा नेपाल रिका सिइओ सुरेन्द्र थापासहित हिमालयन रि इन्स्योरेन्स, दी ओरियन्टल इन्स्योरेन्स र एलियन्ट पुनर्बिमा ब्रोकरलाई कारबाही गरिसकेको छ।

पेट्रोलियम आयात नियमित तर, आपूर्ति असहज

मध्यपूर्व तनावका बाबजुद पेट्रोलियम आयात घटेको छैन, तर व्यापारीले लुकाउने र उपभोक्ताले चाहिनेभन्दा बढी थुपार्ने प्रवृत्तिले आपूर्ति असहज, अनुगमन फितलो

अजित अधिकारी/नयाँ पत्रिका

मध्यपूर्वको तनावका बिच नेपालमा पेट्रोलियम पदार्थको आयात नियमित परिमाणमै हुँदा पनि सरकारले आपूर्तिलाई व्यवस्थित बनाउन नसक्दा बजारमा अभाव देखिएको छ। व्यापारीले लुकाउने र उपभोक्ताले बढी थुपार्ने प्रवृत्तिलाई सरकारले प्रभावकारी अनुगमनमार्फत नियन्त्रण गर्न सकेको देखिँदैन। जसले गर्दा आयात सामान्य हुँदा पनि आपूर्ति असहज भइरहेको उपभोक्तावादीले बताएका छन्।

अमेरिका-इजरायल र इरानबिचको युद्धले मध्यपूर्व तनावग्रस्त भएपछि विश्वभर पेट्रोलियम पदार्थको आपूर्तिमा असहज भएको छ। तर, तथ्यांकले भने नेपालमा ग्याससहित पेट्रोलियम पदार्थको आयात सामान्य अवस्थामा जतिकै वा सोभन्दा बढी परिमाणमा भइरहेको देखाउँछ। चालू आर्थिक वर्ष ०८२/८३ को फागुनमा सबैभन्दा बढी ५१ हजार एक सय ९२ टन ग्यास भित्रिएको छ। नेपालको मासिक औसत खपत भने ४५ हजार टन हो। सामान्य अवस्थाको तुलनामा ग्यास आयात धेरै भए पनि बजारमा उच्च माग भएकाले हाल आयातीत परिमाणले धान्न मुस्किल भएको आयल निगमको निर्देशक विनितमणि उपाध्यायले बताए। 'ग्याससहितको पेट्रोलियम पदार्थको आयातमा कुनै असर परेको छैन। नियमित परिमाण नै भित्रिरहेको छ,' उनले भने, 'तर, उपभोक्ताहरूमा अभाव हुने त्रासका कारण सञ्चय गर्ने प्रवृत्ति कायम रहेकाले ग्यासको आपूर्ति सहज हुन सकिरहेको छैन।' उच्च माग धान्न २९ फागुनबाट आधा परिमाण (७.१ किलोग्राम) भएको ग्यास सिलिन्डर प्रयोगमा ल्याउन थालिए पनि अभाव कायमै छ।

भन्सार विभागको तथ्यांकअनुसार असहजता देखिन थालेको पुसमा ४७ हजार चार सय ६० टन र माघमा ४६ हजार दुई सय ८४ ग्यास आयात भएको छ। त्यसअघि मंसिरमा ४५ हजार दुई सय २८ टन, कात्तिकमा ४२ हजार ६ सय ८१ टन, असोजमा ४७ हजार चार सय ७० टन, भदौमा ४७ हजार ६ सय ४४ टन र साउनमा ४४ हजार तीन सय १८ टन ग्यास आयात भएको थियो।

उपभोक्ता अधिकारकर्मी माधव तिमिल्सिनाले सरकारले अनुगमन र आपूर्तिलाई चुस्त बनाउन नसक्दा आमउपभोक्ताले सास्ती व्यहोर्नुपरिरहेको बताए। अहिले पहुँचवालाले सहजै ग्यास पाइरहेको भए पनि आमसर्वसाधारणले एलपी ग्यासको चरम अभाव भोगिरहेको उनले बताए। 'भन्सार विभागको तथ्यांकले आयात सामान्य नै देखाएको छ, तर उपभोक्ताले खोजेका वेलामा पाउन सकेका छैनन्,' उनले भने, 'कागजी तथ्यांकमा ग्यास र तेल यति आयो, उति आयो भनेर हुँदैन। बजारमा माग भएजति दिन सक्नुपर्छ।' नेपाल आयल निगम र वाणिज्य तथा उपभोक्ता हित संरक्षण विभागले प्रभावकारी काम गर्न नसक्दा उपभोक्ता खाली सिलिन्डर काँधमा बाकेर भौंतारिरहन बाध्य भएको उनले बताए।

सरकारको अनुगमनकारी निकाय वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले ३ चैतमा गरेको अनुगमनले श्रीराम ग्यासको ललितपुर हरिसिद्धिस्थित गोदाममा पूरा भरिएका (१४.२ केजी) ६ हजार ३७७ थान सिलिन्डर स्टक फेला पारेको थियो। विभागले उक्त उद्योगलाई तीन लाख जरिवाना तिराएको थियो। सरकारले उद्योगदेखि साना डिलरसम्म अनुगमनलाई तीव्र नबनाउँदा बजारमा आपूर्ति सहज हुन नसकेको सरोकारवाला बताउँछन्। तर, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागका प्रवक्ता नरहरी तिवारीले भने सरकारले ग्यास आपूर्ती सहजताका लागि दिनहुँ डिलर, बितरक र उद्योगीकहाँ पालैपालो अनुगमन गरिरहेको दाबी गरे।

'बुधबार पनि उपत्यकाको पाँचवटा डिलरमा अनुगमन भएको छ। पछिल्लो अनुगमनक्रममा विगतमा जस्तो चर्को अभाव नरहेको देखिन्छ। खासगरी आधा ग्यास भरिएको सिलिन्डर बजारमा ल्याउन थालेपछि माग सम्बोधनमा ठोस योगदान पुगेको अवस्था छ,' उनले भने, 'विभाग पनि विगतमा जस्तो ग्यास अभावबारे सोधीखोजी र उजुरी आउनेक्रम घटेको छ। यसर्थ, बिस्तारै सहजतातर्फ उन्मुख रहेको भन्न सकिन्छ।' यद्यपि, पूर्ण रूपले ग्यास सहज भएको स्थिति नभएको उनले स्वीकार गरे। 'केही समयअघि श्रीराम ग्यासको गोदाममा ६ हजार थानभन्दा बढी सिलिन्डर भेटिएपछि कारबाही गरेका थियौं। त्यो घटनाले पनि लुकाएर राख्ने प्रवृत्ति निरुत्साहित भएको हाम्रो बुझाइ छ,' उनले भने।

पेट्रोल, डिजेल र हवाई इन्धनको आयात पनि नियमित

भन्सारको तथ्यांकअनुसार पेट्रोल, डिजेल र हवाई इन्धनको आयात नियमित छ। डिजेल साउनमा ६५ हजार एक सय ५६ किलि, भदौमा ९९ हजार ६ सय ३२ किलि, असोजमा ६२ हजार पाँच सय ६० किलि, कात्तिकमा एक लाख २० हजार चार सय ४४ किलि, पुसमा एक लाख ४२ हजार चार सय किलि, माघमा एक लाख ३६ हजार एक सय ४० किलि र फागुनमा एक लाख ३० हजार ५२ किलि आयात भएको छ। पेट्रोल साउनमा ६७ हजार सात सय २४ किलि, भदौमा ५५ हजार आठ सय ९२ किलि, असोजमा ६९ हजार नौ सय ९२ किलि, कात्तिकमा ६४ हजार सात सय ५५ किलि, मंसिरमा ५६ हजार तीन सय किलि, पुसमा ६५ हजार पाँच सय ७२ किलि, माघमा ६२ हजार पाँच सय ५२ किलि र फागुनमा ६९ हजार एक सय २० किलि आयात भएको छ।

हवाई इन्धन साउनमा १४ हजार चार सय ९२ किलि, भदौमा १७ हजार चार सय २३ किलि, असोजमा २० हजार ६ सय ६८ किलि, कात्तिकमा १८ हजार तीन सय ८४ किलि, मंसिरमा १९ हजार नौ सय ४४ किलि, पुसमा १६ हजार पाँच सय ९६ किलि, माघमा १७ हजार तीन सय ८८ किलि र फागुनमा १९ हजार नौ सय १६ किलि आयात भएको भन्सार विभागको तथ्यांक छ।

आठ महिनामा एक खर्ब ७६ अर्बको पेट्रोलियम आयात

चालू आवको आठ महिनामा एक खर्ब ७६ अर्ब ६४ करोड रुपैयाँको पेट्रोलियम पदार्थ आयात भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा एक खर्ब ७५ अर्ब ३७ करोड रुपैयाँको पेट्रोलियम पदार्थ आयात भएको थियो। गत आवको तुलनामा एक अर्ब नौ करोडभन्दा बढीको पेट्रोलियम आयात भएको छ। चालू आवको फागुनसम्म ४३ अर्ब ८९ करोडको पेट्रोल आयात भएकोमा गत आवको सोही अवधिमा ४२ अर्ब ८० करोडको आयात भएको थियो। डिजेल आयात तीन अर्ब २४ करोड रुपैयाँले बढेको छ। गत आवको आठ महिनामा ७८ अर्ब ८६ करोडको डिजेल आयात भएकोमा चालू आवको सोही अवधिमा ८२ अर्ब १० करोडको आयात भएको छ।

खाना पकाउने ग्यास मूल्यमा भने घटेको देखिन्छ। तर, परिमाणमा भने बढेर आएको छ। यद्यपि, मूल्यमा तीन अर्ब ६८ करोड रुपैयाँले ग्यासको आयात घटेको छ। चालू आवको आठ महिनामा ३७ अर्ब ३१ करोड रुपैयाँमा ग्यास आयात भएको छ। गत आवको सोही अवधिमा ४१ अर्बको ग्यास आयात भएको थियो। हवाई इन्धन १३ अर्ब ३३ करोड १३ लाख रुपैयाँको आयात भएको भन्सार विभागको तथ्यांक छ।

अधिकतम खुद्राबिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस फर्मकम्पनीले चीनबाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

तपसिल

सि. न.	माल वस्तु को विवरण	आकार/प्रकार	ब्राण्ड	मोडल	क्षमता	उत्पतिको मुलुक	इकाई	प्रति इकाई मूल्य	अधिकतम खुद्रा इकाई मूल्य
1	C&C	4WD DOUBLE CAB PICKUP	C&C	C-8	2771	CHINA	1	7,125,000	7,125,000

युनाईटेड ट्रेडर्स सिण्डिकेट प्रा. लि.
आनन्दनगर, धुम्वाराही, काठमाडौं
एक्जीम कोड नं. : ३०००४७३७२०१००NP, फोन नं. : ४००८८०१-५

२० चैतदेखि महिला उद्यमी व्यापार मेला

काठमाडौं/ अन्तर्राष्ट्रिय महिला उद्यमी व्यापार मेला चैत तेस्रो साता ललितपुरमा आयोजना हुने भएको छ। महिला उद्यमी महासंघ नेपालले २० चैतदेखि अन्तर्राष्ट्रिय महिला उद्यमी व्यापार मेला आयोजना गर्ने भएको हो।

महिला उद्यमशीलताको विकास र प्रवर्द्धनमा २३ वर्षदेखि निरन्तर काम गर्दै महासंघले नवौं अन्तर्राष्ट्रिय महिला उद्यमी व्यापार मेला २०२६ आयोजना गर्न लागेको हो। मेला २० चैतदेखि २२ चैतसम्म ललितपुरको हेरिटेज गार्डेनमा आयोजना हुने छ। यस मेलामा जम्मा १४० वटा स्टलहरू रहनेछन्। महासंघले ७७ जिल्लामा महिला उद्यमी संघ स्थापना गरी ६,००० भन्दा बढीलाई सदस्यतामा आबद्ध गरिसकेको छ।

आरविवि म्युचुअल फण्ड

RBB MUTUAL FUND

अन्तर्गत संचालित

आरविवि फोकस ४० (RBB FOCUS 40)

धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा सामूहिक कोष नियमावली, २०६७ बमोजिम
(नेपाल धितोपत्र बोर्डबाट २०८२/०४/२३ मा योजना संचालन अनुमति प्राप्त)
२०८२/०७/२६ देखि २०९४/०७/२५ सम्म अवधि भएको १२ बर्षे योजना

२०८२ फागुन मसान्तको अपरिष्कृत वित्तीय विवरण

खुद सम्पत्ति मूल्य सम्बन्धी विवरण

क्र.सं.	विवरण	यस मासिक मसान्त (रु.)	यस मासिक मसान्त (रु.)
क.	धितोपत्रमा तथा अन्य लगानी		
क्र.सं.	विवरण	सम्पत्ति मूल्य (रु.)	सम्पत्ति मूल्य (रु.)
१	सूचीकृत शेयर	९८०,२८५,७६३|८०	७६१,९७८,०६३|४०
२	बैंक मुद्दती निक्षेप	-	-
३	ऋणपत्र / बन्ड	४१५,०००|००	४१५,०००|००
४	सार्वजनिक निष्काशन/हकप्रद शेयर/बोनस शेयर /अन्य सूचीकृत नभएको	३६,८७४,४०३|८१	३८,१०२,५०३|२५
	जम्मा (क)	१,०१७,५७५,१६७|६१	८००,४९५,५६६|६५
ख.	चालु सम्पत्ति		
क्र.सं.	विवरण	सम्पत्ति मूल्य (रु.)	सम्पत्ति मूल्य (रु.)
१	बैंक मौज्दात	२७७,६८७,४९२|८३	४५६,८८४,०२०|५७
२	अन्य सम्पत्ति	४,१६६,८११|८१	७,५६२,४४५|६१
	जम्मा (ख)	२८१,८५४,३०४|६४	४६४,४४६,४६६|१८
ग.	चालु दायित्व		
क्र.सं.	विवरण	सम्पत्ति मूल्य (रु.)	सम्पत्ति मूल्य (रु.)
१	अन्य दायित्व	९०,३६२|०७	२५,२०७,३२२|०९
	जम्मा (ग)	९०,३६२|०७	२५,२०७,३२२|०५
	कुल सम्पत्ति (क+ख-ग)	१,२९९,३३९,११०|१८	१,२३९,७३४,७१०|७४
१	योजना व्यवस्थापक तथा डिपोजिटरी शुल्क	३,४८७,४८७|२९	१,६७४,४९०|९९
२	कोष सुपरिवेक्षकशुल्क	११३,६४०|८९	१०३,०४९|३१
	खुद सम्पत्ति	१,२९५,७३७,९८२|००	१,२३७,९५७,१७०|४४
	जम्मा इकाई	१२५,०००,०००|००	१२५,०००,०००|००
	प्रति इकाई खुद सम्पत्ति मूल्य	१०|३६	९|९०

२०८२ फागुन मसान्तको आय व्यय विवरण

क्र.सं.	विवरण	यस मासिक मसान्त (रु.)	गत मासिक मसान्त (रु.)
क	आय		
१	प्राप्त भइसकेको आम्दानी	६,३५५,९५८|६७	५,२३५,२१८|९८
२	प्राप्त भइनसकेको आम्दानी	५१,४९४,०३६|९१	(७,०५७,३८८|११)
	जम्मा आम्दानी	५७,८४९,९९५|५८	(१,८२२,१६९|१३)
ख.	व्यय		
१	संचालन खर्च	४,७७३,५२५|८४	४,७३०,७६०|५७
२	योजना व्यवस्थापक तथा डिपोजिटरी शुल्क	७,१२४,८४६|५५	५,३११,८५०|५५
३	कोष सुपरिवेक्षक शुल्क	२३८,६४०|८९	२०३,०४९|३१
	जम्मा खर्च	१२,१३७,०१३|५८	१०,२४५,६६०|४३
	कुल नाफा/(नोक्सान)	४५,७१२,९८२|००	(१२,०६७,८२९|५६)

नोट:
- सामूहिक लगानी कोष नियमावली, २०६७ तथा सामूहिक लगानी कोष निर्देशिका, २०६९ को अधिनमा रही योजना व्यवस्थापकले अवलम्बन गरेको मूल्यांकन नीति बमोजिम योजनाको लगानी मूल्यांकन गरिएको छ।
- योजनाको २०८२ फागुन मसान्तसम्मको सूचिकृत तथा सूचीकृत नभएका सेयर, डिबेन्चरमा भएको लगानीको परल मूल्य (धितोपत्र दलाल कमिशन समेत) रु.९६६,५८८,३८३.७७ रहेको छ।
- योजनाको प्रति ईकाई खुद सम्पत्ति मूल्य साप्ताहीक रुपमा योजना व्यवस्थापकको वेवसाईट www.rbbmbl.com.np मार्फत जानकारी गरिनेछ।
- अपरिस्कृत वित्तीय विवरणमा पेश भएका विवरण नियमन निकायले निर्देशन गरेको खण्डमा निर्देशन गरे बमोजिम परिवर्तन हुनेछ।

सुचिकृत धितोपत्रमा भएको लगानी विवरण

क्र.सं.	धितोपत्र	संख्या	जम्मा मूल्य (रु)
	(क) वाणिज्य बैंक समूह		
१	एभरेष्ट बैंक लिमिटेड	१००,३६३	७०,८५६,२७८.००
२	ग्लोबल आइएमई बैंक लिमिटेड	९२,७१३	२२,६४९,७८५.९०
३	नबिल बैंक लिमिटेड	१०८,६७२	५७,४८७,४८८.००
४	नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड	२३,०९२	४,९६७,०८९.२०
५	नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड (संस्थापक)	२०,०१०	३,२४३,६२१.००
६	एनएमबि बैंक लिमिटेड	१९२,५३०	४९,४८०,२१०.००
७	प्राइम कमर्सियल बैंक लिमिटेड	७५,८४३	१९,१८८,२७९.००
	जम्मा (क)	६१३,२२३	२२७,८७२,७५१.१०
	(ख) विकास बैंक समूह		
१	गरिमा विकास बैंक लिमिटेड	५२,९०७	२२,२४७,३९३.५०
२	कामना सेवा विकास बैंक लिमिटेड	३२,६६२	१५,९३९,०५६.००
३	सालपा विकास बैंक लिमिटेड	१,६९५	१,६०७,८७७.००
४	शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेड	५१,१३८	२१,७६९,४४६.६०
	जम्मा (ख)	१३८,४०२	६१,५६३,७७३.१०
	(ग) होटल एण्ड टुरिज्म समूह		
१	होटल फरेष्ट इन लिमिटेड	३,९३२	४३९,५९७.६०
	जम्मा (ग)	३,९३२	४३९,५९७.६०
	(घ) जलविद्युत समूह		
१	अपि पावर कम्पनी लिमिटेड	५२,१४३	१७,५३५,६९०.९०
२	बिन्ध्यबासिनी हाइड्रोपावर डेभलपमेण्ट कम्पनी लिमिटेड	१८,९२९	९,३८८,७८४.००
३	चिलिमे हाईड्रोपावर कम्पनी लिमिटेड	४८,८५८	२४,९१७,५००.००
४	ग्रीन भेन्चर्स लिमिटेड	३३,९६८	१७,४९०,१२३.२०
५	माउन्टेन इनर्जी नेपाल लिमिटेड	५४,०६६	३३,७७५,०३०.२०
६	सोलु हाइड्रोपावर लिमिटेड	९,८३०	१,११६,२९४.८०
	जम्मा (घ)	२१७,७९४	१०४,२२३,४०३.१०
	(ङ) लगानी समूह		
१	नागरिक लगानी कोष	२३,७४६	४३,७८७,६२४.००
	जम्मा (ङ)	२३,७४६	४३,७८७,६२४.००
	(च) जीवन बीमा समूह		
१	एशियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	३४,१०६	१६,४११,८०७.२०
२	नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	९०,९८५	७३,८७९,८२०.००
३	सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	५,०००	२,३१०,०००.००
४	सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	१६,५४२	८,१०५,५८०.००
	जम्मा (च)	१४६,६३३	१००,७०७,२०७.२०
	(छ) लघुवित्त समूह		
१	छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड	१६,९३१	१६,०५०,५८८.००
२	डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड	५६,७२४	४९,५७६,७७६.००
३	महुली लघुवित्त वित्तीय संस्था लिमिटेड	२,७४२	३,६४६,८६०.००
४	नेरुडे मिमिरे लघुवित्त वित्तीय संस्था लिमिटेड	१२,०२४	७,८७४,५१७.६०
५	निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड	६७,७६३	४८,२५४,०३२.३०
६	साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड	४६,९०७	३७,४३१,७८६.००
	जम्मा (छ)	२०३,०९१	१६२,८३४,५५५.९०
	(ज) निर्जीवन बिमा समूह		
१	हिमालयन एभरेष्ट इन्स्योरेन्स लिमिटेड	१००,०६९	५३,४४६,८५२.९०
२	नेको इन्स्योरेन्स कम्पनी लिमिटेड	१३,०८०	८,६१९,७२०.००
३	सगरमाथालुम्बिनीइन्स्योरेन्स कम्पनी लिमिटेड	७४,८०४	४५,९६७,०५८.००
४	शिखर इन्स्योरेन्स कम्पनी लिमिटेड	२५,४२९	१६,९१०,२८५.००
५	यूनाइटेड अजोड इन्स्योरेन्स लिमिटेड	४,९९८	२,३३६,०६५.२०
	जम्मा (ज)	२१८,३८०	१२७,२७९,९८१.१०
	(झ) उत्पादन तथा प्रशोधन समूह		
१	हिमालयन डिष्टिलरी लिमिटेड	२७,७९२	३३,३५०,४००.००
२	रिलायन्स स्पिनिङ्ग मिल्स लिमिटेड	१,३४९	१,२०५,०६१.७०
३	शिवम् सिमेन्ट लिमिटेड	३,०००	१,९७७,०००.००
	जम्मा (झ)	३२,१४१	३६,५३२,४६१.७०
	(ञ) अन्य समूह		
१	हिमालयन रिइन्स्योरेन्स लिमिटेड	५२,७३८	४६,८३१,३४४.००
२	नेपाल दूरसञ्चार कम्पनी लिमिटेड	७६,९०३	६८,२१२,९६१.००
	जम्मा (ञ)	१२९,६४१	११५,०४४,३०५.००
	कुल जम्मा (क+ख+ग+घ+ङ+च+छ+ज+झ+ञ)	१,७२६,९८३	९८०,२८५,७६३.८०

योजना व्यवस्थापक:
आरविवि मर्चेन्ट बैंकिङ लि.
RBB MERCHANT BANKING LTD.
आरविवि मर्चेन्ट बैंकिङ लिमिटेड, टेकु, काठमाडौं
फोन नं. ०१-५३४३२६५, ०१-५३४०९३२/३३, फ्याक्स नं. ०१-५३४५०१८
Email: rbbmbl@rbbmbl.com.np, URL: www.rbbmbl.com.np

कोष प्रवर्द्धक:
राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
राष्ट्रिय वाणिज्य बैंक लि., सिंहदरबारप्लाजा, काठमाडौं
फोन नं. ०१-४२५२५९५, फ्याक्स नं. ०१-४२५२९३१
Email: rbb.info@rbb.com.np, URL: www.rbb.com.np

उद्योगमन्त्रीले गरे १६६ बुँदे कार्यप्रगति सार्वजनिक



काठमाडौं/ उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री अनिलकुमार सिन्हाले एक सय ६६ बुँदामा आफ्नो कार्यकालमा गरेका कामको फेहरिस्त सार्वजनिक गरेका छन्। खासगरी औद्योगिक पूर्वाधार निर्माण तथा सञ्चालनमा प्राथमिकता दिएको र व्यापार सहजीकरणका लागि कूटनीतिक पहल गरेको उनले आफ्नो कार्यप्रगतिमा उल्लेख गरेका छन्। त्यस्तै, विभिन्न नीति, नियम तथा मापदण्ड तयार गरेकोसमेत उनले उल्लेख गरेका छन्।

विशेष आर्थिक क्षेत्र (सेज)को मासिक भाडादर प्रतिवर्ग मिटर २० रुपैयाँबाट घटाएर ५ रूपैयाँ कायम गराएको, तिलगंगा आँखा अस्पतालको लेन्स उत्पादन गर्ने कारखानाका लागि एक करोड अनुदान दिएको, धौवादी फलाम खानी पहुँचमार्ग निर्माणका लागि डिभिजन सडक कार्यालय भरतपुरलाई अख्तियारी दिएको, औद्योगिक क्षेत्रमा नयाँ १४ वटा उद्योगको स्थापना भएको, उद्योगी तथा सेवाग्राहीहरूले अनलाइन भुक्तानी गर्न मिल्ने व्यवस्था गरेको, मोतिपुर औद्योगिक क्षेत्रको ब्लकलाई लिजमा दिने प्रक्रिया सुरु भएको, लक्ष्मीपुर औद्योगिक क्षेत्रको डिपिआर र इआइएका लागि परामर्शदाता नियुक्त गर्ने तयारी थालिएको उनले उल्लेख गरेका छन्।

मन्त्री सिन्हाले सुशासन मार्गचित्र तयार गरेको, विद्युतीय व्यापार (ई-कमर्स)सम्बन्धी निर्देशिका २०८२ जारी गरेको, नयाँ औद्योगिक नीतिको प्रारम्भिक मस्यौदा तयार गरेको, सार्वजनिक संस्थानहरूको अद्यावधिक प्रोफाइल तयार गरेको, स्वचालित प्रणालीबाट आउने विदेशी लगानीका लागि अधिकतम सीमा हटाएकोलगायत विवरण उल्लेख गरेका छन्। वाणिज्यतर्फ आयात इजाजत पूर्णरूपमा अनलाइन प्रणालीबाट जारी हुने व्यवस्था गरेको, वाणिज्य विभागबाट हुने हरेक अनुगमनमा लिखित पृष्ठपोषण कार्डको प्रयोग गर्न सुरुवात गरेकोलगायत कार्य विवरण उनले उल्लेख गरेका छन्।

स्थानीय सरकार
नीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धादिङबेशी, धादिङ
बागमती प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मिति : २०८२/१२/१२)

यस कार्यालयको विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित सुचना अनुसार तपशिलमा उल्लिखित ठेक्कामा प्राप्त हुन आएका बोलपत्रहरु मध्ये तपसिल अनुसारका बोलपत्रदाताहरुको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) प्रयोजनार्थ सम्बन्धित बोलपत्रदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल

सि. नं.	ठेक्का नं.	कामको विवरण	छनोट भएको बोलपत्रदाताको नाम र ठेगाना	कबोल अंक मु.अ.कर सहित रु
1.	NEE/NCB/ 17/082/83	Nigalpani Kha Pa Yojana	UN Skill JV, Neelakantha , Dhading	2,32,65,882.97

प्रमुख प्रशासकीय अधिकृत

ग्लोबल मनी विकमा कामना सेवाको वित्तीय सचेतना



काठमाडौं/ कामना सेवा विकास बैंकले विश्व वित्तीय सप्ताह २०२६ का अवसरमा विभिन्न वित्तीय साक्षरता कार्यक्रम सम्पन्न गरेको छ। बैंकले विद्यालयस्तरमा वित्तीय साक्षरता अभिवृद्धि गर्दै विद्यार्थीमा वित्तीय ज्ञान तथा सिप विकास गर्ने उद्देश्यसहित देशभरै कार्यक्रम सञ्चालन गरिएको थियो। साथै, सामाजिक सञ्जालमार्फत विभिन्न सचेतनामूलक सामग्री पनि प्रसारण गरिएको बैंकले जनाएको छ।

बैंकका अनुसार सातै प्रदेशका विद्यालयमा वित्तीय साक्षरता कार्यक्रम आयोजना भएको छ, जसबाट एक हजारभन्दा बढी विद्यार्थी लाभान्वित भएको बैंकले जनाएको छ। विद्यार्थीलक्षित कार्यक्रममा सानो-सानो बचतलाई एकीकृत गरी पुँजी निर्माण गर्ने, बचतको महत्त्व, व्यक्तिगत बजेट निर्माण, खर्च व्यवस्थापन तथा डिजिटल कारोबारका अवसर र चुनौतीबारे जानकारी प्रदान गरिएको थियो।

यसका साथै हाल बढ्दो डिजिटल ठगीका घटनालाई मध्यनजर गर्दै बैंकले ओटिपीसम्बन्धी सचेतना अभिवृद्धि गर्न विशेष अभियान सञ्चालन गरेको छ। सामाजिक सञ्जालमार्फत विभिन्न भाषामा सचेतनामूलक भिडियो सामग्री प्रसारण गरिएको छ। यसले विभिन्न समुदायसम्म वित्तीय सुरक्षासम्बन्धी सन्देश प्रभावकारी रूपमा पुऱ्याउन सहयोग पुऱ्याएको बैंकको भनाइ छ।

त्यसैगरी, सुरक्षित भविष्यका लागि बचत गर्ने बानी विकास गर्न, बचत र लगानी, बजेटको समायोजन, अचानक आउने समस्या वा आपत्कालीन अवस्थाका लागि आकस्मिक कोष, डिजिटल कारोबार गर्दा हुने गल्ती तथा अनलाइन ठगीबाट कसरी बच्न सकिन्छ भन्नेबारे पनि सचेत गराएको छ।

सानिमा रिलायन्स लाइफले मनायो नवौं वार्षिकोत्सव



काठमाडौं/ सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स नवौं वर्षमा प्रवेश गरेको छ। यसै अवसरमा कम्पनीले विविध कार्यक्रम आयोजना गरेको छ। कम्पनीका सञ्चालक समितिका अध्यक्ष, सदस्य, प्रमुख कार्यकारी अधिकृत, उच्च पदाधिकारीलगायतको सहभागितामा कम्पनीको प्रधान कार्यालय र देशभरिका क्षेत्रीय र प्रादेशिक कार्यालयमा रक्तदान कार्यक्रम गरिएको थियो।

मानवजीवनको रक्षा गर्ने उद्देश्यले नेपाल रेडक्रस सोसाइटीसँगको सहकार्यमा उक्त कार्यक्रम गरिएको कम्पनीले जनाएको छ। साथै, काठमाडौं शान्तिनगरस्थित असहाय वृद्धवृद्धाका लागि विशेष आश्रय प्रदान गरिरहेको निसहाय सेवा सदनमा आहारविहारमार्फत सामाजिक उत्तरदायित्वको कार्यक्रम गरेको हो।

कम्पनीले डिजिटल सेवा विस्तार, दाबी प्रक्रिया सहजता, ग्राहक सम्पर्क प्रणाली सुदृढीकरण तथा दीर्घकालीन विश्वास निर्माणमार्फत आफूलाई नेपालको अग्रणी र भरोसायोग्य जीवन बिमा कम्पनीका रूपमा स्थापित गर्दै आएको जनाएको छ। हाल सानिमा रिलायन्स लाइफ इन्स्योरेन्सले देशभर १६८ शाखा सञ्जालमार्फत सेवा प्रदान गर्दै आएको छ। कम्पनीको पुँजी पाँच अर्ब रुपैयाँभन्दा बढी छ भने २४ अर्ब रुपैयाँभन्दा बढी लगानी छ।

साओमी-१७ अल्ट्राको प्रि-अर्डर सुरु



काठमाडौं/ प्रविधि ब्रान्ड साओमीले साओमी-१७ अल्ट्राको प्रि-अर्डर औपचारिक रूपमा नेपालमा सुरु भएको घोषणा गरेको छ। प्रि-अर्डर अवधिमा ग्राहकले साओमी १७ अल्ट्रा १६/५१२ जिबी भेरियन्टका लागि उपलब्ध तीनमध्ये कुनै एक अफर रोज्न सक्नेछन्। जसमा १० हजारको तत्काल क्यासब्याक, ४० हजारबराबरको साओमी वाच एस-४ २४ हजार ९९९ वा १५ हजार ९९९ रुपैयाँको साओमी बड्स-५ समावेश छन्।

साओमी १७ अल्ट्रा किन्ने ग्राहकले बिक्रीपछि विशेष सुविधाप्राप्त गर्ने कम्पनीले जनाएको छ। यस योजनाअन्तर्गत फोन खरिद गरेको पहिलो ६ महिनासम्म एकपटक निःशुल्क स्क्रिन फेर्न पाइनेछ। त्यस्तै, नियमित १२ महिनाको वारेन्टीमा ६ महिना थप गरी कुल १८ महिनाको वारेन्टी सुविधाका साथै वारेन्टी सकिएपछि गरिने मर्मतमा पनि २४ महिनासम्म कुनै सेवाशुल्क लाग्नेछैन।

साओमी १७ अल्ट्रा कालो, सेतो र स्टारलाइट तीनवटा आकर्षक रङमा उपलब्ध छ। यो आफ्नो श्रेणीमा सबैभन्दा पातलो र हल्का डिभाइसमध्ये एक हो, जसले लामो समयसम्म आरामदायी र उत्कृष्ट अनुभव प्रदान गर्छ। यो डिभाइसले उत्कृष्ट फोटो र भिडियो खिच्ने क्षमता राख्छ।

साओमी १७ अल्ट्रामा रहेका फ्ल्यागसिप लाइका-इन्च अल्ट्रा डाइनामिक क्यामेरामा नयाँ लाइट फ्युजन १०५०-एल इमेज सेन्सर र लोफिक एचडिआर टेक्नोलोजी प्रयोग गरिएको छ। डिभाइसमा ६००० एमएएच क्षमताको साओमी सर्ज ब्याट्री छ। जसले ९० वाट हाइपरचार्ज र ५० वाट वायरलेस हाइपरचार्ज सपोर्ट गर्नेछ। यसले लामो समयसम्म टिक्ने क्षमता राख्दछ। साओमी १७ अल्ट्रा १६/५१२ जिबीको मूल्य एक लाख ९९ हजार ९९९ तोकिएको छ भने यसको प्रि-अर्डर अफर २५ मार्चदेखि ३१ मार्चसम्म मात्र लागू हुने कम्पनीले जनाएको छ।

टिभिएस ग्रेट ग्रान्ड एक्सचेन्ज एन्ड फाइनान्स कार्निभल सुरु



काठमाडौं/ टिभिएको आधिकारिक वितरक जगदम्बा मोटर्सले 'टिभिएस ग्रेट ग्रान्ड एक्सचेन्ज एन्ड फाइनान्स कार्निभल' सुरु गरेको छ। कम्पनीले ११ चैतदेखि उक्त कार्निभल सुरु गरेको हो। कार्यक्रमको उद्घाटन जगदम्बा मोटर्सका अध्यक्ष साहिल अग्रवाल तथा कार्यकारी निर्देशक अखिल गुप्ताको उपस्थितिमा भएको हो। टिभिएस मोटर कम्पनीका कन्ट्री हेड अश्विन श्रीनिवासन, ब्रान्ड एम्बेसडर प्रदीप खड्का, राष्ट्रिय क्रिकेट खेलाडी कुशल भुर्तेल तथा विभिन्न इन्फ्लुएन्सरहरूको पनि उपस्थिति थियो।

कार्यक्रममा ग्राहकले टिभिएसका दुईपांग्रे सवारीसाधन अवलोकन गर्नुका साथै टेस्ट राइडमा सहभागी भएका थिए।

ग्राहकलाई तुरुन्तै एक्सचेन्ज मूल्यांकन तथा फाइनान्स योजना सम्बन्धी सहयोग प्रदान गर्न विशेष परामर्श काउन्टरहरू पनि स्थापना गरिएको बताइएको छ। पहिलो दिनमै पाँच सयभन्दा बढी उपस्थिति रहेको कम्पनीले जनाएको छ। कार्निभलमा आठ हजारसम्मको भ्यालु एड, सात हजार नगद छुट, ३७१० बाट किस्ताबन्दी सुरु, बाइक एक्सचेन्जजस्ता आकर्षण छन्। ५० भन्दा बढी रिकन्डिसन्ड बाइक कम्पनीको सहभागिताका साथै तत्काल एक्सचेन्ज मूल्यांकन तथा फाइनान्स परामर्श सुविधा छ।

ज्योति विकासको वित्तीय साक्षरता



काठमाडौं/ ज्योति विकास बैंकले वित्तीय साक्षरताका विभिन्न कार्यक्रम सम्पन्न गरेको छ। ग्लोबल मनी विकका अवसरमा बैंकले युवा तथा लक्षित वर्गलाई वित्तीय जानकारी दिन एक सातासम्म वित्तीय साक्षरता र सचेतनाका कार्यक्रम आयोजना गरेको हो। यस अभियानमार्फत करिब दुई हजार दुई सयभन्दा बढी व्यक्ति प्रत्यक्ष रूपमा लाभान्वित भएको बैंकको भनाइ छ।

बैंकका प्रादेशिक तथा क्लस्टर कार्यालयअन्तर्गतका विभिन्न शाखा कार्यालयमार्फत सोही क्षेत्रका विद्यालय तथा कलेजमा आधुनिक बैंकिङ, बैंक तथा वित्तीय संस्थाका मुख्य कार्यबारे जानकारी दिइएको थियो। त्यसैगरी, वित्तीय अनुशासन, आवश्यकता तथा चाहना, वित्तीय लक्ष्य, बचत, लगानी, खर्च, विद्युतीय वित्तीय सेवा, नगदरहित कारोबार, धितोपत्र बजार, विद्युतीय ठगी, ओटिपीसम्बन्धी जानकारी पनि दिइएको छ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.
Durbar Marg, P.O. Box 3412, Kathmandu
Telephone : 01-5342530, 5328229
Fax: (977-1) 5326349, 5328927
Email : info@nimb.com.np
Website : www.nimb.com.np

ब्याजदर संसोधन सम्बन्धमा

यस बैंकद्वारा मिति २०८२ साल चैत्र १ गते बाट लागूहुने गरी सम्पूर्ण बचत निक्षेप खाताहरुमा २०८२ साल फागुन १ बाट लागू गरिएको ब्याजदरनै यथावत रहने गरी संसोधन गरिएको व्यहोरा जानकारी गराईन्छ।

अधिकृत वारेसनामा बदर गरिएको सूचना

ऋषीराम आचार्यकी छोरी कपिल ढकालकी श्रीमती का.जि. का.म.न.पा. वडा नं. ९ सिनामंगल बस्ने वर्ष ५१ की गायत्री ढकाल (ना.प्र.नं. १९४२ जारि मिति २०५४/०४/३०, जि. प्र. का. काठमाडौं) ले मेरो नामको भक्तपुर जिल्ला निलबाराही वडा नं. ९(क) कि. नं. २७३१ क्षे.फ. ०-१२-३-० जग्गा बिक्रि समेत गर्न पाउने गरि जयरामको नाति बाबुराम खड्काको छोरा भक्तपुर जिल्ला चित्तपोल वडा नं. ८ बस्ने वर्ष ३३ को सन्जोक खड्का (ना. प्र. नं. २९-०१-०६७-०२३३८ जारि मिति २०६७/०४/२१ जि. प्र. का. भक्तपुर) लाई मुलुकी देवानी कार्यबिधि संहिता, २०७४ को दफा १५३ र १५४ बमोजिम भक्तपुर जिल्ला अदालतबाट मिति २०७९/०७/०६ मा अधिकृत वारिसनामा पारित गरिदिएकोमा अब उप्रान्त उल्लेखित कार्य गर्न म आफैं सक्षम भएकोले उक्त अधिकृत वारिसनामाको लिखत ऐ. संहिताको दफा १५५ को उपदफा १ को (ग) बमोजिम बदर गर्ने सुचना प्रकाशित गरिएको छ।

अधिकृत वारेसनामा बदर गरिएको सूचना

दल बहादुर शाहको बुहारी सुरेन्द्र प्रताप शाहको पत्नी भक्तपुर जिल्ला नगरकोट गा.वि.स. वडा नं.३ हाल परिवर्तित ऐ.चाँगुनारायण न.पा.वडा नं.६ बस्ने वर्ष ७५ की मन्जु शाह (ना.प्र.नं.५३३, २०३०/०४/२६, जारी जिल्ला भक्तपुर)..१ र ऐ.को बुहारी तिलक विक्रम शाहको पत्नी ऐ.ऐ. बस्ने वर्ष ७९ की कान्छी माया शाह (ना.प्र.नं.३६१०, २०५८/०६/१, जारी जिल्ला भक्तपुर)..१ समेत जना २ ले आगे हाम्रो नाउँमा मालपोत कार्यालय भक्तपुरमा संयुक्त दर्ता श्रेस्ता कायम रहेको भक्तपुर जिल्ला नगरकोट गा.वि.स.वडा नं.३क कि.नं.९ क्षे.फ.९-१-१-० जग्गा हालैदेखिको बकसपत्र वा राजिनामा लिखतबाट विक्रि वितरण गर्न तिर्थ बहादुर श्रेष्ठको नाति चन्द्र बहादुर श्रेष्ठको छोरा मोरङ्ग जिल्ला सिजुवा गा.वि.स.वडा नं.२ को हाल परिवर्तित ऐ रतुवामाई न.पा.वडा नं.६ बस्ने वर्ष ४१ को चुडामणि श्रेष्ठ(ना.प्र.नं.७८५७७ जारि मिति २०६०/०८/०४ जारी जिल्ला मोरङ्ग) लाई मिति २०८२/११/१९ मा श्री भक्तपुर जिल्ला अदालतबाट अधिकृत वारेसनामा गरिदिएकोमा आजैका मितिबाट उक्त वारेसनामा बदर गरिएको हुँदा सो को प्रयोजनार्थ मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५५(१)(ग) बमोजिम यो सूचना प्रकाशित गरिएको छ।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको ७ (सात) दिने सूचना

प्रकाशित मिति: २०८२/१२/१२

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालयल बासगढि रुपन्देहीबाट तपसिलमा उल्लेखित तपाई ऋणीहरुले विभिन्न कर्जा शिर्षक अन्तर्गत कर्जा लिई उपभोग गरेको ऋण कर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋण कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्ने बारेमा तपाई ऋणीहरुको नाममा मिति वि.सं. २०८२/०७/२६ गते नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा ३५ (पैंतीस) दिने र मिती २०८२/१०/२९ News 24 राष्ट्रिय दैनिक पत्रिकामा र मिति २०८२/११/१९ मा नेपाल समाचारपत्र राष्टिय दैनिक पत्रिकामा १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणीहरु तथा व्यक्तिगत जमानीकर्ताहरु समेतलाई सूचित गर्दा समेत कर्जाको सावाँ ब्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो ७ (सात) दिने लिलाम बिक्री सम्वन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ८ (आठौं) औं दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालयल बासगढि रुपन्देही मा दिउँसो ४:०० बजे गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिनेछ। सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फारम बुझाउन समेत अनुरोध गरिन्छ। सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ताहरु तथा सम्वन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ।

तपसिल

१. कर्जा शिर्षक : सिटिजन्स अधिविकर्ष कर्जा
ऋणीको नाम : पवित्रा कोल्ड स्टोर्स
रजिष्टर्ड ठेगाना : रमपुरवा गा.वि.स. वडा नं. ७, नवलपरासी (पाल्हीनन्दन गा.पा.-०१)
रजिष्ट्रेशन नं. : १०६३/७५२७/०७१ (नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासी)
पान नं. : ६०२९४२४४३

फर्मको प्रोप्राईटरको नाम र ठेगाना

नाम : गंगा थारु
बाबु : भिम बहादुर थापा मगर
पति : शेर बहादुर थारु
ससुरा : दुल्ले थारु
ठेगाना : साडी गा.वि.स. वडा नं. १, रुपन्देही
हाल : गैंडहवा गा.पा. वडा नं. १, रुपन्देही
ना.प्र.नं. : ३७-०१-७१-०७६१५
जारी मिति : २०७१/०८/२१
जि.प्र.का. : रुपन्देही

जमानीकर्ताहरुको नाम र ठेगाना

१. नाम : शेर बहादुर थारु
बाबु : दुल्ले थारु
बाजे : गोली थारु
ठेगाना : साडी गा.वि.स. वडा नं. १, रुपन्देही
हाल : गैंडहवा गा.पा. वडा नं. १, रुपन्देही
ना.प्र.नं. : १२३५६
जारी मिति : २०५८/०४/२३
जि.प्र.का. : रुपन्देही

२. नाम : रीम कुमारी देवी थारु
बाबु : चिनक दगोंरिया
ससुरा : गोली थारु
पति : दुल्ले थारु
ठेगाना : साडी गा.वि.स. वडा नं. १, रुपन्देही
हाल : गैंडहवा गा.पा. वडा नं. १, रुपन्देही
ना.प्र.नं. : ५/५/६०९
जारी मिति : २०४६/०१/२२
जि.प्र.का. : रुपन्देही

३. नाम : जित बहादुर चौधरी थारु
बाबु : दुल्ले थारु
बाजे : गोली थारु
ठेगाना : साडी गा.वि.स. वडा नं. १, रुपन्देही
हाल : गैंडहवा गा.पा. वडा नं. १, रुपन्देही
ना.प्र.नं. : ३७१०३९/२८२००
जारी मिति : २०६७/०३/०२
जि.प्र.का. : रुपन्देही

४.नाम : प्रेम बहादुर चौधरी
बाबु : दुल्ले थारु
बाजे : गोली थारु
ठेगाना : साडी गा.वि.स. वडा नं. १, रुपन्देही
हाल : गैंडहवा गा.पा. वडा नं. १, रुपन्देही
ना.प्र.नं. : ३७१०३९/२८१९९
जारी मिति : २०६७/०३/०२
जि.प्र.का. : रुपन्देही

५. नाम : ओम प्रकाश थारु चौधरी
बाबु : राम दुलारे थारु
बाजे : बिपत थारु
ठेगाना : साडी गा.वि.स. वडा नं. १, रुपन्देही
हाल : गैंडहवा गा.पा. वडा नं. १, रुपन्देही
ना.प्र.नं. : २७९५
जारी मिति : २०५३/०१/१९
जि.प्र.का. : रुपन्देही

६. नाम : राम नरेश कुर्मी
बाबु : शिव मुरत कुर्मी
बाजे : सरजु कुर्मी
ठेगाना : साडी गा.वि.स. वडा नं. १, रुपन्देही
हाल : गैंडहवा गा.पा. वडा नं. १, रुपन्देही
ना.प्र.नं. : ७१०८४
जारी मिति : २०४०/१०/२२
जि.प्र.का. : रुपन्देही

२. कर्जा शिर्षक : सिटिजन्स फाष्ट ट्रयाक आवधिक कर्जा
ऋणीको नाम र ठेगाना

नाम : शेर बहादुर थारु
बाबु : दुल्ले थारु
बाजे : गोली थारु
ठेगाना : साडी गा.वि.स. वडा नं. १, रुपन्देही
हाल : गैंडहवा गा.पा. वडा नं. १, रुपन्देही
ना.प्र.नं. : १२३५६
जारी मिति : २०५८/०४/२३
जि.प्र.का. : रुपन्देही

जमानीकर्ताहरुको नाम र ठेगाना

१. नाम : गंगा थारु
बाबु : भिम बहादुर थापा मगर
पति : शेर बहादुर थारु
ससुरा : दुल्ले थारु
ठेगाना : साडी गा.वि.स. वडा नं. १, रुपन्देही
हाल : गैंडहवा गा.पा. वडा नं. १, रुपन्देही
ना.प्र.नं. : ३७-०१-७१-०७६१५
जारी मिति : २०७१/०८/२१
जि.प्र.का. : रुपन्देही

२. नाम : रीम कुमारी देवी थारु
बाबु : चिनक दगोंरिया
ससुरा : गोली थारु
पति : दुल्ले थारु
ठेगाना : साडी गा.वि.स. वडा नं. १, रुपन्देही
हाल : गैंडहवा गा.पा. वडा नं. १, रुपन्देही
ना.प्र.नं. : ५/५/६०९
जारी मिति : २०४६/०१/२२
जि.प्र.का. : रुपन्देही

३. नाम : जित बहादुर चौधरी थारु
बाबु : दुल्ले थारु
बाजे : गोली थारु
ठेगाना : साडी गा.वि.स. वडा नं. १, रुपन्देही
हाल : गैंडहवा गा.पा. वडा नं. १, रुपन्देही
ना.प्र.नं. : ३७१०३९/२८२००
जारी मिति : २०६७/०३/०२
जि.प्र.का. : रुपन्देही

४.नाम : प्रेम बहादुर चौधरी
बाबु : दुल्ले थारु
बाजे : गोली थारु
ठेगाना : साडी गा.वि.स. वडा नं. १, रुपन्देही
हाल : गैंडहवा गा.पा. वडा नं. १, रुपन्देही
ना.प्र.नं. : ३७१०३९/२८१९९
जारी मिति : २०६७/०३/०२
जि.प्र.का. : रुपन्देही

३. कर्जा शिर्षक : सिटिजन्स फाष्ट ट्रयाक आवधिक कर्जा
ऋणीको नाम र ठेगाना

नाम : प्रेम बहादुर चौधरी
बाबु : दुल्ले थारु
बाजे : गोली थारु
ठेगाना : साडी गा.वि.स. वडा नं. १, रुपन्देही
हाल : गैंडहवा गा.पा. वडा नं. १, रुपन्देही
ना.प्र.नं. : ३७१०३९/२८१९९
जारी मिति : २०६७/०३/०२
जि.प्र.का. : रुपन्देही

जमानीकर्ताहरुको नाम र ठेगाना

१. नाम : गंगा थारु
बाबु : भिम बहादुर थापा मगर
पति : शेर बहादुर थारु
ससुरा : दुल्ले थारु
ठेगाना : साडी गा.वि.स. वडा नं. १, रुपन्देही
हाल : गैंडहवा गा.पा. वडा नं. १, रुपन्देही
ना.प्र.नं. : ३७-०१-७१-०७६१५
जारी मिति : २०७१/०८/२१
जि.प्र.का. : रुपन्देही

२. नाम : रीम कुमारी देवी थारु
बाबु : चिनक दगोंरिया
ससुरा : गोली थारु
पति : दुल्ले थारु
ठेगाना : साडी गा.वि.स. वडा नं. १, रुपन्देही
हाल : गैंडहवा गा.पा. वडा नं. १, रुपन्देही
ना.प्र.नं. : ५/५/६०९
जारी मिति : २०४६/०१/२२
जि.प्र.का. : रुपन्देही

३. नाम : शेर बहादुर थारु
बाबु : दुल्ले थारु
बाजे : गोली थारु
ठेगाना : साडी गा.वि.स. वडा नं. १, रुपन्देही
हाल : गैंडहवा गा.पा. वडा नं. १, रुपन्देही
ना.प्र.नं. : १२३५६
जारी मिति : २०५८/०४/२३
जि.प्र.का. : रुपन्देही

४. नाम : जित बहादुर चौधरी थारु
बाबु : दुल्ले थारु
बाजे : गोली थारु
ठेगाना : साडी गा.वि.स. वडा नं. १, रुपन्देही
हाल : गैंडहवा गा.पा. वडा नं. १, रुपन्देही
ना.प्र.नं. : ३७१०३९/२८२००
जारी मिति : २०६७/०३/०२
जि.प्र.का. : रुपन्देही

५. नाम : पुष्पा देवी थारु
बाबु : राम कुमार चौधरी
पति : प्रेम बहादुर चौधरी
ससुरा : दुल्ले थारु
ठेगाना : साडी गा.वि.स वडा नं. १, रुपन्देही
हाल : गैंडहवा गा.पा. वडा नं. १, रुपन्देही
ना.प्र.नं. : ३७-०१-७१-०७६१२
जारी मिति : २०७१/०८/२१
जि.प्र.का. : रुपन्देही

६. नाम : ममता कुमारी थारु
बाबु : भगवानदत्त थारु
पति : जित बहादुर चौधरी
ससुरा : दुल्ले थारु
ठेगाना : साडी गा.वि.स वडा नं. १, रुपन्देही
हाल : गैंडहवा गा.पा. वडा नं. १, रुपन्देही
ना.प्र.नं. : ३७-०१-७१-०७६१३
जारी मिति : २०७१/०८/२१
जि.प्र.का. : रुपन्देही

४. कर्जा शिर्षक : सिटिजन्स वन डिष्ट्रीक वन प्रडक्ट आवधिक कर्जा
ऋणीको नाम र ठेगाना

नाम : पुष्पा देवी थारु
बाबु : राम कुमार चौधरी
पति : प्रेम बहादुर चौधरी
ससुरा : दुल्ले थारु
ठेगाना : साडी गा.वि.स वडा नं. १, रुपन्देही
हाल : गैंडहवा गा.पा. वडा नं. १, रुपन्देही
ना.प्र.नं. : ३७-०१-७१-०७६१२
जारी मिति : २०७१/०८/२१
जि.प्र.का. : रुपन्देही

जमानीकर्ताहरुको नाम र ठेगाना

१. नाम : गंगा थारु
बाबु : भिम बहादुर थापा मगर
पति : शेर बहादुर थारु
ससुरा : दुल्ले थारु
ठेगाना : साडी गा.वि.स. वडा नं. १, रुपन्देही
हाल : गैंडहवा गा.पा. वडा नं. १, रुपन्देही
ना.प्र.नं. : ३७-०१-७१-०७६१५
जारी मिति : २०७१/०८/२१
जि.प्र.का. : रुपन्देही

२. नाम : रीम कुमारी देवी थारु
बाबु : चिनक दगोंरिया
ससुरा : गोली थारु
पति : दुल्ले थारु
ठेगाना : साडी गा.वि.स. वडा नं. १, रुपन्देही
हाल : गैंडहवा गा.पा. वडा नं. १, रुपन्देही
ना.प्र.नं. : ५/५/६०९
जारी मिति : २०४६/०१/२२
जि.प्र.का. : रुपन्देही

३. नाम : शेर बहादुर थारु
बाबु : दुल्ले थारु
बाजे : गोली थारु
ठेगाना : साडी गा.वि.स. वडा नं. १, रुपन्देही
हाल : गैंडहवा गा.पा. वडा नं. १, रुपन्देही
ना.प्र.नं. : १२३५६
जारी मिति : २०५८/०४/२३
जि.प्र.का. : रुपन्देही

४. नाम : जित बहादुर चौधरी थारु
बाबु : दुल्ले थारु
बाजे : गोली थारु
ठेगाना : साडी गा.वि.स. वडा नं. १, रुपन्देही
हाल : गैंडहवा गा.पा. वडा नं. १, रुपन्देही
ना.प्र.नं. : ३७१०३९/२८२००
जारी मिति : २०६७/०३/०२
जि.प्र.का. : रुपन्देही

५. नाम : प्रेम बहादुर चौधरी
बाबु : दुल्ले थारु
बाजे : गोली थारु
ठेगाना : साडी गा.वि.स. वडा नं. १, रुपन्देही
हाल : गैंडहवा गा.पा. वडा नं. १, रुपन्देही
ना.प्र.नं. : ३७१०३९/२८१९९
जारी मिति : २०६७/०३/०२
जि.प्र.का. : रुपन्देही

६. नाम : ममता कुमारी थारु
बाबु : भगवानदत्त थारु
पति : जित बहादुर चौधरी
ससुरा : दुल्ले थारु
ठेगाना : साडी गा.वि.स वडा नं. १, रुपन्देही
हाल : गैंडहवा गा.पा. वडा नं. १, रुपन्देही
ना.प्र.नं. : ३७-०१-७१-०७६१३
जारी मिति : २०७१/०८/२१
जि.प्र.का. : रुपन्देही

१. माथि उल्लेखित ऋणीहरु पवित्रा कोल्ड स्टोर्स, शेर बहादुर थारु र प्रेम बहादुर चौधरीले लिएको ऋणकर्जाको लागि धितो राखिएको सम्पत्तिको विवरण

जिल्ला	न.पा./गा.वि.स.	वडा नं./ सिट नं.	कि.नं.	क्षेत्रफल (बि.क.धु)	घर-जग्गा धनी	कैफियत
रुपन्देही	साडी	१/क	२४६	०-१-१२	रीम कुमारी देवी थारु	सो जग्गामा निर्माण भएको सम्पूर्ण भवनहरु तथा सो को लिगलगापात समेत।
रुपन्देही	साडी	१/ख	१७४	०-२-१२		
रुपन्देही	साडी	१/ख	२००	०-५-१२		
रुपन्देही	साडी	१/ख	२०६	०-५-१२		
रुपन्देही	साडी	१/ख	२६२	०-१-०		
रुपन्देही	साडी	१/ख	२६४	०-२-१७		
रुपन्देही	साडी	१/ख	३२२	०-३-२		
रुपन्देही	साडी	१/ख	४४८	१-९-२		
रुपन्देही	साडी	१/ख	५०८	०-१-३		
रुपन्देही	साडी	१/ख	५११	०-७-०		
रुपन्देही	साडी	१/ख	३२१	०-२-१३		
रुपन्देही	साडी	१/ख	३३५	०-५-८		
रुपन्देही	साडी	१/ख	५०६	०-२-७		
नवलपरासी	हरपुर	२/ख	२३४	०-२-६.७५	शेर बहादुर थारु	
नवलपरासी	हरपुर	२/ख	२३५	०-३-०		

२. माथि उल्लेखित ऋणीहरु पुष्पा देवी थारु, पवित्रा कोल्ड स्टोर्स, शेर बहादुर थारु र प्रेम बहादुर चौधरीले लिएको ऋणकर्जाको लागि धितो राखिएको सम्पत्तिको विवरण

जिल्ला	न.पा./गा.वि.स.	वडा नं./ सिट नं.	कि.नं.	क्षेत्रफल (बि.क.धु)	घर-जग्गा धनी	कैफियत
रुपन्देही	साडी	१/ख	४२०	०-१-१२	रीम कुमारी देवी थारु	सो जग्गामा निर्माण भएको सम्पूर्ण भवनहरु तथा सो को लिगलगापात समेत।
रुपन्देही	साडी	१/ख	४७४	०-४-८		
रुपन्देही	साडी	१/ख	२४१	०-०-७		
रुपन्देही	साडी	१/ख	३९७	०-०-१८		
रुपन्देही	साडी	१/ख	५६८	०-४-१५		
रुपन्देही	साडी	१/ख	३३२	०-११-०		
रुपन्देही	साडी	१/ख	४५१	०-४-२		
रुपन्देही	साडी	१/ख	६१२	०-१-१६		

माथि उल्लिखित अचल सम्पत्तिका अतिरिक्त यस बैंकलाई पठाएको मौज्दातको विवरण अनुसारको स्टक मौज्दात लगायत फर्मले उठाउन बाँकी सम्पूर्ण रकम कलम (Entire Receivables) सहित।

धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्याद भित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मुल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कनभन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मुल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन।

लिलाम बिक्रीको बारेमा जानकारी एवं शर्तहरु :

१. गोप्य शिलबन्दी बोलपत्र दाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नुपर्ने छ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई चल/अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैंकले भुक्तान माग गरेको मितिले ७ दिन भित्रमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ।
४. लिलाम बिक्री भएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ।
५. तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदा बाहेक) पुनः लिलामी खोल्ने कार्य हुनेछ।
७. बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ५७ को उपदफा ७ अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी बैंकहरुलाई चित्त बुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ।
८. उक्त लिलाममा राखेको चल/अचल सम्पत्ति नामसारी/दा.खा. रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ।
९. लिलाम बिक्री हुने चल/अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनुहुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लि. को शाखा कार्यालय बाँसगढि, रुपन्देहीमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ।

लिलाम खोलिने मिति :- २०८२/१२/१९, बिहीबार
समय :- दिउँसो ४:०० बजे
स्थान :- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय, बाँसगढि, रुपन्देही।

Citizens Bank
मुख्य कार्यालय:
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८
THE BANKER BANK OF THE YEAR 2024 NEPAL
THE BANKER BANK OF THE YEAR 2025 NEPAL

का.जि.द.नं.१२८/७६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/७७०
बिहीबार १२ चैत ०८२
www.nayapatrikadaily.com
नयाँ पत्रिका

राखेपले गऱ्यो एन्फालाई तीन महिनाका लागि निलम्बन

निर्वाचन रोक्न नमिल्ने र तेस्रो पक्षबाट हस्तक्षेप भए नेपाल अन्तर्राष्ट्रिय प्रतिबन्धमा पर्ने एन्फाको चेतावनीपछि राखेपले बुधबार खेलकुद विकास नियमावली, २०७७ को दफा २९ (२) लाई आधार मानेर एन्फालाई निलम्बन गर्ने निर्णय गरेको हो

रमेश सुवेदी/नयाँ पत्रिका

राष्ट्रिय खेलकुद परिषद् (राखेप)ले अखिल नेपाल फुटबल संघ (एन्फा)लाई निलम्बन गरेको छ। पटक-पटक दिएको निर्देशन पालना नगरेपछि राखेप कार्यकारी समितिको ११ चैतको बैठकले खेलकुद विकास नियमावली, २०७७ को दफा २९ (२) लाई आधार मानेर एन्फालाई निलम्बन गर्ने निर्णय गरेको हो।

यस दफामा कुनै संघले परिषद्ले दिएको निर्देशन पालना नगरे त्यस्तो संघलाई तीन महिनासम्मका लागि निलम्बन गर्न सक्ने उल्लेख छ। यससँगै पंकजविक्रम नेम्वाङ नेतृत्वको एन्फा तीन महिना निलम्बनमा परेको हो। यसअघि सोधिएको २४ घण्टे स्पष्टीकरण चित्त नबुझेपछि राखेपले एन्फालाई निलम्बन गरेको खेलकुद विकास विभाग प्रमुख सरोजकुमार पोखरेलले बताएका छन्।

नेम्वाङ नेतृत्वको एन्फाले १३ चैतमा झापामा राज्यको स्वीकृतिविना निर्वाचन गर्दै छ। निलम्बनमा परे पनि निर्वाचन रोक्न नमिल्ने एन्फाले जनाएको छ। 'अन्तर्राष्ट्रिय निकाय फिफा र एएफसीबाट स्वीकृति दिएकाले निर्वाचन रोक्न सकिने अवस्था छैन,' एन्फाका महासचिव किरण राईले भनेका छन्, 'यदि रोकिने प्रयास भए नेपाल प्रतिबन्धमा पर्न सक्छ।' राखेपले जिल्ला र प्रदेशपछि मात्र केन्द्रको निर्वाचन गर्न निर्देशन दिएको थियो। राखेपको निर्देशन बारम्बार लत्याएपछि एन्फा तीन महिनाका लागि निलम्बनमा परेको हो।

'देशको विद्यमान ऐन, कानुन र संघको स्वीकृत विधानबमोजिम गर्नुपर्ने विषय कार्यान्वयन गर्नका लागि नियामक निकायबाट पटक-पटक दिइएको लिखित निर्देशन कार्यान्वयन गरी राष्ट्रिय कानुनको पालना गर्नेभन्दा आफूआबद्ध अन्तर्राष्ट्रिय संस्थाबाट भएको निर्देशन पालना गर्नुपर्ने विषयलाई बाध्यात्मक र अनिवार्यता देखाएर राष्ट्रिय कानुनको प्रधानताको सिद्धान्तलाई अवमूल्यन गर्ने मनसाय देखियो,' विभागका प्रमुख पोखरेलले जारी विज्ञप्तिमा भनिएको छ।

उनले एन्फाले दिएको लिखित स्पष्टीकरण चित्तबुझ्दो नभएको बताए। एन्फाको पत्रमा निर्वाचन रोक्न नमिल्ने र तेस्रो पक्षले हस्तक्षेप गरे नेपाल निलम्बनमा पर्ने उल्लेख छ। एन्फाका महासचिव राईले राखेपलाई पत्रमार्फत आफूहरू जसरी पनि निर्वाचन गराउने पक्षमा रहेको जानकारी दिएका छन्। यसकारण पनि एन्फालाई निलम्बन गर्नुपरेको विभागका प्रमुख पोखरेलले बताएका छन्।

'२४ घण्टाभित्र दिएको लिखित जवाफ उचित कारणसहितको चित्तबुझ्दो नरहेको साथै राष्ट्रिय खेलकुद विकास नियमावली, २०७९ (दोस्रो संशोधन) को नियम १० को उपनियम (१) को खण्ड (छ १) अनुसारको कार्यसमेत भए-गरेको नदेखिएको हुँदा राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को दफा २९ को उपदफा (२) बमोजिम तीन महिनासम्मका लागि निलम्बन गर्ने कार्यकारी समितिको मिति २०८२/१२/११ को निर्णयानुसार उल्लिखित समयावधिसम्मका लागि निलम्बन गरिएको व्यहोरा जानकारी गराइएको छ,' खेलकुद विकास विभागले जारी गरेको विज्ञप्तिमा उल्लेख छ। यसको बोधार्थ युवा तथा खेलकुद मन्त्रालय, सातवटै प्रादेशिक मन्त्रालय (युवा तथा खेलकुद मन्त्रालय), सदस्यसचिव, सातवटै प्रादेशिक खेलकुद परिषद्/बोर्डलगायतलाई पठाइएको छ।

निलम्बन गर्नुका आधार

- राखेपबाट विभिन्न मितिमा भएका निर्णय कार्यान्वयन नगरेको
- विद्यमान खेलकुद विकास ऐन र नियमावलीमा भएको व्यवस्थाबमोजिम निर्वाचनसम्बन्धी कार्य गर्न स्वीकृति नभएको
- गैरकानुनी रूपमा निर्वाचनसम्बन्धी प्रक्रिया अगाडि बढाएको
- अन्तर्राष्ट्रिय संस्थाबाट भएको निर्देशन पालना गर्नुपर्ने विषयलाई बाध्यात्मक र अनिवार्यता देखाएर राष्ट्रिय कानुनको प्रधानताको सिद्धान्तलाई अवमूल्यन गर्ने मनसाय देखिएको

एन्फाको लिखित जवाफ चित्तबुझ्दो भएन

● **सरोजकुमार पोखरेल**, प्रमुख, खेविवि

एन्फाबाट इमेलमार्फत प्राप्त लिखित जवाफ उचित कारणसहितको चित्तबुझ्दो नरहेको साथै राष्ट्रिय खेलकुद विकास नियमावली, २०७९ (दोस्रो संशोधन) को नियम १० को उपनियम (१) को खण्ड (छ १) अनुसारको कार्यसमेत भए-गरेको नदेखिएको हुँदा राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को दफा २९ को उपदफा (२) बमोजिम तीन महिनासम्मका लागि निलम्बन गर्ने कार्यकारी समितिको निर्णयअनुसार तीन महिना एन्फलाई निलम्बन गरिएको जानकारी गराइएको छ।

एन्फाले नियम पालना गर्दै आएको छ

● **किरण राई**, महासचिव, एन्फा

एन्फाले परिषद्को निर्देशन उल्लंघन गरेको भनी गरेको पत्राचार निराधार छ। परिषद्बाट समय-समयमा दिइएका निर्देशनको पालना र पत्राचारको उत्तर दिँदै आइरहेको छ। संघको निर्वाचन सम्बन्धमा फिफा र एएफसीको निर्देशनका सन्दर्भमा पनि राखेपलाई जानकारी दिएका छौं। राष्ट्रिय खेलकुद परिषद् विकास ऐन, २०७७ को २२ को उपदफा (३) मा व्यवस्था भएको उपदफा (१) बमोजिम भएको खेल संघ वा संस्था स्वायत्त हुनेछन् भन्ने उल्लेख छ। फिफा र एएफसीको विधानअनुसार कुनै पनि तेस्रो पक्षको हस्तक्षेप भए नेपालको फुटबल अन्तर्राष्ट्रिय रूपमा प्रतिबन्धमा पर्ने चेतावनी दिइसकेको छ।

निलम्बनपछि पनि निर्वाचन गर्ने एन्फाको तयारी

राखेपले निलम्बन गरे पनि एन्फा जसरी पनि साधारणसभा नरोक्ने पक्षमा छ। साधारणसभाका लागि भनेर एन्फा कार्यालयले मंगलबार बिहानै कार्यालय बन्द भएको जनाएको थियो। जसका कारण राखेपले सोधेको स्पष्टीकरण पत्र दिन पुगेका कर्मचारी त्यत्तिकै फर्किएका थिए। एन्फाका अधिकांश पदाधिकारी झापामा रहँदा अहिले एन्फा मुख्यालयमा सुरक्षा गार्ड मात्र छन्। एन्फा महासचिव राईले निर्वाचन रोके फिफा र एएफसीले एन्फालाई निलम्बन गर्ने दाबी गरेका छन्। 'हामीले राखेपको पत्रको जवाफ दिएका छौं। यस्तो अवस्थमा कारबाही हुन्छ भने फिफा र एएफसीले प्रतिबन्ध लगाउनेछन्,' राईले भनेका छन्।

फुटबल संघमा तेस्रो पक्ष (सरकारी निकाय)को हस्तक्षेप भए त्यस्ता संघलाई फिफा र एएफसीले निलम्बन गर्दै आइरहेका छन्। भारत, पाकिस्तान र अफगानिस्तानलगायत यसका उदाहरण हुन्। राईले छिमेकी राष्ट्रहरूको उदाहरण दिँदै राखेपलाई बारम्बार हस्तक्षेप नगर्न अनुरोध गर्दै आएका थिए। 'तेस्रो पक्षको हस्तक्षेप भए नेपालको फुटबल अन्तर्राष्ट्रिय रूपमा प्रतिबन्धमा पर्ने चेतावनी आएको छ,' राईले भनेका छन्। उनले राखेपलाई पठाइएको पत्रमा अप्रिय निर्णय नगर्न पनि अनुरोध गरेका थिए। प्रतिबन्धमा रहँदा नेपालले अन्तर्राष्ट्रिय खेलदेखि फिफा फन्डसम्म गुमाउनेछ। अर्कोतिर राखेपले एन्फालाई नौ बुँदा पालना गर्न पुनः निर्देशन दिएको छ। एन्फाले अर्ली इलेक्सन गर्ने निर्णय गरेपछि नै राखेपले गत २२ पुसमा एन्फालाई ११ बुँदे निर्देशन पठाएको थियो। त्यसमध्ये नौ बुँदा पालना गर्न राखेपले निर्देशन दिएको हो।

राखेपविरुद्ध अपहेलना मुद्दा

एन्फाका केन्द्रीय सदस्य पुरुषोत्तम थापाले राखेपविरुद्ध दायर गरेको अपहेलना मुद्दामा उच्च अदालत पाटनले बिहीबारका लागि पेसी तोकेको छ। एन्फाको निर्वाचन रोक्न खोजिएको भन्दै थापाले बुधबार मुद्दा दायर गरेका हुन्। उनले अदालतले 'अर्ली इलेक्सन' नरोक्न दिएको आदेशविपरीत राखेपले अवैधानिक रूपमा हस्तक्षेप गरेको आरोप लगाएका छन्। एन्फाले वर्तमान कार्यकाल ५ असारसम्म बाँकी रहँदा आगामी चार वर्षका लागि शुक्रबार झापामा निर्वाचन गर्ने तयारी गरिरहेको छ। निर्देशनविपरीत एन्फाले निर्वाचन प्रक्रिया अगाडि बढाएपछि राखेपले २४ घण्टे स्पष्टीकरण सोधेको थियो। सोही विषयलाई लिएर थापाले अदालतमा अपहेलना मुद्दा दायर गरेका हुन्। अदालतको आदेश, फिफा र आफ्नो विधानअनुसार एन्फाले निर्वाचन रोक्न नसक्ने अडान राखेको छ।

साफ यू-२० च्याम्पियनसिपमा नेपालको दोस्रो जित



काठमाडौं/ लगातार दोस्रो जित निकालेको नेपाल साफ यू-२० च्याम्पियनसिपको सेमिफाइनलतर्फ अग्रसर भएको छ। दक्षिण एसियाली फुटबल महासंघ (साफ)द्वारा आयोजित प्रतियोगितामा नेपालले श्रीलंकालाई १-० ले हराउँदै दोस्रो जित हात पारेको हो। नेपालको जितमा विंगर सुवास बमले निर्णायक गोल गरेका थिए। जितसँगै नेपालले ६ अंक जोडेको छ। यसअघि नेपालले उद्घाटन खेलमा भुटानलाई २-१ ले हराएको थियो। श्रीलंकाले आफ्नो पहिलो खेलमा माल्दिभ्सलाई ३-२ ले हराएको थियो। मालेस्थित राष्ट्रिय फुटबल रंगशालामा नेपालको जितमा सुवासले निर्णायक गोल गरे। राष्ट्रिय टोलीका सदस्यसमेत रहेको सुवासले पहिलो हाफमा गोल गरेका हुन्। सुवासले कप्तान धर्वेन्द्र कुँवरको पासलाई नियन्त्रणमा लिँदै सुन्दर गोल गरेका थिए।

आयोजकको खराब प्रदर्शन

कास्की/ चौथो माछापुच्छ्रे गाउँपालिका अध्यक्ष कप खेलकुद प्रतियोगिताअन्तर्गत भलिबलतर्फ आयोजकका तीन टोली पहिलो खेलमै पराजित भएका छन्। बुधबार पुरुषतर्फको उद्घाटन खेलमा शुक्लागण्डकी नगरपालिका तनहुँले आयोजकको नीलो टोलीलाई ३-० को सोझो सेटमा हरायो। शुक्लागण्डकी २५-१४, २५-२२ र २५-१६ ले विजयी भयो। पुरुषतर्फको दोस्रो खेलमा पोखरा महानगरपालिकाले वाकओभर दिएपछि कास्कीको अन्नपूर्ण गाउँपालिका विजयी भयो। महिलातर्फको पहिलो खेलमा एलिट भलिबल एकेडेमी पोखराले आयोजकको नीलो टोलीलाई २५-१०, २५-५ र २५-८ ले हरायो। अर्को खेलमा शान्ता भलिबल ट्रेनिङ सेन्टर भकुन्डे पोखराले आयोजकको रातो टोलीलाई २५-१०, २५-३ र २५-१४ ले निराश बनायो।

केभिसीको फराकिलो जित

काठमाडौं/ केभिसी हाउन्ड्सले हिमालयन जाभा बास्केटबल लिग- २०२६ मा फराकिलो जित हात पारेको छ। दशरथ रंगशाला कभर्डहलमा बुधबार केभिसीले प्लेबक्स ऐनालाई १०५-७२ ले पराजित हराएको हो। केभिसीको यो लगातार पाँचौं जित हो। केभिसले आठ खेलबाट १३ अंक जोडेको छ। केभिसीले चारै क्वार्टरमा अग्रता लिएको थियो। उसले २२-१०, २८-१५, ३४-२९ र २१-१८ को प्रदर्शन गरेको थियो। केभिसीका कप्तान विजय बुर्जाले सर्वाधिक २८ स्कोर गरे। बुर्जा प्लेयर अफ दी म्याच घोषित भए। अर्को खेलमा गोल्डेनगेटले रोयललाई १०८-४६ को फराकिलो अन्तरले पराजित गरेको छ। लिगमा गोल्डेनगेटको यो सातौं जित हो।

शिवपुरी ट्रेल रेस शनिबार

काठमाडौं/ आन्तरिक पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले बुढानीलकण्ठ नगरपालिका- ३ को आयोजनामा बुढानीलकण्ठ-शिवपुरी खुला ट्रेल रेस शनिबार हुने भएको छ। दौडमा पुरुष र महिला गरी १५० खेलाडीको सहभागिता रहने संयोजक विकास तामाङले जनाएका छन्। ट्रेल रेस १५ किलोमिटर दूरीको हुनेछ। दुवै समूहका विजेताले ४० हजार, उपविजेताले २५ हजार र तेस्रो हुने टोलीले १५ हजार रुपैयाँ पाउनेछन्। बुढानीलकण्ठ मन्दिरबाट सुरु हुने दौड राष्ट्रिय निकुञ्जको गेट, घुम कत्ने, छाप भञ्ज्याङ, महादेवथान, शिवपुरी, बाघद्वार, देउराली, मुलाबारी, नागी गुम्बा, पुनः राष्ट्रिय निकुञ्जको गेट हुँदै बुढानीलकण्ठ मन्दिरमै आएर टुंगिनेछ।

बेल्जियमको इयू टी-२० लिगमा आठ नेपाली क्रिकेटर



नयाँ पत्रिका

नेपालका आठ खेलाडी बेल्जियमको इयू टी-२० क्रिकेट लिगमा आबद्ध भएका छन्। नेपालको लिगबाहेक धेरै नेपाली क्रिकेटर खेल्न लागेको यो पहिलो विदेशी लिग हो। बेल्जियमको राजधानी बसेल्समा भएको ड्राफ्टबाट ६ जना खेलाडीलाई आबद्ध गरिको छ। यसअघि दुई खेलाडी पहिले नै छनोट भइसकेका थिए।

यसअघि सन् २०२४ को ग्लोबल टी-२० लिगमा नेपालका दुई खेलाडी एकै टोलीमा रहेका थिए। सो लिगमा सन्दीप लामिछाने र दीपेन्द्रसिंह ऐरी एकै टोलीमा रहेका थिए। बेल्जियम लिगमा सुरुमै आबद्ध हुने सन्दीप लामिछाने हुन्। उनलाई लियज रेड लायन्सले अनुबन्ध गरेको थियो। यस टोलीमा दक्षिण अफ्रिकाका फाफ डु प्लेसिस पनि छन्। सन्दीपपछि टी-२० आईका अलराउन्डर दीपेन्द्रसिंह ऐरीलाई जेबी ब्रुजले आबद्ध गरेको थियो। ड्राफ्टमा कप्तान रोहितकुमार पौडेललाई ग्लेन्ट ग्लाडियटर्सले भित्र्याएको थियो।

नेपालका विकेटकिपर ब्याट्समयान आसिफ शेखलाई आन्थ्रोप एंकर्सले किन्यो। जेबीले थप सर्वाधिक चार नेपाली खेलाडी ड्राफ्टबाट अनुबन्ध गरेको छ। जेबीमा अनिलकुमार साह, गुल्सन झा, ललितनारायण राजवंशी र ईशान पाण्डे छन्। यसअघि ड्राफ्टमा २२ जना खेलाडीले नाम दर्ता गराएका थिए।

जेबी ब्रुज नेपाल प्रिमियर लिग (एनपिएल) टोली जनकपुर बोल्ट्स (जेबी)को लगानीकर्ता कम्पनी ड्रिम स्पोर्ट्स् को स्वामित्वमा छ। नेपाली खेलाडीलाई प्राथमिकता दिने उद्देश्यले बेल्जियमको लिगमा लगानी गरेको ड्रिम स्पोर्ट्सले पहिलो सिजनमा १० लाख डलरसम्म खर्च हुने अनुमान गरेको छ। शिवनारायण चन्द्रपाउल मुख्य प्रशिक्षक रहेको टोली ब्रुजेजले ड्राफ्टबाट ललित, ईशान, अनिल र गुल्सनलाई अनुबन्ध गरेको हो। सन्दीप अनुबन्ध भएको लायन्समा दक्षिण अफ्रिकाका पूर्वक्रिकेटर हर्सेल गिब्स मुख्य प्रशिक्षक हुन्। यस टोलीले ड्राफ्टअघि क्रिस लिन, कोरी एन्डरसन र सोएब मलिकलाई अनुबन्ध गरेको थियो। इयू टी-२० लिग बेल्जियमको पहिलो फ्रेन्चाइज लिग हो। बेल्जियम क्रिकेट फेडरेसनले डेस्टिनो लिजेन्ड्स स्पोर्ट्स् एलएलसीसँग साझेदारी गर्दै आयोजना गर्न लागेको लिग आगामी ६-१४ जुनसम्म हुनेछ।

करण जापानिज प्रिमियर लिगमा आबद्ध



नेपाली राष्ट्रिय टोलीका करण केसीले जापानिज प्रिमियर लिग टी-२० प्रतियोगितामा कान्साई चार्जर्सबाट खेल्ने भएका छन्। जापानको जेपिएल प्रतियोगिता मेमा गोल्डेन विकमा तीन दिनसम्म सञ्चालन हुनेछ। प्रतियोगितामा प्रत्येक टोलीले एक-एक खेल खेल्नेछन्। शीर्ष दुई टोलीबिच फाइनल हुनेछ। जापानको उच्चस्तरको घरेलु टी-२० प्रतियोगिता जेपिएलमा पूर्व, पश्चिम, दक्षिण र उत्तर कान्टो तथा कान्साई क्षेत्रका प्रतिनिधि टोली सहभागी हुन्छन्। प्रतियोगिता मेमा पर्ने 'गोल्डेन विक'का अवसरमा अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा तीन दिनसम्म चल्नेछ। प्रतियोगितामा प्रत्येक टोलीले एक-अर्कासँग एक-एक खेल खेल्नेछन्। शीर्ष दुई टोलीबिच फाइनल हुनेछ।

ब्रह्मपुरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ब्रह्मपुरी, सर्लाही

बोलपत्र स्वीकृति गर्ने आशयको सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२/१२/१२

यस कार्यालयबाट मिति २०८२/१०/२५ र मिति २०८२/११/०५ गते प्रकाशित सूचना अनुसार पर्न आएको बोल पत्रहरुको मुल्यांकनबाट सारभुत रुपमा प्रभावग्राही देखिन आएको बोलपत्रहरु मध्ये न्यूनतम् अंक कबोल गरेको तपसिलमा उल्लेखित बोलपत्र सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि सूचना प्रकाशित गरिएको छ।

तपसिल

बोलपत्र नं.	बिवरण	फर्मको नाम र ठेगाना	कबोल अंक (भ्याट समेत)
NCB/BRM/1/2082-83	Construction of Subidha sahit ko Ekikrit Dalit Basti Nirman, Brahmapuri-6, Sarlahi	Mukteshwar Mahadev Nirman Sewa Pvt. Ltd., Bagmati, Sarlahi.	136,71,589.27
NCB/BRM/2/2082-83	Construction of Ga. Pa. Bhitra Subidha Sahit ko Bipanna Basti Nirman.	Raut Construction and Massonary Service Pvt. Ltd., Lokanthali, Bhaktapur.	46,72,654.38

प्रमुख प्रशासकीय अधिकृत

Government of Nepal
Department of Roads
Federal Road Supervision & Monitoring Office, Kathmandu
Road Division Bharatpur
Chitwan

Invitation for Bids (IFB) No. RDBHT-082/83-07

Date of first publication : B.S. 2082/12/12 (A.D. 2026/03/26)

1. Road Division Bharatpur invites electronic bids (Re-bid) from eligible domestic bidders for the construction works enlisted below:

S. N.	Contract No.	Name and Location of the Construction Work	Estimated Amount Inclusive of VAT & PS (NRs)	Bid Security Amount (NRs)	Validity of Bid Security (Days)	Bid Document Fee (NRs)
1	RDBHT/337310113 /082/83-29 (Re)	Overlaying Works on Dumkibas Sardi Road Section	5,843,851.50	138,000	120	3,000
2	RDBHT/33701138/ 082/83-31 (Re)	Upgrading of Road along Dumkibas Bahuban section of Dumkibas-Bahuban - Tribeni Highway NH-72	4,185,300.09	99,000	120	3,000

2. Bidders shall have the option of submitting their bids electronically only from PPMO's Web Site www.bolpatra.gov.np./egp.

Last Date & Time for Bid Purchase and Bid Submission	Date and Time for Bid Opening
Date: B.S. 2082/12/27 (A.D. 2026/04/10)	Date: B.S. 2082/12/27 (A.D. 2026/04/10)
Time: Within 12:00 hours	Time: At 12:15 hours

3. Eligible Bidders may refer Road Division Bharatpur or PPMO's website: www.bolpatra.gov.np/egp for further information.

Division Chief

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com